गरगहना र पहिरन एकै ठाउँमा

किरात जातिले प्रयोग गर्ने वाम्बुले टोपी, मफलर, झोला, गुन्यु, चोली लगायत परम्परागत पहिरन तथा गरगहनाहरु र जन्मदेखि मृत्यु पर्यन्तसम्म प्रयोग हुने सांस्कृतिक सामग्रीहरु लागि हामीलाई सम्झनुहोस् ।

लिब्जु कलेक्सन

महालक्ष्मी नगरपालिका- ४, इमाडोल (कृष्ण मन्दिर)

ललितपुर फोन नं. : ९८६०५७८१८०, ९८४९१३४४८०

बडा दशै, तिहार, छठको अवसर सबै नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

मानेभन्ज्याङ गाउँपालिका

सफा र स्वच्छ खानपान, मानेभन्ज्याङ गाउँपालिकाको अभियान

संघीय नेपाल प्रदेश नं. १ ओखलढुंगा जिल्लाको एक नगरपालिका र सात गाउँपालिकामध्ये मानेभन्ज्याङ एक हो । यो गाउँपालिका १४६ दशमलब ६१ स्क्वायर किलोमिटर क्षेत्रफलमा फैलिएको छ । यो गाउँपालिकाको कुल जनसंख्या २१०७४ रहेको छ । जसमध्ये महिलाको जनसंख्या ११४७६ रहेको छ । कुल घरसंख्या ४६१८ रहेका छन् । गरिबी, अशिक्षा, उत्पीडन, भौगोलिक कठिनाइ यावत समस्याका वावजुद गाउँपालिकालाई सुन्दर, समृद्ध तुल्याउन अल्पकालीन, मध्यकालीन तथा दीर्घकालीन कार्ययोजना निर्माण गरी विकासका सम्भावनाहरु केलाउने प्रयास जारी राखेका छौं ।

हाम्रा प्राथमिकतामा शिक्षा, स्वास्थ्य, खानेपानी, कृषि, विद्युत, सडक, पर्यटन, संचार, रोजगारी, महिला सशक्तिकरण, दलित हकअधिकार अभिमुखिकरण, लैगिक हिंसा न्युनिकरण, बालअधिकार प्रवर्द्धन तथा बालविवाह न्युनिकरण रहेका छन् । कार्यक्रम कार्यान्वयन, अनुगमन, मूल्यांकन, मासिक, चौमासिक र वार्षिक प्रगति प्रतिवेदन, लेखा परीक्षण, सार्वजनिक सुनुवाई, सार्वजनिक परीक्षण, सामाजिक परीक्षण लगायत सुशासनको पक्षमा हाम्रो प्रतिवद्धता रहेको जानकारी गराउँदछौं ।

मोतीराज राई
अध्यक्ष

सबिता राई
उपाध्यक्ष

ठेगाना : **मानेभन्ज्याङ गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय**
मानेभन्ज्याङ-५ ओखलढुंगा, १ नम्बर प्रदेश, नेपाल
फोन : ०३७-४१००६५, ९८४२९८०९०१ (अध्यक्ष), ९८५२८४०७८१ (उपाध्यक्ष)
इमेल : ito.manebhanjyangmun@gmail.com
वेबसाइट : www.manebhanjyangmun.gov.np

इक लिब्जु-भुम्जु
का.जि.प्र.का.द.नं. २४३/०७०/७१
त्रैमासिक (लिब्जु भुम्जु त्रैमासिकको २५ वर्षे निरन्तरता)
वर्ष ६, अंक ४ र ५ (संयुक्त), २०७६ वैशाख-असोज (किरात येले संवत् ३७९८/सन् २०१९)

परिकल्पना

स्व. लघुधन राई

प्रकाशक/सम्पादक

गणेशकुमार राई
(गणेश राई)

विशेष सल्लाहकार

अविनाथ राई
(क्वान्वाङ्वाप्सि)

सल्लाहकार

पुष्पहरि क्याम्पा राई
शुभचन्द्र राई
मनकुमार राई (युके)
रेवन राई (युके)
गणेश राई (युके)

फोटो

विकास सौगात
मेडल राई
जेबी राई
श्याम राई

लेआउट, मुद्रण

जय लालिगुरास ईन्भेष्टमेण्ट एण्ड
ट्रेडिङ्ग कम्पनी प्रा.लि.
हरिहरभवन, ललितपुर
फोन नं. ०१-५०१०६१०

हाम्रो ठेगाना

पो.ब.नं. ७२१४
काठमाडौं, नेपाल
E-mail: libju_bhumju@hotmail.com
raiganesh@gmail.com
Online: libjubhumju.com
Youtube: libjubhumju channel

मूल्य रू. १५०।-
वार्षिक रू. ३००।-

विषय सूची

सम्पादकीय ४

खण्ड : १ आवरण लेख

संकटमा महान् चाड "ढ्वाङ्कुमो" - गणेश राई ५
स्वालेवा पार्क र ढ्वाङकुमो ... - शुभचन्द्र राई १५
साँस्कृतिक चेतना ... - विकास सौगात २६
ढ्वाङ्कुम बृहत सांस्कृतिक कार्यक्रम २०७६
- अभिनाथ राई, महाजित राई, सौराज राई ३२
लिब्जु संरक्षण संस्थागत पलह - विशेष राई ३७
बेलायतमा ढ्वाङकुम २०१९ - बी. मुक्काचो राई ४१
सुनसरीमा वाम्बुले ... - लाखमान राई ४५
उदयपुरमा "ढ्वाङकुमो" झाँगिदै - ऋषि राई ५०
काठमाडौंको ढ्वाङकुमो - श्याम राई ५२
लिब्जुलाई पर्यटकीय ... - पूर्णप्रसाद न्यौपाने ५५
सामाजिक सञ्जालमा लिब्जु विकासको चर्चा ५७
हिलेपानीमा पनि तेस्रो बाँसुरी दिवस - गगन राई ६०

ढ्वाङकुमो विशेष अन्तर्वार्ता

दिवस राई, अध्यक्ष - किरात राई यायोक्खा ६४
मेडल राई, वडा अध्यक्ष, मानेभन्ज्याङ गाउँपालिका ७०

खण्ड : २ ढ्वाङकुमो फोटो ७५

खण्ड : ३ कुरा सुन्नु बुढाको

"मानेभन्ज्याङल्वा हिउँडा डँगुर ज्याल्मारख् भोल
ल्वाम"-कीर्तिलाल राई ८१
उपोकान्छा हलबले-अविनाथ राई ९१

खण्ड : ४ यात्रा संस्मरण

समयको पाबन्दीमा बेलायत -गजुरधन राई ९७
A week Experience .... - Anuka Rai १०४

खण्ड : ५ खेल

व्याकुल माइला गोल्डकप आठौं संस्करणमा
- शुभकर्ण राई, पूर्णसिं राई र क्षमाराज राई १०६

खण्ड : ६ वाम्बुले कविता

-गगनबहादुर राई, तोसेल बोबो, सुमन जाबा, झरना
वाम्बुले, उदय जिज्ञासु ११०

खण्ड : ६ समाचार ११६

लिब्जु-भुम्जु पत्रिका अक्षयकोषको विवरण ११९

पहिचानको जोहो

'कुनै जातिको मास्नु छ भने उसको भाषा र संस्कृतिबाट विमुख बनाऊ' नीति नेपालको पुरानो राज्यसत्ताले अपनाएको थियो । 'एक जाति, एक धर्म, एक भाषा, एक भेष' नीतिले नेपालका आदिवासी जनजाति समुदाय हुँदैआएका छन् । त्यो चेपुवामा किराती वाम्बुले राईहरूसमेत चेपिदैआएका छन् ।

नेपालको संविधान (२०७२) को भाग ३ मौलिक हकअन्तर्गत धारा २६ मा धार्मिक स्वतन्त्रताको हक उल्लेख छ । (१) धर्ममा आस्था राख्ने प्रत्येक व्यक्तिलाई आफ्नो आस्था अनुसार धर्मको अवलम्बन, अभ्यास र संरक्षण गर्ने स्वतन्त्रता हुनेछ । (२) प्रत्येक धार्मिक सम्प्रदायलाई धार्मिक स्थल तथा धार्मिक गुठी सञ्चालन र संरक्षण गर्ने हक हुनेछ । तर धार्मिक स्थल तथा धार्मिक गुठीको सञ्चालन र संरक्षण गर्न तथा गुठी सम्पत्ति तथा जग्गाको व्यवस्थापनका लागि कानून बनाई नियमित गर्न बाधा पुगेको मानिने छैन । (३) यस धाराद्वारा प्रदत्त हकको प्रयोग गर्दा कसैले पनि सार्वजनिक स्वास्थ्य, शिष्टाचार र नैतिकताको प्रतिकूल हुने वा सार्वजनिक शान्ति भंग गर्ने क्रियाकलाप गर्न, गराउन वा कसैको धर्म परिवर्तन गराउने वा अर्काको धर्ममा खलल पर्ने काम वा व्यवहार गर्न वा गराउन हुँदैन र त्यस्तो कार्य कानून बमोजिम दण्डनीय हुनेछ ।'

वाम्बुले राईले आफ्नो उत्पत्ति थलो ओखलढुंगाको मानेभन्ज्याङ गाउँपालिका-३ वामद्याल (उँबुगाउँ)को ढ्वाङकुमटारलाई प्रमुख धार्मिक तथा सांस्कृतिक थलो मान्दछन् । यहाँ २०१७ सालमा हालको राज्यलक्ष्मी माध्यमिक विद्यालय स्थापना गरी धार्मिक तथा सांस्कृतिक थलोलाई अतिक्रमणमा पारिदैआएको छ । वाम्बुले राई समाज, नेपाल (वाम्रास) संस्थाको २०७२ फागुनमा सम्पन्न दोस्रो राष्ट्रिय सम्मेलनले विद्यालयलाई अन्यत्र सारेर ढ्वाङकुमो सामा स्थलको संरक्षण गर्ने घोषणापत्र जारी गऱ्यो । त्यसैअनुरुप वैकल्पिक व्यवस्थासहित संरक्षण पहल अघि बढ्दै आएको छ । २०७२ वैशाखको महाभूकम्पपछि एसियाली विकास बैंक (एडीबी)को सहयोगमा यस विद्यालयको नयाँ भवन संरचना निर्माण हुने भएको छ । वाम्बुले राई समुदायको धार्मिक थलो बचाउने चाहनालाई बेवास्ता गर्दै वि.व्य.स. र छिमेकी समुदायले यथास्थानमै विद्यालय बन्नुपर्ने नत्र नहुने भन्ने प्रतिशोधको भावना राखेपछि द्वन्द्व बढ्न गयो । अन्ततः हामी उहिल्यैदेखि आपसी सद्भावका साथ रहँदै, बस्दै आएको र अब पनि सँगै रहनुपर्ने तथा सामाजिक सांस्कृतिक परम्परालाई अक्षुण्ण राख्नु पर्ने विषयमा दुईमत रहेन । समाजका व्यक्तिले विद्यालयलाई जग्गा निःशुल्क उपलब्ध गराएका छन् । तसर्थ नयाँ ठाउँमा विद्यालयको भवन निर्माण गर्न राज्य सरकार र अगुवाहरूले गम्भीरतापूर्वक लिएर अघि बढ्न जरुरी छ ।

२०७६ सालको दसै, तिहार, छठ लगायत चाडहरूको उपलक्ष्यमा सम्पूर्ण दाजुभाइ तथा दिदीबहिनीहरूमा हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

संकटमा किरात वाम्बुले राई जातिको महान् चाड 'द्वाङ्कुमो'

(नेपाली लोकवार्ता तथा संस्कृति समाजले २०७६ जेठ १७ र १८ गते काठमाडौंमा आयोजना गरेको तेस्रो राष्ट्रिय लोकवार्ता सम्मेलनमा प्रस्तुत गरिएको सम्मेलन पत्र यस पटक प्रकाशन गरिएको छ । सम्पादक)

- गणेश वाम्बुले राई

परिचय

किरात राई जातिभित्र २८ भन्दा वटा जति भाषा बोलिन्छन् । त्यसमध्ये वाम्बुले राई भाषा एक हो । वाम्बुले राईको उत्पत्ति थलोमा मनाइने एक सांस्कृतिक चाड द्वाङ्कुमो हो । यसलाई द्वाङ्कुम पनि भन्दछ । हिन्दु पात्रोअनुसार जनैपूर्णिमा तिथिमा मनाइन्छ । प्रायः भदौ महिनामा पर्ने भएकाले यसलाई भदौ पूर्णिमा पनि भनिन्छ । वाम्बुले समुदायमा यो तिथिलाई द्वाङ्कुमपुर्ने भन्दछन् । मुन्दुम परम्पराअनुसार द्वाङ्कुमो चाड मनाइने भएकोले हिन्दु संस्कृतिभन्दा फरक मूल्यमान्यता रहेको छ । द्वाङ्कुमोमा लिब्जु उपो (लिब्जु बाजे), भुम्जु उपो (भुम्जु बाजे), दिब्जु उपो (दिब्जु बाजे), सिसि सिकारी, आकाश, धरती र पितृहरूको पूजा गरिन्छ । चारजना नाक्सो रहन्छन्, सिसि नाक्सो, द्वाङकुर्मो नाक्सो, काउर्मो नाक्सो र बुलु नाक्सो । लिब्जु यही ठाउँको अग्लो पहाडको नाम हो । यो पहाड समुद्री सतहदेखि करिब २ हजार मिटर उचाईमा छ । चौतर्फी जंगलले घरिएको पहाडको चुचुरामाथि लिब्जु बाजे, भुम्जु बाजे र दिब्जु बाजेको थान रहेको छ । लिब्जु उपोलाई मनोकामना पूरा गर्ने शक्तिको आराध्यदेवका रूपमा मानिन्छ । लिब्जु किरात वाम्बुले राईहरूको आदिम पुर्खा हुन् ।

सांस्कृतिक कानुनमा आधारित ढ्वाङ्कुमो

वाम्बुले समाजका प्रत्येक घर परिवारका प्रतिनिधिसहित सामुहिक भेला भएर पूजा हुने गर्दछ । मुन्दुम कथाअनुसार उहिले पुर्खाहरू माले गोरूको बलि दिएर लिब्जुमा जुरा चढाउँदथे । कालान्तरमा हिन्दुधर्म विस्तार भएपछि गोरूको बलि दिन प्रतिबन्ध लाग्यो । बाछालाई साँढे छोड्ने चलन छ । अहिले राँगालाई धनुर्वाणले हानेर बलि चलाउने गरिन्छ । वाम्बुले राईहरूको उत्पत्ति थलो उँब गाउँ हो । यहाँ सामूहिक भेला भएर पुजागर्ने थलो रहेको छ, यस ठाउँलाई ढ्वाङकुमटार भनिन्छ । ढ्वाङकुमपुर्नेका दिन प्रत्येक घरबाट थुन्सेमा कागुनीको भात, एक मटिया जाँड, मकैका झुत्ता रीत थुन्सेमा राखेर ढ्वाङ्कुमटारमा पुग्नु पर्दछ । यदि कुनै घरको प्रतिनिधि रीतिथिति पुऱ्याएन भने त्यो घरलाई समाजले कारबाही गर्दथ्यो । उसले समाजप्रति बेवास्तार गरेपछि कुनै दाजुभाइ, इस्टमित्रबाट सहयोग पाउँदैनथ्यो ।

भौगोलिक अवस्थिति

संघीय नेपाल प्रदेश नं.१ ओखलढुंगा जिल्ला रहेको छ । वि.सं. २०१८ सालमा १४ अञ्चल र ७५ जिल्लामा विभाजित हुनु अगाडि ओखलढुंगा 'पूर्व तीन नम्बर' भनेर चिनिन्थ्यो (सूचना विभाग, २०३१)। ओखलढुंगाको क्षेत्रफल १ हजार ७४ दशमलब ५ वर्गमिटर रहेको छ । ओखलढुंगा जिल्लालाई वि.सं. २०१५ सालको आमनिर्वाचनमा तीन वटा निर्वाचन क्षेत्रमा विभाजन गरिएको थियो । २०१८ सालपछि २०४६ सालसम्म एउटा निर्वाचन क्षेत्र रहेको थियो । २०४६ सालको राजनीतिक परिवर्तनपछि २०४८ सालको संसदीय आम निर्वाचनमा दुई क्षेत्र कायम गरिएको थियो । ऐतिहासिक संविधानसभाको निर्वाचन २०६४ र २०७० सम्म ओखलढुंगा जिल्लालाई दुई निर्वाचन क्षेत्रका रूपमा कायमै थियो । यसैगरी ११ वटा इलाका र ५६ वटा गाविस रहेका थिए । नेपाल सरकारको २०७१ को निर्णयपछि ओखलढुंगामा एक नगरपालिका र ५० वटा गाविसमा परिणत गरिएको थियो । नेपालको संविधान (२०७२) जारी भएपछि ओखलढुंगा जिल्लालाई एउटै निर्वाचन क्षेत्र कायम गरिएको छ । स्थानीय तह पुनःसंरचना गरिएपछि ओखलढुंगालाई सिद्धिचरण नगरपालिका, खिजिदेम्बा गाउँपालिका, चम्पादेवी गाउँपालिका, चिसंखुगढी गाउँपालिका, मानेभन्ज्याङ गाउँपालिका, मोलुङ गाउँपालिका, लिखु गाउँपालिका, सुनकोशी गाउँपालिका कायम गरिएको छ ।

ओखलढुंगा नामाकरण

किंवदन्तीअनुसार १७औं शताब्दीमा भीम मल्लको फौजले किरात शासकहरूलाई धपाए । फौजले लुटेर ल्याएको धान एउटा खोपिल्टा परेको ढुंगामा कुटेर खाएका थिए । त्यही ढुंगाको ओखल रहेको ठाउँलाई 'ओखलढुंगा' भनिएको हो । रानीतिक सीमांकन गर्दा त्यही नामबाट जिल्लाको नाम राखिएको थियो । 'प्राचीन किरात राजा यलम्बरले पश्चिममा त्रिशुली नदीदेखि पूर्वमा टिस्टासम्म आफ्नो राज्य विस्तार गरेका थिए भन्ने अनुमान वा दावी सत्य भएको खण्डमा हालको ओखलढुंगा क्षेत्र पनि उक्त राज्यमा परेको हुनुपर्छ भन्ने अड्कल गर्न सकिन्छ,' नेपाल सरकार सूचना विभागबाट प्रकाशित 'मेचीदेखि महाकाली-१' पुस्तकमा छ, 'अझसम्म पनि साधारण बोलीमा यो क्षेत्रलाई वल्लो किरात भनिने गरेकोबाट पनि किरातहरूको प्रभुत्व यस क्षेत्रमा रहेको अडकल गर्न गाह्रो पर्दैन ।'

जातजाति र जनसंख्या

राष्ट्रिय जनगणना २०६८ अनुसार ओखलढुंगाको जनसंख्या जनसंख्या १ लाख ४७ हजार ९ सय ८४ रहेको छ । जसमा महिला ७९ हजार २ सय ९७ र पुरूष ६८ हजार ६ सय ८७ रहेका छन् । ओखलढुंगाको कुल घर संख्या ३२ हजार ५ सय २ रहेको छ । यहाँ क्षेत्री, मगर, बाहुन, राई, तामाङ, शेर्पा, नेवार, कामी, दमाई, सुनुवार, सार्की, भुजेल, गुरूङ, बाहिङ, माझी, दसनामी, थुलुङ, खालिङ, लिम्बु, याक्खा, जिरेल, कुमाल, घले, कानु, थारू, बिन, बादी, हजाम, यादव, ठकुरी, मारवाडी, राजवंशी, हलुवाई, धानुक, नटुवा, नुनिया, बराई, थकाली, दराई, केवट, सोनार, धिमाल, सतार, तेली, साङमाङ, कोइरी, चमार, मुसलमान रहेको देखाएको छ । यहाँ उल्लेख जातिमध्ये तराईमा रहेका कतिपय जाति ओखलढुंगामा नरहेको भन्ने छ । ओखलढुंगामा नेपाली, तामाङ, नेवार, मगर, शेर्पा, सुनुवार, वाम्बुले, बाहिङ, राई, गुरूङ, थुलुङ, भुजेल, खालिङ, साम्पाङ, याक्खा, दुमी, पुमा, हरियानी, बराम, भोजपुरी, मैथिली, धिमाल, सन्थाली, राजस्थानी भाषाको वक्ता रहेको उल्लेख छ । ओखलढुंगा जिल्ला कला र साहित्यमा सम्पन्न जिल्ला हो । ओखलढुंगा सन्त ज्ञान दिलदास र गायिका मेलवादेवी मात्र होइन प्रसिद्ध 'मेरो प्यारो ओखलढुंगा' कविताका रचयिता युगकवि सिद्धिचरण श्रेष्ठ (वि.सं.१९६९-२०४९) तथा नेपालको राष्ट्रगानका रचयिता व्याकुल माइला (वि.सं.२०२९ चैत २५)को जन्मभूमि पनि हो ।

भुजेल, गुरूङ, बाहिङ, माझी, दसनामी, थुलुङ, खालिङ, लिम्बु, याक्खा, जिरेल, कुमाल, घले, कानु, थारू, बिन, बादी, हजाम, यादव, ठकुरी, मारवाडी, राजवंशी, हलुवाई, धानुक, नटुवा, नुनिया, बराई, थकाली, दराई, केवट, सोनार, धिमाल, सतार, तेली, साङमाङ, कोइरी, चमार, मुसलमान रहेको देखाएको छ । यहाँ उल्लेख जातिमध्ये तराईमा रहेका कतिपय जाति ओखलढुंगामा नरहेको भन्ने छ । ओखलढुंगामा नेपाली, तामाङ, नेवार, मगर, शेर्पा, सुनुवार, वाम्बुले, बाहिङ, राई, गुरूङ, थुलुङ, भुजेल, खालिङ, साम्पाङ, याक्खा, दुमी, पुमा, हरियानी, बराम, भोजपुरी, मैथिली, धिमाल, सन्थाली, राजस्थानी भाषाको वक्ता रहेको उल्लेख छ । ओखलढुंगा जिल्ला कला र साहित्यमा सम्पन्न जिल्ला हो । ओखलढुंगा सन्त ज्ञान दिलदास र गायिका मेलवादेवी मात्र होइन प्रसिद्ध 'मेरो प्यारो ओखलढुंगा' कविताका रचयिता युगकवि सिद्धिचरण श्रेष्ठ (वि.सं.१९६९-२०४९) तथा नेपालको राष्ट्रगानका रचयिता व्याकुल माइला (वि.सं.२०२९ चैत २५)को जन्मभूमि पनि हो ।

ऐतिहासिक थुम

नेपाल एकीकरण हुन पहिले ओखलढुंगा जिल्लामा प्रान्तीय शासकले शासन चलाएका थिए । यस क्षेत्रमा धेरै थरी भाषा बोल्ने राई किरातीहरू बसोबास गर्दथे । राज्य शासन उनीहरूकै हातमा थियो । तिनै तत्कालीन शासकहरूको नामबाट त्यस क्षेत्रका विभिन्न ठाउँ र जातिको पहिचान रहन गएको थियो ।

ओल्लो किरात प्रदेशमा 'रुङबुढा' नामक राजाले शासन गरेको क्षेत्रलाई 'रुम्डाटार' अपभ्रंश भई रुम्जाटार भनिएको हो । रुङबुढाका सन्तान या रैतीलाई 'रुम्डाली' राई भनिएको हो । रुम्डालीलाई बाहिङ राई भनेर चिनिन्छ । यसैगरी 'च्यामाजिति राई' ले शासन गरेको क्षेत्रलाई च्यानम चिसंखु भनिएको हो । 'तोलो राई' शासन गरेको क्षेत्रलाई 'तलुवा' (तलुवागढी) भनिए र तिनका रैतीलाई 'तोलोचा राई' भनिएको थियो । यस्तै

ओखलढुंगा दक्षिण क्षेत्र/मौजामा 'वाङबाहाङ' नामक शासकले राज्य गर्दथे । उनैका रैतीलाई 'वाम्बुले राई' भनिएको हो । उक्त क्षेत्रलाई वाम्द्याल (वाम्बुले गाउँ) अपभ्रंश भई उँबुगाउँ भनिएको हो (राई, २०५०) ।

वाङबाहाङका सन्तान र राई जातिका रैतीलाई वाम्बुले राई भनिएको हो भन्ने कथन छ । अर्कोतर्फ वाम्द्यालमा बसोबास गर्ने राईलाई 'चौरासे' राई भनेर पनि चिनाइन्छ । किपट व्यवस्थाअनुसार यस भेगमा ८४ रूपे मालअड्डामा रैकर तिर्नुपर्थ्यो । चौरासी रूपे क्षेत्रलाई चौरास भनिएको र यहाँका राईलाई चौरासे राई भनिएको भन्ने छ । ओखलढुंगाको आठवटा थुमहरू बुङनाम, तलुवा, च्यानाम, सोलु, तिल्पुङ, चिसंखु, चुप्लु र चौरास उल्लेख गरिएका छन् । यी थुमहरूको ऐतिहासिकताबारे खोजी भएको छैन । यस भेगबाट अन्यत्र बसाईसरेर गएकाहरूले आफूलाई 'चौरासे राई' भनेर चिनाएको पाइन्छ । वाम्बुले भाषामा भालुलाई 'वाम' भनिन्छ । कसैकसैले उहिले यस भेगमा भालु पाइने भएकोले 'वाम्द्याल' (भालुगाउँ) भनिएको भन्ने पनि छन् तर विश्वासयोग्य आधार पाइन्न । अरू गैर राईहरूले 'उँबुगाउँ' भन्दछन् ।

यस अर्थमा ओखलढुंगा जिल्ला तत्कालीन समयमा किरात शासकहरूको मूल थलोका रूपमा रहेको थियो । यहाँका रैथाने आदिवासी किरात राई जाति हुन् । त्यस भेगका ठाउँ, थातथलोहरूको नाम समेत स्थानीय भाषामा रहेका छन् ।

वाम्बुले राई

'वाम्बुले' राईहरू आफूलाई 'वाम्बुले'ले नै भन्न रूचाउँछन् । वाङ्बाहाङको सन्तान र रैतीका रूपमा आफूलाई चिनाउन चाहन्छन् नकि भालुगाउँलेका सन्तान । ऐतिहासिक वास्ताविकतालाई किंवदन्तीले मापन गर्न नसकिने तर ऐतिहासिक तथ्यलाई प्रमाणित गर्न नसकिएसम्म किंवदन्तीलाई नै आधार बनाउनुपर्ने विज्ञहरूको धारणा रहेको छ ।

शब्द बनोटबारेमा ओम्बाहाङ - ओम्बा - ओम्बु - ओम्बुले वा वाम्बाहाङ - वाम्बा - वाम्बु - वाम्बुले भएको भन्ने कोशकार अविनाथ राईको मत रहेको छ । साथै, वाम्बुलाई नेपालीमा उँबु भनिने सन्दर्भमा दुवैको समिश्रण स्वरूप उम्बुले लेखिएको पनि पाइन्छ । तर, उम्बुले भन्दा ओम्बुले वा वाम्बुले नै तुलनात्मक रूपमा शुद्ध देखिन्छ । त्यहाँका मातृभाषीहरूलाई वाम्बुले भनिने र उनीहरूले पनि आफूलाई वाम्बुले नै ठान्ने हुनाले वाम्द्याललाई उक्त मातृभाषाहरूको आदि तथा मुख्य थातथलो भएकोले सो थरका राईहरूलाई वाम्बुलेको सामूहिक संज्ञानबाट परिचय दिन उपयुक्त देखिएको सन्दर्भमा वि.सं. २०५० सालदेखि वाम्बुले राई लेख्न थालिएको हो । वाम्बुले राईको प्रयोग गरेर पत्रपत्रिका, शब्दकोश र अन्य प्रकाशनहरू प्रकाशित भइसकेका, भइरहेका छन् । राष्ट्रिय जनगणनाले पनि वाम्बुले र इन्टरनेटले पनि वाम्बुलेको नामबाट पहिचान दिएको छ ।

वाम्बुले राई जातिको सामाजिक संस्था वाम्बुले राई समाज, नेपाल (वाम्रास)ले राष्ट्रिय जनगणना-२०६८ मा देशव्यापी जनजागरण अभियान सम्पन्न गरेको थियो । फलस्वरूप 'वाम्बुले राई मातृभाषा' लेखाउनेहरूको संख्या १३ हजार ४ सय ७० जना पुगेको छ । देशविदेश गरी ५० हजारभन्दा बढी वाम्बुले राईहरू रहेको वाम्रास संस्थाको दावी छ ।

मुन्दुम र आस्था

भौगोलिक आधारमा दुधकोसी र सुनकोसी नदी जोडिने जोर्तीघाटलाई केन्द्रविन्दु बनाएर त्यसको बीस किलोमिटर गोलाकारभित्र किराती वाम्बुले राईहरूको मुख्यथलोका रूपमा लिन सकिन्छ । ज्यामितीय हिसाबमा कम्पासले गोलाकार बनाउदा यो परिकल्पना गरिएको हो । यी दुई नदीले उत्तर-पश्चिम र पूर्वमा ओखलढुंगा, दक्षिणमा दुधकोसी पारि खोटाङ, दक्षिण-पश्चिम सुनकोसी पारि उदयपुर र सिन्धुली जिल्ला पर्दछन् । यी चार जिल्लाको केही गाविसमा वाम्बुले राईहरूको सघन बसोबास रहेको पाइन्छ । वाम्बुले राईहरूको उत्पत्ति कथा आफ्नै थातथलोसित जोडिएको मिथक पाइन्छ । 'लिब्जु उपो' (लिब्जु बाजे), लिब्जु डांडा, लिब्जु जंगल, सिकारी युगको प्रसंग यसमा जोडिन्छ । मुन्दुम कथामा यही परिवेशलाई जोडेर पर्गेल्ने गरिन्छ ।

वाम्बुले राईहरूको आफ्नै भाषा, वेशभूषा, संस्कार-संस्कृति, लोकमान्यता, लोकपरम्परा रहेका छन् । आमाको कोखमा भ्रुण गर्भ रहेदेखि पूजाआजा सुरू हुन्छ । शिशुको जन्मदेखि मृत्युपर्यन्तका संस्कार छन्, जुन मुन्दुम (श्रुति र स्मृति परम्परामा चलेका मौखिक धर्मशास्त्र) अनुसार परिपालन गर्दछन् । आफ्नै कुलका धामी, बिजुवा, पितृकार्य गर्ने नाक्सो (कुलगुरू), डाबुचो (सहायक कुलगुरु), मुन्धुमीहरू हुन्छन् । उनीहरूको बसोबास भूगोलभित्रका खोलानाला, पाखापर्वत, वनजंगल, ढुंगा, ओढार, जीवजन्तु, पशुपंक्षी सबै-सबैका कथाहरू छन् । उधौली होस् या उभौली सिमेभूमे, सिकारी ब्याखारी, सिजेरोजे, बोक्सीडाइनी, राक्षसहरू मन्साउने, पन्साउने विधिहरू छन् । हरेक ऋतुहरूको मान्यताहरू छन् ।

लिब्जु उत्पत्ति कथा

वाम्बुले राईहरूको मुन्दुम कथाअनुसार शताब्दीऔं वर्ष अगाडि एक दिन पूर्वजहरू अर्थात् बाजेहरू जंगलमा सिकार गर्न गएका थिए । बाजेहरूले सिकार ढुक्नको लागि ठूलो रूखलाई चुनेछन् । र सल्लाह गरेछन् । आज राति यही ठूलो रूखमा चढर सिकार ढुक्नु पर्छ । त्यसपछि बाजेहरू त्यस रूखमा चढ्नको लागि पहिले अखटा काट्न सुरू गरेछन् । जब अखटा काट्न सुरू गरे, त्यो रूखको भित्रबाट एक प्रकारको आवाज आएछ । 'ए, मेरो घुँडा काट्छौं है !' भनेछ । बाजेहरूले त्यो कुरा वास्तै नगरी फेरि अर्को अखटा माथि काट्न सुरू गरेछन् । फेरि पनि आवाज आएछ । 'ए मेरो मुटु काट्छौं है !' भनेर । अझै बाजेहरूले कुनै वास्ता नगरी तेस्रो अखटा काट्न थालेछन् । त्योपालि भित्रबाट ठूलो स्वरमा भनेछ । 'ए, मेरो घाँटी काट्छौं है !'

यसरी पटक पटक आवाज आएपछि छक्कै परेछन् । यो रूखमा केको आवाज र यो रूख किन बोल्यो भनेर खुलदुलीमा परेछन् । त्यसपछि बाजेहरूले त्यो पहिले काटेको अखटामा फेरि गहिरो गरी काटेछन् । गहिरो काट्दा उनीहरूले रूखभित्र धोद्रो भेटेछन् ।

धोद्रोमा हेर्दा मान्छे उभिएको खुट्टा देखेछन् । यसरी खुट्टा देखेपछि भनेछन्, यहाँ त एउटा केटा पो रहेछ । को हो निकाल्नु पर्छ भनेर केटालाई जोगाएर रूख गिडेछन् । त्यसरी रूखको धोद्रोमा करिब नौ-दश वर्षको केटो फेला पारेछन् । अनि त्यो केटोलाई बाजेहरूले गाउँ फर्किएछन् । गाउँमा राखेछन् । पालेछन् । तर उसको कोही आमा-बाबु पत्तो लागेनछ । उसलाई गाउँमै गाउँलेहरूले पालनपोषण गरेछन् । केटा ज्यादै खन्चुवा थियो । पाल्नै धौधौ परेछ । एक दिन यस गाउँमा एउटा अपरिचित बुढो माग्दै आएछ र भनेछ- 'म खाँडी लुगा छिप्ने मानिस हुँ ।'

त्यतिखेर गाउँलेहरूले भनेछन्- हामीले यो केटालाई जंगलमा भेट्टाएर ल्याएका हौं । लगेर गोठालो लगाऊ ।' त्यसरी केटालाई बुढोलाई दिइपठाएछन् । त्यो केटाले गाउँ छोडेपछि पानी पर्न छाडेछ । खडेरी लागेछ । आज पर्ला, भोलि पर्ला, पर्सि पानी पर्ला भन्दाभन्दै बाह्र वर्षसम्म गाउँमा पानी परेनछ । सुख्खा लागेछ । गाउँका मानिसहरू पानी पाउने, जिउने विभिन्न उपायको खोजीमा लागेछन् । पानीको पाउने अनेक जुक्ति गर्दा आकाशमा पानी कहाँनेर बन्द भयो भनेर हेर्न र खोल्न जाने भएछन् । उनीहरूले सयौंको घाना गाँस्न थालेछन् । बाँसको भऱ्याङ गाँस्दै जाँदा धेरै माथि माथि पुगेछ । माथि टुप्पोमा पुग्नेले भनेछन्- 'ए, बाँस काटेर ल्याऊ है ।' त्यति बेला फेदमा बसेकाहरूले सुनेछन्- 'ए, हामीले पानी भेट्यौं, फेदमा काट है ।' अनि काटेछन् । त्यसरी फेदमा काट्दा टुप्पोमा पुग्नेहरू लडेर अर्को गाउँतिर झरेछन् । फेरि त्यो गाउँमा दाजुभाइसित भेट हुन सकेन । अर्कैतिर पुगे । त्यस कारण राईहरूको खोलैपिच्छे भाषा नमिलेको भन्ने भनाइ छ ।

यसै क्रममा बाह्र वर्षसम्म सुख्खा लाग्दा सबै जंगल मासियो । मानिसहरूकोले विभिन्न जडिबुटी खाए । कति विष लागेर मरे । तर जो सिस्नुको जरा खाए, उनीहरू चाहिं बाँचे भन्ने भनाइ छ । त्यसकारण यस क्षेत्रका राईहरू मरण पर्दा सबै सब्जी खान हुने तर सिस्नु बार्नुपर्छ भन्ने मान्यता राख्दछन् । मरण पर्दा सिस्नु बारिन्छ ।

सुख्खाले विभिन्न अप्रिय घटनाहरू घट्दै गयो । गाउँका मानिसहरू मासिदै गए । बाजेहरू सोच्न बाध्य भएछन्, 'के त्यो केटो भगवान त होइन ? उतिबेला गोठालो लगाऊ भनेर त्यो बुढोलाई दिइपठायौं ।' त्यसपश्चात् बाजेहरूले त्यो केटालाई खोज्न जाने निधो गरेछन् । सोधीखोजी गर्दै बुढो मान्छे कहाँ पुगेछन् । गाउँमा बितेको बाह्र वर्षसम्म भएको सम्पूर्ण घटना सुनाएछन् । अनि बुढोले भनेछन्, 'पहिले तिमीहरूले नचाहेर मलाई दियौं । अहिलेसम्म मैले पालनपोषण गरेर हुर्काएँ । दिन्न ।'

बाजेहरूले जसरी भएपनि दिनोस् भनेर जिकिर गरेछन् । अनि बुढोले भनेछन्, 'त्यसो भए मलाई खाक्सी छिपको दाना (रिल्लिचिन्चि) सात थुम्से खोजेर ल्याइदेऊ अनिमात्र दिन्छु ।' अनि बाजेहरूले सात थुम्से खाक्सी छिपको दाना खोजेर बुढोलाई दिएछन् । त्यसपछि बाजेहरू त्यो केटालाई लिएर गाउँ फर्किएछन् । जब त्यो केटोले त्यस गाउँमा पाइला टेक्यो त्यसपछि गाउँमा पानी पर्न थाल्यो । हरियो परियोले ढकमक्क छाउन थाल्यो । त्यसपछि त्यो अल्लारे केटालाई 'लिब्जु' भनेर नामाकरण गरेछन् । वाम्बुले राई भाषामा 'लिब्जु' भन्नाले 'लिब्चाम' अर्थात् 'लिप्चाम' (फर्काउनु) भन्ने हुन्छ । बाह्रा वर्षसम्म सुख्खा लागेको गाउँमा जब 'लिब्जु' फर्काएर ल्याउन सफल भए, त्यसपछि सम्पूर्ण युग फर्केको थियो । त्यसपछि लिब्जु उपो (लिब्जु बाजे) भनेर पुकार्न थाले । लिब्जुउपो, लिब्जु सामा (लिब्जु देउता) भनेर पुकार्दछन् ।

त्यसरी फर्काएर ल्याइएको 'लिब्जु बाजे' गाउँबाट एकाएक अलप भएछन् । सबैतिर खोज्दै गर्दा बिजुवामार्फत् गाउँको सबैभन्दा शिरमा रहेको जंगलमा रहेको भनेर जानकारी पाएछन् । त्यसपछि सबैले त्यो केटा साँच्चैका सृष्टिकर्ता भएको भन्ने बुझेर पूजाआजा गर्न थालेछन् । घना जंगलले घेरिएको पहाडलाई लिब्जु देउताका रूपमा मान्दैआएका छन् ।

वाम्बुले राईहरू र यस भेगका अन्य समुदायले समेत लिब्जुको पूजा गर्ने गर्दछन् । बाजेको पूजा वर्षमा दुई पल्ट गरिन्छ । पहिलो पूजा वैशाख र जेठको माझमा पर्ने पूर्णिमाका दिन गरिन्छ । थान सरसफाई गरिन्छ । पूजापछि भोलिपल्ट डुण्डुमा धुमधाम बजार लाग्ने गर्दछ ।

बृहत् पूजाचाहिं भदौ पूर्णिमा तिथिमा गरिन्छ । यो पूजालाई मुख्य मानिन्छ । यस क्षेत्रका किराती पुर्खाहरूले माले गोरू काटेर त्यसको जुरा चढाउने गर्थे भन्ने छ । सिकार, कोदो, काउनीको जाँड, काउनीको भात र नयाँ अन्न, फलफूल थुम्सेमा राखेर कन्यालाई बोकाएर बाजेको थानमा पुऱ्याउने गरिन्छ । त्यो विधिविधानलाई मुन्दुमी नाक्सो (कुलगुरू)हरूले मुन्धुम फलाकेर चढाइदिन्छन् । तर, जब नेपालमा हिन्दु धर्मको घोषणा भयो तब गोवध गर्न प्रतिबन्ध लाग्यो । त्यसपछि किराती पुर्खाहरूले राँगा काटेर 'लिब्जु' पूजा गर्दछन् । अहिलेसम्म बाजेको नाममा गोरू साँढे छोड्ने गरेका छन् । यहाँका अन्य समुदायले लिब्जुलाई डाँडादेव, बिजुवा पूजा भनेर फलफूल आदि चढाएर मनाउने गर्दछन् ।

लिब्जुपूजा गर्ने विभिन्न मान्यताहरू छन् । लिब्जु बाजेको थान जाँदा धुप, अक्षेता आदि लिएर थानभन्दा निक्कै वर रहेको त्याम्ली भन्ने दहमा नुहाएर जानु पर्छ । पूजा गरिसकेपछि त्याम्ली दहसम्म अक्षेता छर्दै फर्किनु पर्छ । पछाडि फर्केर हेर्न हुन्न भन्ने मान्यता छ । उहिले पुजा गरेर फर्किने क्रममा एकजनाले दह आइनपुग्दै पछाडि फर्केर हेर्दा ती अक्षताहरू सबै बाघको रूपमा भएर पछ्याएछन् । उनीहरूले बाघ देखेर सबैजना दहमा हामफाले छन् । त्यही मरेछन् । त्यो दहको स्वरूप अझै पनि रहेको छ ।

लिब्जु बाजे भनेको शक्तिको प्रतीक हुन् । यस भेगका राईहरू लिब्जु उपो भनेरपछि आस्था र विश्वास गर्दछन् । लिब्जु आत्मबल माग्ने आस्थाको देवता हो । पहिलो विश्व युद्ध होस् कि दोस्रो विश्व युद्ध या अन्य युद्धमा बहादुरी कमाउन जाने किरातीहरू जानुअघि लिब्जुको भाकल गरेर गएका थिए । अहिले पनि त्यसरी नै कार्यसफताका निम्ति लिब्जुबाजेको भाकल गर्ने चलन ज्युँकात्युँ रहेको छ । त्यसैले लिब्जु एउटा पहाडमात्र होइन, यस भेगका वाम्बुले राईहरूको असीम आस्थाको केन्द्र लिब्जु देवता हो ।

द्वाङकुमटारमा द्वाङकुमो

लिब्जु देउतालाई वाम्बुले राईहरूले पहिले उत्पत्तिस्थल लिब्जु डाँडामै मान्ने पुज्ने गरेका थिए । लिब्जु अग्लो डाँडा, धेरै टाढा उचाईमा रहेको हुँदा त्यहाँ बुढापाका, केटाकेटीहरू पुग्न असजिलो भयो । त्यसैले समाज बसेर साविक उँबु-२ स्थित थोप्लोम डाँडा अर्थात् साम्फालिम डाँडामा लिब्जु थानको मठ थपना ल्याई पूजाआजा गरी धुमधामसँग द्वाङ्कुम चाड मनाउँदै आएका थिए । मुन्दुम कथाअनुसार साम्फालिम डाँडामा उहिले जाउमो र ख्लिउमो नामका दिदी-बहिनीले तान बुन्ने गरेको ठाउँ हो भनिन्छ । समाजमा जनसंख्या बढ्दै जाँदा साम्फालिम डाँडामा रहेको लिब्जुको मठ उखेलेर भुमथली डाँडा (हालको द्वाङ्कुमटार)मा ल्याई थानवान बनाएर पुजा गर्न थालिएको भन्ने रहेको छ । भूमथली डाँडामा रहेको एउटा बरको बोट उखेलेर लगि सुमथली डाँडा (तारकोम) मा रोपेका थिए र त्यो बर अहिलेसम्म जिवित रहेको छ ।

जनसंख्या बढ्दै गएपछि एकै थलो र एकै समूहमा मनाइने लिब्जु पूजा तथा द्वाङ्कुम चाड हाल उँबु गाउँमा ३ ठाउँमा मनाइन्छ । उँबुको भुमथली मूलथलो हो भने यसका अतिरिक्त सुमथली डाँडा र फोकुलको पनेर डेबामा मनाइन्छ । त्यसैगरी मानेभञ्ज्याङ्ग गाउँपालिका-५ उदयपुर गाउँमा विधिपूर्वक मनाइन्छ । खोटाङको हलेसी तुवाचुङ गाउँपालिका-१ झाप्पा गाउँमा पनि विधिपूर्वक मनाउँदछन् । सुनसरीको पानबारीमा लिब्जुथान थापना गरी पूजाआजा गर्दछन् । काठमाडौं उपत्यका र बेलायतमा रहेका वाम्बुले राईहरूले द्वाङ्कुमो चाडको अवसरमा सामुहिक भेला भएर मनाउँदछन् । त्यस्तै, बेलायतमा रहेका वाम्बुले राईहरूले सामुहिक रूपमा द्वाङ्कुम चाड मनाउने र संगिना नाच्ने गर्दछन् ।

किरात वाम्बुले राईले वर्षमा ३ पटक (धुले पूर्णे, चण्डी पूर्णे र ऋषि तर्पनी पूर्णे)मा आफ्नै रीतिथिति, संस्कारअनुसार सामुहिक रूपमा लिब्जुको पूजा गर्ने गर्दछन् । सामुहिक पूजा गर्दा ४ थरी (पाछा)का ४ नाक्सो (कुलपुजारी)हरूद्वारा विशेष पूजा सरजामका साथ मुन्धुम फलाकेर प्रकृतिको पूजाआजा गरिन्छ । भदौपूर्णिमा तिथिमा चाहिं दुई दिन पूजाआजा र भव्यतासाथ द्वाङ्कुम मेला भर्दछन् । द्वाङ्कुमो पूजामा विभिन्न क्षेत्रबाट मेला भर्न आउने राईहरूसमेतको मुन्दुम रीत छुटाइएको हुन्छ । लिब्जुलाई देवता ४ जना धामी झाँक्रीहरूको जोखानाबाट पत्तालागेको हुनाले सामुहिक पूजा गर्दा ४ जना नाक्सोले मुन्धुम विधिअनुसार पुज्ने चलन रहिआएको किम्वदन्ती छ ।

अतिक्रमणमा भुमथली अर्थात् द्वाङ्कुमटार

द्वाङ्कुमटार भन्नासाथ वाम्बुले राईहरूले आफ्नो पुर्खाथलो लिब्जुको पुजा गर्ने पवित्र स्थल सम्झिन्छन् । यो ठाउँको पुरानो नाम भुमथली थियो भन्नेचाहिं बुढापाकाले

समेत बिर्सिसकेका छन् । ठुलठुला बर, लाँकुरी, क्वार्बोलाक्ची, हर्रा, बर्रा, चिलाउने, फरिन आदिको रूखहरूले झ्याम्म ढाकिएको देउता थान भउको टारमात्र सम्झिन्छन् । हरेक वर्ष सामुहिक रूपमा ढ्वाङकुमो अर्थात् लिब्जु पुजा गर्दा यही ठाउँमा रीतिथितिअनुसारको कोसेली लिएर भेला हुन्छन् । परम्पराअनुसारका धार्मिक क्रियाकलापमा सहभागी हुन्छन् । लिब्जु उपोसँग बल माग्दछन् । दुई दिनसम्म नाचगान गर्दछन् । घर फर्किन्छन् ।

उहिले यो भुमथली सम्म परेको टार थियो । त्यसैले ढ्वाङ्कुमटार भनिएको थियो । यसको मौलिक नाम ढ्वाङकुमटाम थियो । अहिले यो ढ्वाङ्कुमटार अतिक्रमणमा परेको छ । वि.सं.२०१७ सालमा उँबुमा राज्य लक्ष्मी पाठशाला स्थापना हुनपुग्यो । वि.सं. २०२२ सालमा ढ्वाङ्कुमटारको पूर्वतर्फको कुनामा उक्त विद्यालय सारियो । सुरूमा प्राथमिक तह, त्यसपछि निमावि र २०४० सालमा माध्यमिक तहको पठनपाठन हुनथाल्यो । २०७३ सालदेखि कक्षा ११ र १२ सम्म सुचारू छ । अहिले विद्यालयको नाममा २५ रोपनी ५ आना क्षेत्रफल जग्गा चर्चिएको छ ।

यसरी दक्षिणतर्फ ढल्किएको पहाडको काखमा अवस्थित गाउँमा स्थापना गरिएको विद्यालयले ढ्वाङ्कुमटारको लिब्जु देवस्थल हातालाई कब्जा गरेको छ । एकजोडी ठूलो बरको फेदमा घेराबार गरिएको लिब्जु, भुम्जु, दिब्जुको थान र त्योसँगै भेला हुने थोरै चौर रहेको छ । वाम्बुले राईहरूले आफ्नो आदिम देवस्थ संरक्षण, संवर्द्धन गर्ने कार्यमा चुकेका छन् ।

ढ्वाङ्कुमटार संरक्षणको प्रयास

२०७२ वैशाख १२ गतेको महाभूकम्प र त्यसपछिका परकम्पले ३२ जिल्ला धनजनको क्षति पुऱ्याएको छ । भूकम्पपछि नेपाल सरकारले गठन गरेको राष्ट्रिय पुनःनिर्माण प्राधिकरणले ओखलढुंगाको उँबुस्थित सो राज्यलक्ष्मी माविको नयाँ भवन निर्माण गर्ने प्रक्रिया अघि बढाएको छ । एसियाली विकास बैंक (एडीबी) को १० करोड रूपैयाँ सहयोगमा भवन बन्ने टुँगोमा पुगेको छ ।

वाम्बुले राई समाज, नेपाल (वाम्रास) संस्थाले 'वाम्बुले राई भाषा, संस्कार, संस्कृति हाम्रो पहिचान, संरक्षण र संवर्द्धन एकमात्र हाम्रो अभियान' जारी राखेको छ । सो संस्थाको दोस्रो राष्ट्रिय सम्मेलन २०७२ फागुन १ र २ गते ललितपुरमा सम्पन्न भएको थियो । उक्त सम्मेलनले ५ बुँदे घोषणापत्र जारी गर्दै बुँदा नं. (१) वाम्बुले राई भाषा, संस्कृति, संस्कारको संरक्षण, संवर्द्धन, प्रवर्द्धनको लागि विशेष प्राज्ञिक समितिहरू गठन गरी अभियान संचालन गर्ने । (३) वाम्बुले राई समाज, नेपाल (वाम्रास) संस्थाका मानार्थ सदस्य तथा राष्ट्रगानका सर्जक प्रदीपकुमार राई (व्याकुल माइला)को संयोजकत्वमा गठन भएको 'लिब्जु सामा (धाम) धार्मिक पर्यटकीय क्षेत्र विकास' अभियान तथा योजनालाई अघि बढाउने । साथै लिब्जु संरक्षणका नाममा स्थापना भएका स्थानीय संघसंस्थासँग समन्वय र सहकार्य गरी लिब्जुको एकीकृत विकास पहल गर्ने । (४) किराती वाम्बुले राईहरूले आदिम कालदेखि धार्मिक थलोको रूपमा उपयोग गर्दै आएको ओखलढुंगाको उँबु-३ स्थित ऐतिहासिक, धार्मिक र सांस्कृतिक थलो ढ्वाङ्कुमटार अन्तर्राष्ट्रिय अभिसन्धि (आईएलओ)-१६९ अनुसार वाम्बुले राईहरूको पहिचान र अस्तित्वसँग जोडिएको धार्मिक स्थल भएकोले सो स्थानलाई अतिक्रमण गरी स्थापना गरिएको राज्यलक्ष्मी माध्यमिक विद्यालयलाई उँबु गाविसको पायक पर्ने स्थानमा स्थानान्तर गरी ढ्वाङ्कुम स्थलको संरक्षण गर्ने ।

संस्थाको सो घोषणापत्रअनुसार राज्यलक्ष्मी माविको नयाँ भवन साबिक ठाउँमा बन्न नहुने अडान राखेको छ। त्यसका निम्ति नयाँ ठाउँ आवश्यक परेको विद्यालय व्यवस्थापन समितिले औल्याएपछि २०७५ फागुन महिनामा स्थानीयवासी वाम्बुले राई व्यक्ति तथा परिवारहरूले ८ रोपनी ७ आना क्षेत्रफलको जग्गा विद्यालयको नाममा निःशुल्क उपलब्ध गराएका छन्। तर, स्थानीय अन्य समुदायले विद्यालय साबिककै ठाउँमा बन्नु पर्ने भनेर विवाद सिर्जना गरेका छन्। यसरी किराती वाम्बुले राईहरू सामाजिक परम्परा सुचारू राख्ने ऐतिहासिक धार्मिक तथा सांस्कृतिक थलो अतिक्रमणको चेपुवामा परेको स्थिति छ।

सन्दर्भ सामग्री :

राई, अविनाथ, (२०६८), किरात वाम्बुले राई जाति र द्वाञ्चाङ्चा वंशावली, ललितपुर : बीरसिंह-रामेश्वरी-महेश्वरी स्मृति प्रतिष्ठान।

राई, इन्द्र जाबा, वाम्बुले राईको मौलिक संस्कृति र परम्पराः ढ्वाङ्कुम मेला, इक लिब्जुभुम्जु त्रैमासिक, वर्ष ५, अंक १, २०७५ साउन-असोज।

राई, गणेश राई (२०६८), किरात वाम्बुले लोकवार्ता, काठमाडौं : वाम्बुले राई साहित्य प्रकाशन।

राई, दर्वाराज, वाम्बुले ढ्वाङ्कुमोको इतिहास, इक लिब्जुभुम्जु त्रैमासिक, वर्ष ५, अंक १, २०७५ साउन-असोज।

राई, बालकाजी, वाम्बुले राईको देवता उत्पत्ति : लिब्जु हिमालय होइन, लिब्जु-भुम्जु पूर्णाङ्क ५, वर्ष ५, २०५३।

वाम्बुले राई समाज, नेपाल (वाम्रास) संस्थाको दोस्रो राष्ट्रिय सम्मेलनको घोषणापत्र-२०७२, लिब्जु-भुम्जु वर्ष २३ अंक १, पूर्णाङ्क ६५, २०७३ वैशाख-असार (किरात येले संवत् ३७९५/सन् २०१६)।

किरात राई सांस्कृतिक कलाकार संघले आयोजना गरेको 'यलम्बर सङ्गीत प्रतियोगिता-५' २०७६ को उपाधी हलेसी तुवाचुङ नगरपालिका-१ झाप्पाकी अम्बिका वाम्बुले राई विजयी हुनु भएको छ। हलेसी तुवाचुङ नगरपालिका-८ का किस्मत राई दोश्रो र दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका-११ खार्मीका प्रदिप राईले तेश्रो स्थान प्राप्त गर्नुभएको थियो।

स्वालेवा पार्क र द्वाङकुमो २०७६ को केही स्मृति

- शुभचन्द्र राई

स्वालेवा पार्क

'स्वालेवा पार्क निर्माण कार्यको अन्तिम कार्य योजना तयार गर्न फेरि उँबु ओखलढुंगा यात्रामा' यत्ति लेखेर हर्कपुर पुलमा केहीबेर गाडी बिसाउँदा खिचेको आफ्नो तस्बिर छ्यास्सै सामाजिक सञ्जालमा पोष्ट गरें । यो पोष्ट हेरेपछि कतिले ठिंगा देखाए । कतिले शुभयात्रा भने । कतिले अति राम्रो इतिहास निर्माणको काम भनेर शुभकामना दिए । दुईजना साइनोमा मेरो आफन्तै पर्नेहरूले चाहिं स्वालेवा पार्क निर्माण स्थलप्रति आपत्ति जनाउँदै सो स्वालेवा लिब्जु डाँडामा टावर निर्माण गरी बनाउनु पर्नेमा स्वार्थवस कसैको बारीमा बनाएकोले आर्थिक सहयोग पनि नउठेको घोर आरोप लगाए । मैले प्रतिउत्तरमा 'हावा कमेन्ट नलेख्नु होला' मात्र के लेखेको थिएँ साथीहरूले 'राणा शासनभैं बोल्न लेख्न प्रतिबन्ध लगाउने ? हिजोको जस्तो शासन अब चल्दैन...।' आदि शब्दहरूले गोद्न थाले । कागतीजस्तै अमिलो मन भयो । थुक्क ! जान्ने भएर मैले स्वालेवा पार्क निर्माणको अन्तिम कार्य योजना बनाउन उँबु जाँदैछु भनेर किन विज्ञापन गर्न परेको ? भन्ने लाग्यो । त्यसपछि मैले प्रति उत्तर फर्काइन । बाभ्ने मान्छे नपाएपछि साथीहरू पनि चुप लागे ।

यो सामाजिक काम भनेको मानोचैं आफ्नो गालीचैं अरूको खाएर गर्ने काम हो । विगत तीन दशकदेखि म यही खेतीपातीमा छु । खै किन नअघाएको हो कोनी म आफैं छक्क छु । मैले संस्थाको लागि घर बनाएँ आफूचैं अरूको घरमा छु । मैले संस्थाको लागि

गाडी किनें म आफूचै अरूकै गाडीमा चढ्दैछु । मैले समाजमा चेतनाको प्रकाश छर्ने प्रयास गरें तर आफूचै ममबत्तीभैँ सकिदैछु । साथीहरूले ताली बर्साउनु पर्नेमा गाली बर्साउँछन् । तर यसरी मन बुझाउनु पर्दोरहेछ । बोल्नेकै पिठो बिक्छ । हिड्नेलाई नै ठेस लाग्छ । गर्नेलाई नै ताली गाली आउँछ । चुप लाग्ने, केही नगर्नेलाई त कसले गन्छ मान्छ ?

धरानबाट ओखलढुंगा हुइँकिएको बसले दिनको ३ बजे केतुके बौद्ध मानेडाँडामा छोड्यो । धरानमा ज्यान घटाउन बिना बित्थामा बिहान बेलुका मर्निङ्ग वाक, हाइकिङ्गको नाटक गरिन्छ । समय भएकोले यहाँबाट गाडी पाए नि हिंडेरै उँबु झर्न पऱ्यो भन्ने मनसाय बनाएँ र झोली तुम्बी कसेर डुण्डु डाँडा चढें । डुण्डु डाँडामा सिरानको दोकानमा बिसाएँ । गोरूको सुकुटी नपाएकोले खासै खाजा खाने मन भएन । डुण्डु डाँडा भएपनि यहाँ नेटको समस्या छ । उँबुमा स्वालेवा पार्क निर्माण उपभोक्ता समितिका अध्यक्ष सौराज राई र वाम्रास केन्द्रीय सदस्य महाजित राईजीलाई सम्पर्क गर्ने प्रयास गरें, फोन फिटिक्कै लागेन । केही क्षणको आरामपश्चात् म उँबुतिर झर्ने तरखरमा लागें । डाँडाको घुम्ती पारगरेर सडकै सडक ओरालो झर्दै थिएँ तलबाट एउटा खाली जिप हुरूरू उकालियो र मेरै छेउमा झ्याप्पै रोकियो । 'ओहो दाजु नमस्कार ! धरानल्वाँ पिनुमे ? लु गाडील चास्ता । उँगुइ काठमान्डौल्वाँ पिचो भाइ न्वा बैनि माल्फु दिंमे टोटा बौद्धल । द्याम् योकिम ।' भन्दै डाइबर भाइले गाडीको ढोका खोली हाले । मैले समय छ, म हिंडेरै जान्छु नि भन्दा पनि हैन कहाँ हिड्ने, चढ्नु न चढ्नु भनेपछि म गाडीमा चढें । कहिले चढ्न भनेर कुर्दा पनि नपाइने, कहिले यसरी ठ्याक्कै जुर्ने यो पनि भाग्य हो क्यारे । भाग्यमा त्यति विश्वास नगर्ने म तर समय र परिस्थितिले त्यस्तै देखायो । हामी बौद्ध मानेमा पुगेर भाइ र बैनीलाई लिएर उँबु झऱ्यौ । मैले पनि र उनीहरूले पनि मलाई नचिनेकोले खासै कुरा भएन ।

डाइभर भाइसँग भने केही व्यवहारिक कुराहरू भए । म स्वालेवाको कामले उँबु आएको कुरा बताएँ । बाटोभरी सारै धेरै कुरा भएन गाडीमा बजेको चर्को स्वरको गीत सुन्दै ठीक भो । त्यो बेलुका वाम्रास सुनसरीको अध्यक्ष धर्मराज राई (कुमार) दाजुको घर कटुवाल ड्यालमा बास बस्ने योजना थियो । त्यसैले उहाँकै घर छेउमा गाडी रोक्न लगाएँ । गाडीवालालाई धन्यवाद मात्र दिएँ, गाडी भाडाचै दिइन । पहाडको लोकल भालेसँग भान्सा जुऱ्यो दाजुकोमा । कोदोको जुस छुट्ने कुरै भएन । म त्यसको पारखी दाजुलाई थाहा थियो । भुसुक्कै निदाएँछु । धरानमा ८ बजेसम्म सुत्ने म बिहान ४ बजेतिरकै कल्याङमल्याङले निन्द्रा टुट्यो । कुमार दाजुले पाल्नु भएको ३० धार्नी जतिको च्वाँचेकान्छालाई मुखै नधुई छप्काइहालेछन् साथीहरूले झिसमिसेमै । बिहानको भान्सा पनि पहाडको लोकल सुँगुरको मासुसँग मेरो ल्याम ल्वाम्चाम सम्म ल्वाम्सिम । खान खाएर म दश बजेतिर स्वालेवा पार्क झरें ।

वाम्रास केन्द्रीय अध्यक्ष गजुरधन राईको विशेष अनुरोधमा मानेभञ्ज्याङ गाउँपालिकाबाट चालु वर्षको योजनाहरूमा खर्च भएर उब्रिएको रकमबाट छ लाख रुपैयाँ बजेट स्वालेवा पार्क निर्माणको लागि छुटाइएको थियो । सोही रकमलाई केकेमा खर्च गर्ने ? योजना बनाउन म स्वालेवा पार्क निर्माण समितिको अध्यक्ष एवं अवधारणा पत्र लेखकको हैसियतले उँबु स्वालेवा पार्क जानु परेको थियो । स्वालेवा पार्क निर्माण उपभोक्ता समितिको अध्यक्ष सौराज भाइ र म नापनक्सा तयार गर्न फिता लिएर स्वालेवा पार्क पुग्यौं । छुटाइएको बजेट केकेमा खर्च गर्ने सम्बन्धमा छलफल गऱ्यौं । अन्तमा स्थलगत नापजाँचपछि मैले सबै

कार्ययोजना तयार गरें । उपभोक्ताका अध्यक्षलाई पठाएपछि बजेटअनुसार गापा र वडाका प्राविधिकहरूको सहयोगमा प्रस्ताव र लागत स्टेमेट तयार भई बजेट निकासा भएर काम थाल्ने गुरु योजना तयार भयो । म केही महिनाअघि मात्र बैदेशिक रोजगारको क्रममा युएईमा रहेका स्वालेवा पार्क निर्माण समितिका आर्थिक संयोजक मेरो सालो मुम्चे राई (बिद्रोही साइला) बिदामा नेपाल आएको बेला उनीसँगै स्वालेवा पार्कको हिसाब किताब सार्वजनिक गर्न उँबु पुगेको थिएँ ।

रालमाविको टन्टा

जोजन, त्यही बेला उँबुको एकमात्र श्री राज्य लक्ष्मी माध्यमिक विद्यालय, जुन कक्षा ११ र १२ संचालन स्विकृतिप्राप्त भएकोले एसियाली विकास बैंक (एडीबी)ले भवन बनाइदिने योजना बनेछ । यस विद्यालय वाम्बुले राईहरूको प्रमुख चाड ढ्वाङकुमको पूजा गरिदै आएको आदिम ऐतिहासिक र धार्मिक थलोमा बनाइएको छ । र विद्यालयलाई अन्यत्र सारेर धार्मिकस्थल जोगाउनु पर्छ भन्नेबारे वाम्बुले राई समाज, नेपाल (वाम्रास) संस्थाले राष्ट्रिय सम्मेलनबाट निर्णय पारित गरेको छ । अहिले विद्यालय हाता साँघुरो भएकोले नयाँ भवन नबनाउने, त्यसको विकल्पमा नयाँ ठाउँमा जग्गा खोजेर व्यवस्थापन गर्ने प्रस्ताव अघि सारियो । जसअनुसार ढ्वाङकुमटारबाट ५-६ सय मिटर तल स्थानीयवासीले ८ रोपनी ७ आना क्षेत्रफलको जग्गा विद्यालयको नाममा निःशुल्क उपलब्ध गराउनु भएको छ । जग्गा दाताहरू भुवनसिं राई, हिराकाजी राई, कृष्णकाजी राई, भाइकाजी राई, शुभधन राई, प्रिथीमान राई, चन्द्रकुमार राई र कमनसिंह राईले विद्यालयको नाममा जग्गा पास गरिदिनु भएको छ ।

यसरी विद्यालय नयाँ ठाउँमा सार्ने प्रस्तावलाई स्वतःस्फुर्त निःशुल्क जग्गा उपलब्ध गराइसकेको र सो ठाउँलाई डोजर लगाएर सम्म्याउने काम भइसकेको बेला केही स्थानीयले सार्न नहुने भन्दै अवरोध सिर्जना गर्न तम्सिएछन् । स्थानीय पूर्णबहादुर विश्वकर्मा (बोलाउने नाम पुर्सुने)लाई उकासेर स्कूल सार्न पाइँदैन भन्दै उच्च अदालत विराटनगर, अस्थायी इजलास ओखलढुंगामा मुद्धा दर्ता गरेपछि ठूलो लफडा भयो । यसलाई मिलाउनु वाम्रास केन्द्रीय कार्यसमितिको नैतिक दायित्व हो । विद्यालय व्यवस्थापन समितिले यसबारेमा २०७५ चैत २५ गते बैठक बस्ने, त्यसमा वाम्रास केन्द्रीय कार्यसमितिलाई आधिकारिक धारणा राख्न पत्राचार गरेको थियो । जसअनुसार वाम्रास केन्द्रीय उपाध्यक्ष गणेश राई र सहकोषाध्यक्ष मोतीलाल राईले संस्थागत प्रतिनिधित्व गरी आधिकारिक धारणा राखेका थिए । मुद्दा परेपछि केन्द्रीय अध्यक्ष वरिष्ठ पत्रकार गजुरधन राईको नेतृत्वमा सल्लाहाकार श्यामकुमार राई, भुवानसिं राई, महासचिव जीवन हाताचो राई, सचिव अरुणा राई, कोषाध्यक्ष सीताकुमारी राई, सहकोषाध्यक्ष मोतीलाल राई, सदस्यहरू तिखबिर राई लगायत सदस्यहरू उँबु आउनु भयो । हामी उँबुमै रहेकोले मुद्दाको सुनुवाईका निम्ति ओखलढुंगा सदरमुकाम अदालत जानै पर्ने भएकोले म करिब ९ दिन जति त्यतै बसें । घर फोकुल अलिक तल छ । त्यसैले स्वालेवा पार्क नजिकै वाम्रास केन्द्रीय सदस्य महाजित राई र गापा उपाध्यक्ष सबिता राई (मेरो साली साइली र साढुभाइ) को घरमा मेरो बसाइ रहने गरेको छु ।

चर्चा स्वालेवा पार्ककै

एउटा भनाई छ- असल र पवित्र उद्देश्यले गर्न खोजेको कामको लागि कहिले काही संयोग वा भाग्यले पनि साथ दिन्छ । सौराज भाइ निर्माण उपभोक्ता समितिको अध्यक्ष छनौट हुनु नै स्वालेवा पार्कको परिकल्पनाले साकार रूप लिनसक्यो । यी भाइ बहु प्रतिभावान छन् । डिजाइन पनि गर्छन् । काठको बुट्टा पनि कुँद्छन् । एक सिपालु सिकर्मी हुन् । सानो गाँठीका यी ठीटा संसार भ्याउँछन् । स्कूलमा गएर विद्यार्थीहरूलाई कम्प्यूटर पनि पढाउँछन् । आफैंले राखेको मिल चलाउन पनि भ्याउछन् । फोटो स्टुडियो चलाउँछन् । चिठी पत्र टाइप, प्रिन्ट गर्ने, इन्टरनेट इमले चलाउँन भ्याउँछन् । स्वालेवा पार्कमा मिस्त्री गर्न पनि भ्याउछन् । बस्तुभाउलाई घाँसपात गर्न पनि भ्याउँछन् । घरिक ओखलढुंगा, मानेभञ्ज्याङ, काठमाडौं खुरुक्क पुगेर फर्किन्छन् ।

सौराज भाइको क्रियाशिलता र लगनशिलताको कारणले स्वालेवा पार्क निर्माण योजना सम्पन्न हुँदैछ । नापजाँच लागत स्टेमेट पालिकामा पेश गरेर पेश्कीसमेत निकासा गरी काठमाडौंबाट आवश्यक सामग्री खरिद गरेका छन् । सौराज भाइकै आफन्त नन्दकुमार भाइले नक्साको डिजाइनअनुसार मार्बल र ग्रेनाइट बिछ्याउने काम सम्पन्न गरेका छन् । स्वालेवा पार्क त्यस्तो बन्छ होला भनेर धेरैलाई विश्वास थिएन । आफ्नो परिकल्पना पूराहुँदै गएको देखेर खुशी र गर्वानुभुति भएको छ । म स्वालेवाको रंगरोगन, रिलिफ आर्ट, भित्तामा टाँस्ने मार्बलको फाइनल नापनक्सा लिनको लागि फेरि स्वालेवा पार्क पुगेको थिएँ ।

आर्थिक वर्ष सकिनै लाग्दा पालिकाबाट प्राप्त रकमबाट काम सकेर असार मसान्तभित्र फरफारक गर्नुपर्ने चटारो थियो । ३९ फिट अग्लो स्वालेवाको मूर्तिमा स्वालेवकै मौलिक रंगरोगन गर्न अरुबाट संशय थियो । त्यसैले स्वालेवा मूर्ति निर्माण गरिदिनु हुने प्राज्ञ धनु याक्खाज्यूले आफै कलरिङ गरिदिने वचन दिनु भएको थियो । मैले फिल्डबाटै धनु याक्खा सरलाई फोन गरें । सम्पर्क भयो । बाध्यता बताएँ । बिन्ति बिसाएँ । आफै उहाँलाई काठमाडौंबाट ल्याउने लाने कसम खाएँ । अन्तमा अति व्यस्त समयको बाबजुद असार २२ गते स्वालेवा पार्क आइपुग्ने जनाऊ दिनुभयो । त्यतिबेलासम्म स्वालेवाको मूर्तिमा खट बाँधी सक्नुपर्ने र आइपुगेको २ दिनमा काम राफसाफ गरी काठमाडौं फर्कने योजना बन्यो । त्यसपछि म कलाकार टोली लिन काठमाडौं हानिएँ । प्राज्ञ याक्खालाई भेट्न उहाँकै आर्ट स्टुडियोमा समाजवादी पार्टीका केन्द्रीय सदस्य मेरा मित्र भीम राईसँग पुगें । मिठो चियाको चुस्कीसँगै उँबु प्रस्थानको आवश्यक तयारीबारे सरसल्लाह भयो ।

संयोग, जोजन वा स्वालेवा पार्कको भाग्य ? काठमाडौमा बिल्डिङ्गसम्बन्धी रंगरोगन व्यवसायी कटारी गँबुवा निवासी नन्दराज राई (सौराज भाइको आफ्नै भतिज)को एकान्तकुनास्थित पसमा पुग्यौं । इतिवृत्तान्त सुनेपछि नन्दजीले आवश्यक रंगरोगन र पेन्टरसमेत सौजन्य गरिदिने हुनुभएकोले के खोज्छस् कानो आँखा भनेझैं भयो । आधुनिक प्रविधिबाट रंग बनाउनु पर्ने रहेछ । रंग मिक्स गर्न निकै समय लागेपछि बेलुका लिन आउने सर्तसहित हामी बाहिरियौ । सौराज भाइले खट नभ्फार्दै स्वालेवा मूर्तिको शिरमा बत्ती राख्न टावर लाईट लिएर आउनु भनेकाले लाईट खोज्दा निकै हैरानी भयो । मित्र भिम राईको सहयोगले बल्ल बल्ल सो बत्ती सुनधारा भोटेबहालमा भेटियो । तर गाउँमा बिजुली छैन, ब्याट्रीबाट बाल्नु पर्ने भएकोले लाईटको पावार चै त्यति सन्तोष जनक भएन ।

असार २२ गते बिहानै गाउँका भाइ धनराजको बोलेरोमा प्राज्ञ धनु याक्खा, उहाँको सहयोगी अमन भाइ र मेरो यात्रा उँबु ओखलढुंगातर्फ सोझियो । असारको महिना भएपनि पानी नपरेर पहाड पर्वत सबै सुख्खा र उजाड थियो । आकाशमा ७ वटा घाम उदाएझैं उल्का गर्मी । हामी दिनको ४ बजेतिर उँबु पुग्यौं । खडेरीले बारीको सबै मकै झारापझिरिप पारेको रैछ । हाम्रो गाँसको व्यवस्था पहिले कलाकार टोलीले खाएको साविक होटलमै रहेछ । बासको व्यवस्थाचै गापा उपाध्यक्षज्यूकै घरमा रहेछ ।

दुई दिनमा काम सकेर काठमाडौं फर्कने धनुसरको योजना भएपनि हामी पुग्दा खट तयार भएकै थिएन । असाध्य हतारमा काम भयो । पहिले पनि लेखेको थिएँ, 'आगोको रापमा परेपछि हिउ पनि जल्दो रहेछ, कलाकारको हातमा परेपछि ढुङ्गा पनि बोल्दो रहेछ ।' साँच्चै धनु याक्खाको हातको कुचीहरू स्वालेवाको मूर्तिमा चल्दै गयो । स्वालेवा स्तम्भ पनि बोल्दै गयो । २४ गते बेलुकासम्म मुन्दुम फलाक्दै गरेको नाक्सोको हातबाट खोसेर स्वालेवा पार्कमा लगेर राखेको जस्तै स्वालेवा, स्वालेवा पार्कमा ठिङ्ग देखियो । हेर्ने रमितेहरूको भीड लाग्यो । 'आज्ज्याँसे स्वालेवा स्याँ दुरुस्त जोसिम नि' (साँच्चै ठ्याक्कै स्वालेवाजस्तै देखियो नि) सबैले स्वालेवा हेरेर त्यसै भने ।

स्वालेवा वाम्बुले राईहरूको मुन्दुम, धार्मिक, सांस्कृतिक आस्थासँग जोडिएको पवित्र सामग्री हो । वाम्बुले कुलपित्र पूजारी नाक्सोको शिर सारी पनि हो । जब स्वालेवा पार्कमा निर्मित स्वालेवामा रंगरोगन पनि सकियो । त्यतिबेलासम्म पर्न नसकेको पानी एक्कासी दर्कियो । यसलाई संयोग भन्ने कि अदृश्य कुनै दैवी शक्ति ? बिहान फर्कन पर्ने थियो । स्वालेवा पार्ककै ३ कान्ला मुन्तिर साइनोले दाजु रामदलीको पापाले घरमा पाहुन खान बोलाउनु भयो । उहाँ बिहानदेखि करिब बेलुकीसम्मै स्वालेवा पार्कमा हातमा रेडियो बजाएर गीत सुन्दै हामीसँगै हुन्थे । वाम्बुलेहरूको सारै ठूलो मन । करिब ७५ वर्ष पुग्नै लागेका घरमा एक्लो तर दुहुना भैंसी, कुखुरा, बाखा पालेर बसेका । उहाँको मन राखिदिन पनि जानै पर्ने भयो । फटिकचै आफैं गर्नु पर्ने । ठूला कुखुरा सकिएको रैछ । सानो ३ वटा कुखुरा हाम्रो लागि तयार गरेका रैछन् बुढाले । पाहुनाहरूले तिते खाने मन गरे । म वाचिप्पा (तिते) बनाउन सिपालु । ३ वटा कलिलो कुखुराको गजब वाचिप्पा, भुटुवा स्थानीय कोदोको तीनपानेसँग झिरिप्पै पाऱ्यौं । हामी अघोर रमायौं । बुढा पनि खुशी भए । मेरो दाजु रामदलीको पापालाई धन्यवादसहित उहाँको दीर्घायुको कामना गर्दछु ।

बेलुका उपभोक्ता समितिको अध्यक्ष सौराजको घरमा हाम्रो बिदाइ भान्सा थियो । सौराजको पापा मेरो पाप्कान्छा पूर्व भारतीय सैनिक अत्यन्तै तगडा, अलि भकभकाएर बोल्ने प्रष्ट वक्ता । मानिस सानो गाँठीको भएपनि उनी पहिले गाउँकै दादा थिए रे । उहाँले एक कार्टुन बियर दिउँसै अर्डर गर्नु भएको थियो । रामदलीको पापाको घरबाट बिदा भएपछि फेरि हामी सौराजको घरमा जम्यौं । स्वालेवा पार्क रंगरोगन सौजन्यदाता नन्दराजजी पनि आइपुग्नु भएको थियो, धेरै वर्षपछि दाजुभाइको गाउँघरमा । असाध्यै उत्साहित, सकारात्मक र सृजनशील साइनोमा मेरो भतिजलाई उहाँको सहयोगप्रति आभार व्यक्त गर्दछु ।

भोलिपल्ट बिहान वडाध्यक्ष मेडल राई, पूर्व गाविस अध्यक्ष लक्ष्मण राई, वाम्रास केन्द्रीय सदस्य महाजित राई र उपभोक्त समितिका अध्यक्ष सौराज राईले हामीलाई खादा ओडाएर बडो हार्दिकताका साथ बिदाई गर्नुभयो । ठ्याक्कै १ वर्ष अघिमात्र धनु याक्खाकै नेतृत्वमा ७ जनाको कलाकार टोलीले उँबु आएर सो मूर्ति निर्माण गरिदिनु भएको थियो ।

एक वर्षपछि त्यही मूर्ति प्राज्ञ धनु याक्खा आफैं आएर अन्तिम रूप दिनुभयो । याक्खा सरको योगदानलाई धन्यवाद दिने कुनै शब्द छैन । उहाँ युगयुगान्तर वाम्बुलेहरूको मनमष्तिस्कमा बाँचिरहनु हुनेछ ।

स्वालेवा पार्क निर्माण गर्ने परिकल्पनापश्चात् स्थानको खोजीमा गाउँपालिका उपाध्यक्ष सबिता राईको विशेष पहलमा त्यो ठाउँ जुरेको थियो । स्वालेवा पार्क निर्माण सुरुहुँदा धेरैलाई विश्वास थिएन बन्ला र ? होला र ? भनेर कुरा काट्नेहरूको संख्या मनग्गे थियो तर निरन्तर प्रयासपश्चात् स्वालेवाको मूर्ति मूर्त रूप लिएको छ । यद्यपि स्वालेवा पार्कलाई पूर्णत दिन अझै बाँकी छ । वाम्बुले जिखिम निर्माणाधिन अवस्थामा छ । वरिपरिको पर्खाल, फूलबारी र पार्कको मूल ढोका निर्माण हुन बाँकी छ । तर सबैको शुभेच्छा साथ सहयोग प्राप्त भइरहेकोले चाँडै पूरा हुने आशा र विश्वास छ । यहाँ मलाई एकजना महान व्यक्तिको भनाई सम्झना आयो, 'यदि तिमीसँग विश्वास छ भने पहाड हल्लाउन सक्छौ ।' यही विश्वासको परिणाम नै स्वालेवा पार्क हो । यो लेख अझै अपूरो छ । स्वालेवा पार्क निर्माण कार्य पूरा भएपछि भावी सन्ततीहरूलाई ऐतिहासिक दस्तावेजको रूपमा स्मारिकामा यो लेखले बिश्राम लिनेछ अहिलेलाई यति नै ।

ढ्वाङकुमो २०७६

"यसपाली ढ्वाङकुमोमा बबाल कार्यक्रम गर्नुपर्छ । राष्ट्रिय स्तरको कलाकार ल्याउने हो ।" गाउँघरको युवाहरूको अभिव्यक्ति थियो यो । वाम्बुले राईहरूको आस्था र पहिचान स्थल ढ्वाङकुमटारलाई श्री राज्य लक्ष्मी माविको संरचना विस्तार गरेपछि पूजास्थल साँघुरो बनेको छ । धार्मिक स्थलको सबै जग्गा स्कूलले आफ्नो नाममा दर्ता गरेको थाहा भएपछि वाम्बुले राईहरू आफू अतिक्रमणमा परेको महसुस गरिहेका छन् । युवाहरूमा झन् ठूलो आक्रोश थियो । ढ्वाङकुमटार संरक्षण एवं एडिबीको सहयोगमा निर्माण हुन लागेको माविको नयाँ भवन अन्यत्र सार्नेबारेको सर्वपक्षीय बैठकमा वाम्रास केन्द्रीय उपाध्यक्ष गणेश राईले वाम्बुलेहरूको इतिहास साक्चिम पढाएपछि केही मान्छेहरू 'राईहरुले हेपे' भन्दै उल्का बिच्केका थिए । एडिबीको सहयोगमा बन्न नयाँ भवन अन्यत्र बनाउनेबारे व्यवस्थापन समितिको निर्णय विरुद्ध दोहोऱ्याएर मुद्दा पर्नुको कडी थियो ।

ढ्वाङकुमोको अवसरमा बृहत् कार्यक्रम गरी वाम्बुले राईहरूको धार्मिक स्थल ढ्वाङकुमटारको ऐतिहासिक महत्वबारे प्रचार प्रसार गर्ने योजना बनेको थियो । ढ्वाङकुमोको अवसरमा बृहत् कार्यक्रम गर्न मानेभञ्ज्याङ गाउँपालिकाबाट ४ लाख र वडा नं. ३ उँबुबाट १ लाख रुपैयाँ बजेट विनियोजन भएको हुँदा युवाहरूमा ह्वात्तै उत्साह र हौसला बढेको थियो । वाम्रास केन्द्रीय कार्यसमितिका पदाधिकारी र सदस्यहरूको सुझावचाहि ढ्वाङकुमो र ढ्वाङकुमटारको धार्मिक ऐतिहासिक महत्वबारे बृहत् गोष्ठीको आयोजना गरी कार्यपत्र प्रस्तुत गर्ने सोबारे छलफल गरी दस्तावेजीकरण गरेर संरक्षणको लागि भावी कार्ययोजना तयार गर्ने रहेको थियो र छ । साँस्कृतिक कार्यक्रममा चाहि अलि कम खर्चमा चिनेजानेका पहिचानवादी राष्ट्रिय कलाकारहरूमार्फत् प्रवर्द्धन गर्ने भन्ने थियो । उँबुमा युवाहरूले शेरबहादुर राई (पितुर्के कान्छा)को संयोजकत्वमा 'ढ्वाङकुमो बृहत् सांस्कृतिक कार्यक्रम २०७६ मूल आयोजक समिति' गठन गरेर अघि बढिसके छन् । आयोजक चाहि वाम्रास केन्द्रलाई बनाए छन् । प्रमुख अतिथि, अतिथिहरू ककसलाई बोलाउने जिम्मा आयोजकलाई दिएपछि साँस्कृतिक कार्यक्रमको लागि को को कलाकार

ल्याउने सम्बन्धमा चै आफैं निर्णय ठोकेछन् । वाम्रास केन्द्र र मूल आयोजक समितिबीच विचारको तालमेल पटक्कै मिलेन । प्रत्येक कुरामा गाउँका युवाहरू निकै अघि बढेको देखियो । साँस्कृतिक कार्यक्रममा गायक राजेश पायल राई र विल्सनविक्रम राई (तक्मेबुढा) लाई ल्याउने निश्चित गरी उनीहरूको पारिश्रमिकसमेत समझदारी गरेको सूचना आयो । सबै व्यवस्थापनका दुःख गाउँकै युवाहरूले गर्ने हो तथापि ठूलो कार्यक्रम भएकोले कानूनी र प्राविधिक कुराहरू त आयोजक वाम्रास केन्द्रले मिलाउनु पर्ने थियो । गाउँका युवाहरूको उत्साह घटाउने र उनीहरूको भावनामा चोट पुऱ्याउने काम गर्नु भनेको कार्यक्रम भाँड्नु र भोलिको दिनमा वाम्बुले राईहरूको एकतामा ठूलो दुर्घटनाको सम्भावना थियो । यसलाई वाम्रासले जसरी पनि सन्तुलनमा लानु पर्ने र बुद्धिमत्तापूर्वक निर्णय गर्नु पर्ने भएकोले पनि गाउँका युवाहरूको निर्णयलाई समर्थन गर्दै वाम्रास केन्द्रको जिम्मेवारीमा परेको कार्यहरू सम्पन्न गर्न हामी वाम्रास केन्द्रीय पदाधिकारी र सदस्यहरू आआफ्नो ठाउँमा जुट्यौं ।

यो वर्ष गाउँ जानु मेरो लागि पानी पँधेरो नै भयो । स्वालेवा पार्कका काममा चारपल्ट पुगिसकेको थिएँ । गाउँमा युवाहरू आफ्नो सबै काम छोडेर खटिरहेका थिए । म धरानमा रहेकोले वाम्रास केन्द्रका पदाधिकारीहरूसँग कार्यक्रमबारे खासै छलफल भएको पनि थिएन । सचिव विकास भने प्रचार प्रसारमा मनग्गे लागि सक्नु भएको थियो । राजेशपायल र तक्मेबुढा अनि वाम्बुले कलाकारहरूको तस्बिर अंकित ब्यानरमा ढ्वाङकुमो मनाउन उँबु जाऊँ है भन्ने निम्तोले सामाजिक सञ्जाल रंगिएको थियो । कामहरू थुप्रै थिए होलान् । सबैभन्दो ठूलो काम त आर्थिक व्यवस्थापन थियो ।

यस्तैमा कार्यक्रमको औपचारिक सत्रमा प्रस्तुत गर्ने ढ्वाङकुमो चाडबारेको परिचय लेख्ने जिम्मा वाम्रास केन्द्रीय उपाध्यक्षद्वय गणेश र मेरो भागमा पऱ्यो । गणेशजीसँग प्रायः यस्ता एकेडेमिक दस्तावेजहरू तयारी अवस्थामा नै हुन्छन् । उहाँले ढ्वाङकुमो बारेमा कार्यपत्र नै तयार गर्नु भएको थियो र कैयौं स्थानहरूमा प्रिजेन्टेसन पनि गर्नु भएको थियो । यी डकुमेन्टहरूमा आवश्यक सुझावहरू मलाई मागि रहनुहुन्छ । ढ्वाङकुमो परिचय ब्रोचर तयार गर्न मैले गणेशजीलाई नै डकुमेन्ट मागे र तयार गर्ने जिम्मा मैले लिएँ । कार्यक्रममा प्रस्तुत गर्न आवश्यक सामग्रीहरू काँटछाँट र परिमार्जन गरी लेख चटक्कै तयार गरें । अन्य विज्ञहरूबाट पनि आवश्यक सुझावहरू लिन वाम्रास समूहको सामाजिक सञ्जाल पेजमा पोष्ट गरें । तर राजेशपायल र तम्के बुढाको छेउमा ढ्वाङकुमो चाडको लेख हेर्ने जाँगर सचिव विकासबाहेक अरू कसैको नदेखेपछि त्यसैलाई फाइनल सम्झी आफ्नै गोजाको पैसाले ३५०० प्रति छापेर तयार गरें । उपाध्यक्षद्वय गणेश र अम्बर राई, महासचिव जीवन हाताचोले काडमाडौंको ढ्वाङकुमो शुभकामना आदानप्रदान समारोह धान्नु पर्ने भयो । वाम्रास केन्द्रीय अध्यक्ष गजुरधन र सदस्य तिखबीर जीले मलाई जसरी पनि जानै पर्ने कडा उर्दी जारी गर्नुभएपछि भने म परिलिएँ । ढ्वाङकुमो चाडको

अवसरमा आयोजित कार्यक्रममा आमन्त्रित अतिथिज्यूहरूलाई स्वालेवा पार्क घुमाएर आर्थिक सहयोगको लागि फकाउने अवसर पनि थियो त्यो ।

धरानबाट कटारीहुँदै घुर्मी जाने बाटो बिग्रेर हरिबिजोग थियो । अलि खर्च बढे पनि काठमाडौं गएर केन्द्रीयबाट एकसाथ उँबु जाने भयौं । ब्यानर, प्रमाणपत्र, ब्रोचर, मायाको चिनो, खादा, किताब र कार्यक्रमको रूपरेखा तयार गर्‍यौ । औपचारिक कार्यक्रम सचिव विकासले र साँस्कृतिक कार्यक्रम मैले चलाउने सल्लाह भयो । ढ्वाङकुमो चाड मनाउन उँबु जाने वाम्रास अध्यक्ष गजुरधन, प्रमुख अतिथि किराया केन्द्रीय अध्यक्ष दिवस राई, विशिष्ट अतिथि व्याकुल माइला, कोषाध्यक्ष सीता सदस्य तिखबीर र म एउटा सुमोमा र अर्को सुमोमा सहकोषाध्यक्ष मोतीलाल राईको नेतृत्वमा जाने पक्कापक्की भयो । सचिव विकास मोटरसाइकलबाटै हुइकिने भए । भोलिपल्ट अध्यक्षको युके भिसा टुप्लुक्कै आइपुगेछ, लिन जानै पर्ने । वाम्रास केन्द्रीय कार्यालयबाट मायाको चिनो र किताबहरू लानुपर्ने तर कार्यालय सहयोगी बिहानै चाबी लिएर हिडेछन् । उता प्रमुख अतिथि ठीक समयमा जडीबुटी पुगी हामीलाई कुरेकोकुर्‍यै, यता चाबी पनि बेपत्ता, अध्यक्ष पनि लापत्ता । सचिव अरुणाको भाग्यले ठेलेको रैछ समय । उनले ठीक्क काम पनि सक्नु । हिड्ने सबै परिपञ्च पनि मिल्नु । राम्रै भो उनी छुटेनन् । हाम्रो गाडी दिनको ११:३० तिर गन्तव्य तर्फ हुइकियो । राति ८:३० बजेतिर मात्र हामी उँबु पुग्यौं ।

वाम्बुले राईहरूको प्रमुख चाड ढ्वाङकुमो । त्यसदिन विभिन्न थुममा १७ वटा जति राँगा भैसी काटिएछन् । राति भुटेको मासु र रक्सी रीत बोकेर आ-आफ्नो नाक्सो भेट्न ढोग्न जानुपर्ने । नाक्सोको घरमा संगीना (चाम्दो) पनि खेल्नु पर्ने साँस्कृतिक परम्परा छ । हामीचै लामो यात्राको थकाइले तिखबीर जीकै घरमा मीठो मासुभात खाएर पल्ट्यौ । अध्यक्ष गजुरधन र मेरो सुताइ मेरो स्थायी डेरामै भयो ।

मुख्य दिन

श्रावण ३० गते ढ्वाङकुमो सामाको दिन । घरघरबाट थुम्से लाने दिन । ढ्वाङकुमो बृहत साँस्कृतिक कार्यक्रमको दिन । राजेश पायल र तक्मे बुढाले कार्यक्रम प्रस्तुत गर्ने दिन । हामी बिहानै मञ्च व्यवस्थापन हेर्न र व्यवस्थापकसँग बैठक बसी आवश्यक कार्यक्रम तयार गर्न कार्यक्रम स्थल ढ्वाङकुमटारतर्फ लाग्यौ । स्कूलको कम्पाउण्ड भित्रको सानो चौरको पूर्वपट्टि चिटिक्कै मञ्च निर्माण भएको रहेछ । दक्षिणतिर पनि काठका फल्याकहरू जोडेर जेष्ठ नागरिक, महिला र बालबालिकाहरूको लागि मञ्च निर्माण गरिएको रैछ । स्थानीय युवाहरूले साँच्चै सजधज साजसज्जासाथ मञ्च बनाएका रहेछन् । कलाकारहरूलाई बस्न पोशाक लगाउन बेग्ले कोठाहरूको व्यवस्था रैछ । विशेष राजेश पायल राई र विल्सन विक्रम राईको लागि आराम गर्न बेग्लै कोठा चटक्कै तयार गरिएको रैछ । यो सब देखेर हामी दङ्ग पर्‍यौ । कार्यक्रमबारे व्यवस्थापकहरूसँगको छोटो बैठक र छलफल पश्चात सबै कुरामा सहमति भएपछि हामी खाना खान र पोशाक लगाउन तिखबीरजीकै घरतिर झर्‍यौं । व्यवस्थापकहरूले हाम्रो लागि एउटा दोकानमा खानाको व्यवस्था गरेको भएपनि सूचना नभएकोले खाना पाकेन र तिखबीरजीकै दिदी साइली श्याममायाले दुःख पाइन् ।

खाना खाइसकेर हामी कार्यक्रम स्थलतर्फ लाग्यौं । घरघरबाट ढ्वाङकुमटार पूजा स्थलमा थुम्से लानेहरूको लर्को बिस्तार बढ्दै गयो । यसपाली ठूलो साँस्कृतिक कार्यक्रम

भएकोले बेलैमा पूजा सम्पन्न गर्ने उर्दी रहेछ । चार नाक्सोहरू पनि आफ्नो घरमा पूजा र रीतिरिवाज पूरा गरी सामूहिक पूजा स्थलतर्फ लाग्ने तरखरमा थिए । पहिलो चरणको औपचारिक कार्यक्रम ढिलोमा दिनको २ बजे सम्ममा सुरु गर्ने योजना थियो । ढ्वाङकुमटार ढ्वाङकुम स्थलमा बिस्तारै धार्मिक साँस्कृतिक रौनकता बढ्दै गयो । चार नाक्सोहरू जम्मा भइसकेका थिए । रौसे महिला पुरुष मादल भिरेर रामदले सालाङ गाउँदै ढ्वाङकुमथानलाई परिक्रमा गर्दै थिए । कोदोको झोलले कोही कोही मनग्गे अरिंगाले भइसकेका थिए । यस्तैमा विशेष अतिथि पूर्व माननीय रामहरि खतिवडा र उहाँको टोली कार्यक्रम स्थलमा आइपुग्नु भयो । औपचारिक कार्यक्रम सुरू नभइसकेकोले अतिथिहरूलाई लिएर हामी स्वालेवा पार्क भ्रमणमा गयौं । उहाँ सांसद हुँदा सांसद विकास कोषबाट १० लाख रुपैयाँ उपलब्ध गराउनु भएको थियो । आज सो स्वालेवा पार्कले मूर्तरूप धारणा गरेकोमा उहाँ निक्कै खुसी हुनुभयो । र तुरुन्तै व्यक्तिगत ५० हजार दिने बचन दिनुभयो । त्यसैगरी उहासँगै आउनु भएका नेविसंघका पूर्वउपाध्यक्ष माक्खा निवासी नबिन राईले १५ हजार सहयोग गर्ने वचन दिनुभयो ।

केही समय पार्क भ्रमणपश्चात् हामी कार्यक्रम स्थलमा फर्क्यौं । पूजा सुरु भइसकेको रहेछ । उधुम भिड बढेको थियो । केही बेरमै थप विशिष्ट अतिथिहरू संघीय सांसद यज्ञराज सुनुवार र प्रदेश सांसद मोहन खड्का, ओखलढुंगाका सहायक सिडिओ तुलसी भट्टराईलगायत उहाँको टोली आइपुग्यो । प्रहरी बल पनि कार्यक्रम स्थलमा आइपुगेपछि उहाँहरूको पालो स्वालेवा पार्क भ्रमण गराउन तल झर्यौं, वाम्रास अध्यक्ष, तिख र म । पार्क देखेर माननीयहरूले निकै प्रशंसा गर्नु भयो । संघ र प्रदेशबाट पार्कको संरचना पूरा गर्न सहयोग गर्ने बचनबद्धता पनि उहाँहरूबाट प्राप्त भयो । यति काम सकेपछि हामी औपचारिक कार्यक्रम सुरु गर्न कार्यक्रम स्थलमा पुग्यौं । पूजा सम्पन्न भइसकेको रहेछ । नाक्सोहरूलाई सम्मान गर्ने कार्यक्रम थियो तर हामी अलि ढिलो भएकोले अर्को दिन घरमै गएर सम्मान गर्ने सल्लाह गरी औपचारिक कार्यक्रम सुरू गर्यौं । निर्धारित समय भन्दा ३० मिनटमात्र ढिलो २:३० बजे वाम्रास सचिव विकास राई (सौगात)ले कार्यक्रम सुरू गर्नुभयो । वाम्रास केन्द्रीय अध्यक्ष गजुरधन राईले अध्यक्षता गर्नु भएपछि कार्यक्रमको मुख्य संयोजक शेरबहादुर राई, प्रमुख अतिथि किराया केन्द्रीय अध्यक्ष दिवस राई, विशिष्ट अतिथिहरू व्याकुल माइला, मा. यज्ञराज सुनुवार, पूर्वसांसद रामहरी खतिवडा, प्रदेश सांसद मोहन खड्का, नेकाका जिल्ला सभापति प्रदिप सुनुवार, समाजवादीका नेता धिरेन्द्र रूम्दाली, ओखलढुंगा जिल्लाका सहायक प्रमुख जिल्ला अधिकारी तुलसी भट्टराई मञ्चाशन गरायौं । यसैगरी मानेभञ्ज्याङ गाउँपालिकाका सबै वडाका वडाध्यक्षज्यूहरू, आमन्त्रित अतिथि, प्रायोजक, विशेष व्यक्तित्वहरूको आसन ग्रहण पश्चात् सामुहिक राष्ट्रिय गानमा सबै सरिक भयौं । मादल, बाँसुरी बजाएर रामदले सालाङ गाएर प्रमुख अतिथिबाट कार्यक्रम उद्घाटन गर्ने योजना थियो । तर आवश्यक व्यवस्थान नभएकोले खरी झरेको मादल बजाएर प्रमुख अतिथिज्यूले कार्यक्रम उद्घाटन गर्नुभयो ।

वाम्रास उपाध्यक्षको हैसियतले स्वागत मन्तव्य दिएँ । ढ्वाङकुमो चाड र अतिक्रमित जग्गाको आवश्यक संरक्षणबारे तयार पारिएको ब्रोचर लेख पढेर सुनाएँ । कार्यक्रमको बीचमा राष्ट्रगानका सर्जक व्याकुल माइलाले तयार गर्नु भएको अडिया लोक भाकाको विमोचन भयो । श्याममायाको नेतृत्वमा वाम्बुले संगीन चाम्दो प्रदर्शन गरियो । सबै अतिथिहरूले सकारात्मक अभिव्यक्तिसहित कार्यक्रमको सफलताको शुभकामना दिनुभयो ।

अतिथिहरूलाई मायाको चिनो सुरिम प्रदान गरिएपछि अत्यन्त ठीक समयमा करिब ७ बजे कार्यक्रमको औपचारिक सत्र सभाध्यक्ष गजुरधन राईले आफ्नो भनाईसहित समापन गर्नुभयो । यो सभ्य र भव्य कार्यक्रम वाम्बुले राईहरूको अभुतपूर्व एकताको प्रतिक थियो । इतिहास निर्माण र सिर्जनशिलताको उदाहरण थियो भने साँस्कृतिक जागरण र संरक्षणको थालनी पनि थियो ।

सांगीतिक माहौल

दोस्रो चरणको कार्यक्रमको प्रमुख आकर्षण गायक राजेश पायल राई र विल्सन विक्रम राई जो कार्यक्रम स्थलमा आइसक्नु भएको थियो । उहाँहरूले स्वालेवा पार्कको भ्रमण पनि गरिसक्नु भएको थियो । लगायत वाम्बुले कलाकारहरू बुद्ध राई, राज राई, अशोक प्यासी राई, चाँदनी राई, सीता राई, सचिन राई, अम्बिका राई पनि आइसक्नु भएको थियो । साँस्कृतिक कार्यक्रम सञ्चालन गर्ने जिम्मा मेरो भएता पनि स्थानीय साथीहरूलाई प्रोत्साहित गर्नुपर्छ भन्ने सोंचले कार्यक्रमको सुरूमा वातावरण निर्माण गर्न म स्टेजमा निस्कें । त्यसपछिका कार्यक्रम सञ्चालन गर्ने जिम्मा कल्याण पाहुना राईलाई सुम्पें । साँस्कृतिक कार्यक्रमको पहिलो चरणमा वाम्बुले कलाकारहरूको बेजोड प्रस्तुती रह्यो । त्यसपछि तक्मेबुढालाई मञ्चमा मैले स्वागत गरें । बुढाले उपस्थित संस्कृतिप्रेमी भीडलाई हुरुक्कै हुनेगरी हँसाए । चौरमा अचाक्ली भिड बढेर थामी नसक्नु भयो । शान्ति सुरक्षाको लागि नेपाल प्रहरी र सशस्त्र प्रहरीको पल्टन एवं ५० जना स्वयंमसेवक वाम्बुले युवा युवतीहरू परिचालित थिए ।

राई इज किङ राजेश पायलको पालो आयो । 'सोल्टीनी सेवारो' बोलको गीत गाउँदै उनी मञ्चमा देखापरे । यी गायकले गजब टोनिक खाएका छन् मञ्चमा जति उफ्रिए पनि थाक्दैनन् । यिनको सास बढेर स्वाँस्वाँ हुँदैन । पहिलो गीत सकेपछि कसले सिकाए कोनी वाम्बुले राई भाषामा 'उङ्गुनो आचु बिहे प्वाचो ?' (मसँग को बिहे गर्ने ?) भनेर जिस्किए । काठमाडौं राति नै फर्कन पर्ने भएकोले अबचै बिदा पाउँ भन्दाभन्दै पनि जनसमूहले धरदिएनन् । उनले दर्जनभन्दा बढी गीत गाउँन भ्याए । अन्तमा राई इज किङ

र तक्मेबुढालाई वाम्बुले टोपी ओडाएर मायाको चिनो सुरिम प्रदान गरी राति १२ बजेतिर बिदाई गर्‍यौ ।

ओखलढुंगाको वामड्याल (उँबुगाउँ) जस्तो विकट गाउँ ठाउँमा काठमाडौबाट राजेश पायल, विल्सन विक्रमजस्ता ख्यातीप्राप्त महँगा कलाकारहरूलाई ल्याएर कार्यक्रम गर्नु आफैंमा दुस्साहस थियो । तर वाम्बुले युवाहरूले यो काम गरेरै छाडे । जहाँ इच्छा त्यहाँ उपाय भनेको यही रहेछ । ढ्वाङकुमो बृहत् साँस्कृतिक कार्यक्रम २०७६ सफल बनाउन अहोरात्र खट्नु हुने उँबुका सबै युवा भाइ-बहिनीहरूलाई यसै लेखमार्फत् बधाईसहित यहाँको कामको उच्च प्रशंसा गर्न चाहन्छु । स्याब्बास ! कार्यक्रमको लागि सहयोग गर्ने अभिभावकहरूलाई सेवाढोग सलाम गर्न चाहन्छु । जिउ बाःम !

सहभागी कलाकार र गीत

राजेश पालय राई - दर्शन नमस्ते, मैले मायाले दिएको लगायत

विल्सन विक्रम राई- क्यारिकेचर र नृत्य दुबो फुल्यो (द्वेध नृत्य..)

अशोक प्यासी राई- ओखलढुंगा हिलेपानी गाउँ...

बुद्ध राई- हुन्न हुन्न भन्दा भन्दै...

सचिन राई- तिमीलाई देखेपछि...

राज राई- फेसबुक खोलें, तिमीलाई देखें

अम्बिका राई - कम्मरमाथि पटुकी ..

चाँदनी राई- नृत्य- सुर्के थैली खोई..

सीता राई- नृत्य- हिजो राति सपनीमा देखें तिमीलाई र दुबो फुल्यो (द्वेध नृत्य..)

कलाकारहरूले बिदा लिएपछि पनि काठमाडौबाट ल्याइएको साउण्ड सिस्टममा हौसेरौसे भाइबहिनीहरू रातभर नाचिरहेका थिए । बिहान छ्याङ्गै उज्यालो हुने बेलासम्म चोकमा रामदले सालाङ गाएर नाचेर अध्यक्ष गजुरधन र मैले पनि गजबसाथ ढ्वाङकुम मनायौं । कार्यक्रमको दोस्रो दिन प्रमुख अतिथि किराया केन्द्रीय अध्यक्ष दिवस राईलाई वाम्बुलेहरूको आस्था र विश्वासको प्रतिक लिब्जु डाँडामा लगी लिब्जुउपोको दर्शन गरायौं । तेस्रो दिन बिहानै उँबु स्वालेवा पार्कबाट मायाको चिनो सहित उहाँलाई आभारसहित हार्दिक बिदा गर्‍यौं । हाम्रो टोलीले पनि ढ्वाङकुमो बृहत् साँस्कृतिक कार्यक्रम २०७६ को मिठो सम्झनाहरू मनभरी भरी बोकेर उँबुबाट बिदा लिएर कर्मथलोतर्फ प्रस्थान गर्‍यौ ।

तिरिरि मुरली बज्यो वनैमा...

ढ्वाङकुमो २०७६ को सम्झना सँधै रहोस् हामी सबैको मनैमा ।

बिदा ।

साँस्कृतिक चेतना र क्रान्तिको लाइभ शो

- विकास सौगात

ऐनामा गाउँ

नौ डाँडा पारिबाट आफ्नो गाउँ देखिएमात्र पनि भित्र साह्रै छुन्छु । सानो छँदा आमासँगै मैनी बजार जाँदा मन्धरे, जोर्ती, सोरूङ हुँदै महाभारत निस्केपछि आमाले गाउँ देखाउनु भएको थियो । गाउँलाई टाढाबाट हेरेको त्यही हो पहिलो पटक । १७ वर्षको उमेरमा पढ्नका लागि एक्लै घरबाट हिँडेको म । सोक्मटार, घुर्मी, जौबारी हुँदै हिड्दै महाभारत पुगेँ र पुःन हेरेँ गाउँलाई । लिब्जुको शिरबाट आँखा ओराल्दै गाउँसम्म पुग्न कत्ति पनि गाह्रो हुँदैन । सम्झेँ घरमा रहेका बुबा आमालाई र बढाएँ यात्रा अगाडि । भरै त पुग्नु छ कटारी । थाहा छैन कति टाढा हो त्यो ? कान्छी बजार । यसरी हरेक यात्रामा गाउँलाई पऽरबाट हेर्ने लत बस्यो ।

सोखु खोला र बहादुरा खोलामा जुत्ता भिजेपछि खुट्टामा केही शित्तल छ । हेलमेटभित्र टाउको घामले रन्किएको छ । गर्मी छल्न छिटो थाक्ले चढ्नै सुरमा छौं विष्णुमाइला संग । सुनकोशी कट्नेवित्तिकै एउटा विशाल पक्की गेटमा यहाँहरूलाई ओखलढुंगामा स्वागत छ । ओखलढुंगा युके समाजद्वारा निर्मित लेखिएको गेटले उहाँहरूप्रतिको सम्मान चुलिएको आभास हुन्छ । जन्मभूमि प्रतिको माया र माटो प्रतिको कर्तव्य एकसाथ उभिएको देखिन्छ । सलाम छ । हिलेपानी भञ्ज्याङबाट हाम्रो एक टोलीले हामीलाई कटेर अघि बढ्छ । जहाँबाट गाउँ देखिन्छ आफ्नो भाषी भेटिन्छ गाउँ पुगिसकेको भान हुन्छ । त्यसैले अब यात्राको रफ्तारमा उति हतारो छैन । फोटो खिच्दै मानेभञ्ज्याङ बजार पुगेपछि थाहा हुन्छ भोलिको कार्यक्रमको उपस्थिति भव्य हुनेछ ।

अहिले बाइकको पछाडि सिटमा छु । क्यानन ८० डी काँधमा झुण्डिएको छ । क्यामराको लेन्स ओपन गर्नेबित्तिकै पहिलो क्लिक राष्ट्रिय गानका सर्जक व्याकुल माइलाको घर देखिने गरी बटन दबाउँछु । गुडिरहेकोले मेरो क्यामरा सेटिङ म्यानुअलमा छैन । अटो सेटिङले कहिले नराम्रो र कहिले असाध्यै राम्रो खिचिरहेको छ । दुधकोशी, सिद्धाथाम, भुम्जु, जेरूङ गाउँ, रिचुवा खिच्दै लिब्जु र वाम्द्याल समेत कैद गर्न सकिने लोकेसनमा २२० पल्सरको ब्रेक लाग्छ । नलागे त झिरिप्पै झरिगइन्छ क्वाक्ट्वाम्फू गहिरा । मोबाइलमा डाटा अन गर्दा सिग्नल एच । फेसबुक लाइभ क्लिक गरी केही वाक्यहरू भूमिकाको रूपमा वाचन हुन्छ । ढ्वाङ्कुम बृहत् साँस्कृतिक कार्यक्रमको लागि हामी मानेभञ्ज्याङ आइपुगेका छौं । भोलि २०७६ साउन ३० गते बिहीबार उँबुको ढ्वाङ्कुमटारमा भव्य साँस्कृतिक कार्यक्रम हुन गैरहेको छ । कार्यक्रममा नेपाली गीतसंगीतका बादशाह राजेश पायल राई र हास्यव्यंग्यका नायक विल्सन विक्रम राई आउँदै हुनुहुन्छ । कार्यक्रम स्थल जुम गरेर देखाउने प्रयत्न गर्दै मोबाइलको लेन्स घुम्छ क्रमशः लिब्जु, वाम्द्याल, भुम्जु, दुधकोशी, उदयपुर र गाउँपालिका केन्द्र र भोलि पुनः स्वालेवा पार्कबाट लाइभ आउने बाचासहित लाइभ ओझेल पर्छ ।

विलम्ब नगरी कार्यक्रमस्थल झर्छौं । अघिल्लो टोली त्यहीँ छन् । अध्यक्ष गजुरधन राई, प्रमुख अतिथि किराया अध्यक्ष दिवस राई, विशेष अतिथि व्याकुल माइला, शुभचन्द्र राई, तिखबीर राई, सीताकुमारी राई, अरूणा राई लगायत आउँदै हुनुहुन्छ । कलाकारहरू राजेश पायल राई र विल्सन विक्रम राई भरै बेलुका खुर्कोट बस्नुहुन्छ । कलाकार टोली आइपुग्ने छन् । हामी कार्यक्रम स्थलमा छौं ।

मूलथलो

इतिहासको निर्माण ज्यादै संघर्षपूर्ण र चुनौतीपूर्ण घट्नाक्रमहरूबाट हुने गर्दछ । मेरो जन्मथलो उँबु ओखलढुंगाले पनि यसपटक एउटा ऐतिहासिक कार्य गर्ने सौभाग्य पायो । ढ्वाङ्कुम किरात वाम्बुले राईहरूले वार्षिक रूपमा गर्ने प्रकृतिको पूजा हो । सबै वाम्बुलेहरूले सामुहिक रूपमा मनाउने महान् चाड पनि हो । किरातीहरू प्रकृति पूजक हुन् । नेपालमा ३२ पुस्ता राज्य शासन गरेका किरातीहरू समयक्रमसँगै राज्यसत्तासँगै अधिकार माग्नु पर्ने स्थितिमा पुऱ्याइयो । विविधताले भरिएको नेपालमामा वाम्बुले राईले पनि आफ्ना मौलिक कुराहरूको संरक्षण सवालमा विगतदेखि अभियान जारी राखेका छन् । आफ्नो थातथलोको ऐतिहासिक पुरातात्विक कुराहरूको खोज तथा संरक्षण गर्ने सिलसिलामा वाम्बुले राई समाज नेपालको दोस्रो राष्ट्रिय सम्मेलन २०७२ ले वाम्बुले राईहरूको उद्गम थलो वामद्यालको ढ्वाङ्कुमटार विद्यालयले अतिक्रमण गरेकोले विद्यालयलाई उचित ठाउँमा स्थानन्तरण गरी ढ्वाङ्कुमटारको संरक्षण गर्ने बुँदा घोषणापत्रबाट जोडदारका साथ उठान गऱ्यो ।

२०७२ सालमा महाविनाशकारी महाभूकम्प आयो । धेरैको जीवन उठायो । ओखलढुंगा पनि भूकम्पबाट प्रभावित भयो । उँबुस्थित राज्य लक्ष्मी मा.वि.को भवनमा पनि रातो स्टिकर लाग्यो । विद्यालय भवन एसियाली विकास बैंकको सहयोगमा बन्ने भयो । ढ्वाङकुमटारमै बन्ने भन्ने सूचना मिल्यो । तर, वाम्रासले जारी गरेको घोषणापत्र ढ्वाङकुमटार धार्मिक थलोलाई बेवास्ता गरी त्यही बन्ने भएपछि यहाँका सरोकारवाला पक्षहरूले पहल शुरू गरे । विद्यालय व्यवस्थापन समितिले तोकेको समयवधि र एरियाभित्र

स्थानीयले आवश्यक जग्गा निःशुल्क उपलब्ध गराए । तर सहज रूपमा स्थानन्तरण हुने वातावरण भने हुन सकेन ।

उँबु र वाम्रास

वाम्बुले राई समाजले लामो समयदेखि समग्र वाम्बुले राईहरूको श्रीवृद्धिमा आफ्नो अभियान केन्द्रित गरेको छ । वाम्बुले समुदायलाई एक सूत्रमा बाँध्नकै लागि पनि यस्ता महत्वाकांक्षी कार्यक्रम संस्थालाई आवश्यक थियो । सो अभियानमार्फत् संसारभरिका वाम्बुलेहरूलाई एउटै मैदानमा ओराल्नु थियो । त्यसैको परिणाम हो, ढ्वाङकुम बृहत सांस्कृतिक कार्यक्रमको आयोजना । सो आधारहरू तयार गर्न उपाध्यक्ष गणेश राईलगायत वाम्बुले अग्रजहरूको अमह भूमिका अतुलनीय छ ।

कार्यक्रमको संयोजन

महाजित राई मैले थाहा पाउँदा सृजना युवा क्लब हाँकेर अघि बढेका व्यक्ति थिए । यस कार्यक्रम पनि उहाँको पूर्ण सक्रियता र समन्वयमा सभ्य र भव्य रूपमा सम्पन्न हुँदैछ । मूल आयोजक व्यवस्थापन समितिका संयोजक शेरबहादुर राईको सशक्त भूमिका । अहोरात्र खटेर जनशक्तिको परिचालन र स्रोत व्यवस्थापन । ३ नम्बर वडा अध्यक्ष मेडल राईको समन्वयकारी भूमिका लगायत धेरैको महत्वपूर्ण भूमिका छन् ।

कार्यक्रमस्थलमा कार्य विभाजनअनुसार आआफ्नो काम सबैले गर्दै हुनुहुन्थ्यो । लोभलाग्दो र मजबुत मञ्च थियो । मैदान सानो देखियो । चुस्त तबरले ठाउँको विस्तार गरिएको रहेछ । विद्यालय भवनको छतमा चारैतिर बारेर अशक्त, महिला, बृद्धबृद्धा र बालबालिको लागि आरक्षित बस्ने ठाउँ बनाइएको रहेछ ।

अतिथि र कलाकारको उत्कृष्ट स्वागत तथा व्यवस्थापन, प्राथमिक उपचारको लागि हेल्थ डेक्स रूम तयार छ । सामाथान पुग्दा साठी सत्तरी वटा टपरीमा सामा हेपा र सामा सोः तयारी छ । मैले क्यामरा क्लिक गर्दा आधा टपरीहरू धेरैका हातहातमा पुगिसकेका थिए । बाल्यकालझैं टपरीको मासुभात कपाकप खाइदिएँ ।

वडाध्यक्षकले कार्यालयमा बोलाएर लोकल काँक्राको चिराले स्वागत सत्कार अविस्मरणीय थियो । वडाको आधुनिक देखिने कार्यालय । डिलमा उपस्वास्थ्य चौकी र बर्थिङ सेन्टर । वडा र प्रसुति गृह क्याबात वडाध्यज्यू ।

अधिकांश युवाहरूको चासो रहेछ वाम्रासले यस कार्यक्रममा कति खर्च गर्छ ? भौतिक निर्माण तथा कार्य सम्पादनमा के सहयोग गर्छ ? यस्तै । मेडल राइले भन्नुभयो । वाम्रास हाम्रो साझा संस्था हो । त्यहाँका पदाधिकारी तथा सदस्यहरू हाम्रै समाजका सदस्यहरू हुन् । अहिले हामीलाई साझा संस्था चाहिएको छ । त्यो एक मात्र विकल्प वाम्रास हो । हाम्रो ठाउँको गाउँको सम्पदाको संरक्षण गर्न यहीको मानिसले योगदान गर्ने हो । अरू ठाउँको वाम्बुलेहरूले पैसा दिएर हाम्रो सम्पदाको संरक्षण र विकास गर्ने होइन । अझ भौतिक रूपमा अरू ठाउँको वाम्बुले आएर निर्माण गर्नु असम्भव प्रायः हुन्छ । हाम्रो लागि हामीले नै गर्ने हो । हामीले अहिले एकताको सन्देश प्रवाह गर्ने हो । वाम्रास हाम्रो संस्था भएकोले हामीले नै अगाडि बढाउने हो । मैले २ पटक ब्ओकुलामा कविता गोष्ठीको आयोजना गरेको छु । यो हाम्रै समाजको साझा संस्था लागि हो । यसबाट प्रतिफलको

आशा गर्ने भन्दा पनि हामीले कति योगदान गर्ने भन्ने कुरा मुख्य रहन्छ भन्नु हुँदा म वाम्रासको केन्द्रीय सचिवको हैसियत उहाँसँग अत्यन्त आभारी भएँ ।

पछिल्लो टोली आइपुगेपछि कार्यक्रम सम्बन्धमा व्यवस्थापन समितिसँग बैठक बस्नुछ । प्राकृतिक मौसम उत्तम रहेको टोलीलाई रिपोर्टिङ भएको छ । गाउँघरमा चाडबाडताका गाउँमा रमझम हुन्छ । किराँती राईहरूको रौसेपनामा कोदोको रस थपिएपछि प्रायः गज्जब नै हुन्छ । युवा मनहरूले अलि नियन्त्रण गर्नु पर्ने आवश्यकता महसुस भैरहन्छ । ब्ओकुला मैदानमा माटो सम्म्याउने कामको निरीक्षण गर्न मेडल दाइ झर्नु भएछ । बेलुका रिनुवाल उक्लिनु भएन । हामी उमो कान्छीको घरमा नियमित चाम्डोमा सहभागी भयौं । चाम्डोमा युवाको उपस्थिति शुन्य छ । उनै बुढाबुढी थिए । संस्कार संस्कृति धान्ने बुढापाका नै हुन्, पुस्तान्तरण प्रक्रिया फितुलो बन्दैछ । असली संस्कार संस्कृति र भाषाहरू पनि ढलिरहेका छन् । युवा पुस्तामा यसको तिर्खा जगाउने कसरी ?

यो वर्ष तारकोम ढ्वाङ्कुमटार पनि जानुछ । २०६३ सालदेखि ढ्वाङ्कुमोमा अनुपस्थित छु । धेरै कुरा बुझ्नु छ । सोध्नु छ । जान्नु छ । भिडियो रेकर्ड गर्नुछ । फोटो खिच्नु छ । ढ्वाङ्कुमको यर्थाथ अवस्था बुझ्नु छ । ढ्वाङकुमलाई साँच्चै नजिकबाट नियाल्नु छ । काठमाडौंमा बुनेको योजना हो । तर, भोलिको बृहत् साँस्कृतिक कार्यक्रम आफैंले सञ्चालक गर्नुछ । उँबुका ३ वटै ढ्वाङ्कुम करिब सँगै सकिने छन् ।

भोलिपल्ट अतिथिहरूको आवगम हुन्छ । देखाउने एउटै थलो छ, स्वालेवा पार्क । सबैले फोटो खिचेका छन् । सामाजिक सञ्जालमा राखेएका छन् । प्रमुख अतिथिद्वारा रामदले भाकामा मादल र बाँसुरी बजाएर कार्यक्रमको समुद्घाटन भैरहेको छ । उपाध्यक्ष शुभचन्द्र राईको स्वागत मन्तव्य, वडाध्यक्षहरूको तर्फबाट मेडल राईको शुभकामना । व्याकुल माइला वाम्बुले ऐतिहासिकता, मौलिकता र समुदायको लागि तल्लिन हुनुहुन्छ । उहाँको लय संकलन र सम्पूर्ण व्यवस्थापनमा तयारी भएको अडिया गीत विमोचनले उपस्थित सबैको मन मुटु छामेको छ । संगीत र साहित्यको सामर्थ्यता जो छ वाम्बुले बस्तीहरूमा ती मधुर भाकाहरूको गुञ्जायस भैरहन्छ । प्रदेश सांसद हिमशिखर भन्नुहुन्छ,

'लिब्जुको सही तरिकाबाट विकास गर्नुपर्छ । किरात प्रदेशको सवालमा हामी जनयुद्ध कालमा जंगलमा हुँदा उठाएका मुद्दा अहिले आएर अरूले उठाइदिंदा खुशी लागेको बताउँदै किरात प्रदेशकै लागि आफू लडिरहेको बताउनु हुन्छ । पूर्वसांसद रामहरि खतिवडा सबै जातजातिको भाषा, धर्म, संस्कार, संस्कृतिको उत्तिकै सम्मानका साथ राज्यले संरक्षण गर्नु पर्ने जनाउँदै किरात प्रदेशमा कांग्रेस पार्टीको समर्थन रहने बताउनु भयो । संघीय सांसद यज्ञराज सुनुवार ढ्वाङ्कुमको शुभकामना दिंदै किरात प्रदेश प्रति आफ्नो समर्थन रहने बताउनु भयो । व्याकुल माइला दाजु वाम्बुले राईहरूको सम्बन्धमा आजसम्म सँगाल्नु भएका महत्वपूर्ण घट्नानुभव शेयर गर्नुभयो । व्यवस्थापन समितिका संयोजक शेरबहादुर राईको धन्यवाद ज्ञापन र सभाध्यक्ष तथा संस्थाका अध्यक्ष गजुरधन राईको ओजिलो भाषणमा मैदान भरिएको आम दर्शकको ताली ज्यादै उत्साहपूर्ण थियो । जुन कार्यक्रमको शोभाले संसारभरिका वाम्बुले राईहरू एक भयौं भन्ने सन्देश प्रवाह भैरहेको अनुभूति पनि संगै थियो ।

परम्पराप्रति सबैको साथ

यतिबेला संसार भरिका वाम्बुले राई तथा गैर राईहरूको साथ र समर्थन छ । इतिहास निर्माणको क्रममा भएका गम्भीर त्रुटिलाई सच्चाउनु वा पुनःनिर्माण गर्नु वर्तमान नेतृत्वको जिम्मेवारी हुन्छ । आत्मालोचना र पश्चाताप्बाट नभई ऊर्जाशीलता र जागरणबाट त्यस कार्य सम्भव छ । तर त्यस अभियानबाट कुनै अन्य अमुक व्यक्ति र समुदायलाई अन्यायमा पार्नु हुँदैन । विगतका विविध कालखण्डमा भएका कमजोरीहरूको अध्ययन र विश्लेषण गर्दै भावी पुस्ताका लागि गर्व गर्न लायक समाज र सामाजिक कुराहरूको निर्माण हाम्रो पुस्तालाई आएको जिम्मेवारी हो । यसबेला समग्र वाम्बुले राईहरूलाई एक ढिक्का बनाउने पनि हो । कहिले काही लाग्छ हामी बढी विचलित छौं । बढी प्रयोग भैरहन्छौं । आफ्नो भन्दा बढ्ता अरूको चिन्ता लिन्छौं । त्यसकारण परिचालित हुन्छौं । तर यसपाली आफ्नै मोर्चा सम्हाल्नु थियो । अध्यक्षज्यूले त्यसको काँध थाप्ने आँट गर्नु नै सर्वथा प्रशंसनीय छ ।

हामीहरूले आउने पिँढीहरूका लागि गर्व गर्न लायक कुराहरू छोडेर जानु छ । उँबु वाम्द्याल वाम्बुले राईहरूको आदिम थलो हो । तर हाम्रो आदिम थलो बुझाउने, झल्किने कुनै प्राग ऐतिहासिक सम्पदा, चिनो छैनन् । अब त्यसको निर्माण अभियान जारी हुनुपर्छ । बरू त्यस ढ्वाङ्कुमटारलाई सामाजिक र साँस्कृतिक संग्राहलय र अध्ययन केन्द्रको रूपमा विकास गर्नपर्छ । भोलिका पुस्ताले अध्ययन गर्ने नासो सुरिक्षित गरी दिनु हाम्रो जिम्मेवारी र दायित्व हो । हामीले निर्माण गर्नु पर्ने धेरै कुराहरू छन् । हजारौं दर्शक माझ वाम्बुलेहरूको पहिचान उँचो पार्न सफल भएका छौं । भावी दिनमा हामीसँग भएको साँस्कृतिक तथा ऐतिहासिक कुराहरूलाई व्यवसायिक रूपमा र एउटा आन्दोलनको रूपमा निरन्तर अगाडि बढाउनु आवश्यक छ । यस कार्यक्रमले स्वालेवा पार्कसँगै वाम्बुले पहिचानको प्रतिक वाम्बुले टोपीले व्यापक चर्चा तथा प्रचार प्रसार पायो । जसको शुरूवात किराया महाधिवेशन धरानबाट नै प्रारम्भ भएको थियो । बाँकी कुराहरूको उत्खनन अबको आवश्यकता हुनेछ । भाषा, संस्कार, संस्कृतिको गहिरो अध्ययन, परिमार्जन, प्रशोधन, लेखन, दस्तावेजिकरण तथा प्रचार प्रसार अबको हाम्रो कार्यदिशा हुनु आवश्यक छ ।

दर्शकहरू बेलैमा आइपुग्नु भएकोले ढ्वाङ्कुम सामाको अवलोकन अवसर पाइरहेका छन् । साँघुरो चौरभरि टोलुम राखिएका छन् । एकछेउमा संगिना नाचिएको छ । मादलमा

दोहोरी रन्किएको छ । वाम्बुलेहरू वाम्बुले टोपीमा फनफनी नाचिरहेका छन् । नाक्सो डाबुचोहरूले विधिवत पूजा गरिरहेका छन् । जाँगरिला दर्शकहरू फोटो खिच्दै फेसबुकमा शेयर गर्दै छन् । मलाई मञ्चमा सबैले देखिरहेका छन् । मैले मैदानभरि सबैलाई देखिरहेको छु तर एकएक गरी ठम्म्याउन भ्याइरहेको छैन । दोस्रो सत्रको सांस्कृतिक कार्यक्रम शुभचन्द्र राई र कल्याण पाहुनाले सञ्चालन गर्ने उद्घोष गर्दै एउटा सायरी सहित म पनि कार्यक्रमबाट ओझल पर्छु ।

सांस्कृतिक साँझ उसै रमाइलो हुन्छ । महंगो साउण्ड सिस्टम र लाइटले हामीलाई भरपुर ऊर्जा दिइरहेको छ । उसै हामीसँग हास्यव्यंग्य र संगीतका हस्ती विल्सन विक्रम राईले वाम्बुले समाज पुरै पढिसकेको भान हुन्छ । वाम्बुले समुदायका हस्तीहरू व्याकुल माइला, गजुरधन राई, पुष्पहरि क्याम्पा राई, गणेश राईको नाम फटाफट लिदै वाम्बुले समुदायको भाषा, संस्कार, संस्कृति र संगठनलाई समेत समाहित गर्दै हँसाइ रहनुभएको छ ।



राजेश पायल राईको कन्सर्टको इन्ट्री जहाँ पनि बबाल नै हुन्छ । यहाँ पनि भयो त्यस्तै । शुरूको गीतको अन्त्यसँगै दर्शन नमस्ते भनेर वाम्बुले भाषामा केही वाक्यहरू बोल्दै मासलाई थप उत्साहित गरे । राई इज किंगले लगातार १ घण्टा मनोरञ्जन दिलाउनु भयो । अन्तमा, रातको १२ बजे अगावै अध्यक्ष र राष्ट्रिय गानका रचनाकारबाट मायाको चिनो ग्रहण गर्न भ्याउनुभयो । क्षण अत्यन्तै गौरवमय रह्यो ।

राष्ट्रिय कलाकार बोलाउने सन्दर्भमा निकै लामो बहस र छलफल गरेका थियौं । अन्ततः निज कलाकारहरूलाई ल्याउनै पर्ने कारण स्वयंसिद्ध गरिदिएझैं लाग्छ । विल्सन विक्रम राईले टेलिभिजनमा, विभिन्न कार्यक्रममा अन्तरवार्ता तथा भिडियोहरूबाट वाम्बुले टोपीको प्रचार गरिरहका छन । गायक राजेश पायल राईले कार्यक्रम स्थलबाटै लिब्जु ओखलढुंगा भन्ने क्याप्सनसहित आफ्नो कार्यक्रमको प्रस्तुती फेसबुक लाइभ गराउनुभयो । जसले हाम्रो कार्यक्रमको अन्तर्राष्ट्रियकरण भएको बुझाउँछ । काठमाडौं फर्किंदा उहाँको लाइभ भिडियो १ लाख पैसट्ठी हजारले हेरेको रेकर्डले देखाएको थियो । यसलाई साँस्कृतिक चेनता र क्रान्तिको लाइभ भन्ने बुझेको छु । आवश्यक परेको बेला अधिकतम प्रयासकासाथ विषम परिस्थितिमा पनि मजवुत भएर वाम्बुलेहरू उपस्थित हुनसक्छन् भन्ने प्रमाणित भएको छ । आगतमा पनि यही हुने आशा छ ।

द्वाङ्कुम बृहत सांस्कृतिक कार्यक्रम २०७६

- अभिनाथ राई, महाजित राई, सौराज राई

पृष्ठभूमि

नेपालको पुर्वी जिल्ला ओखलढुंगाको मानेभञ्ज्याङ गाउँपालिका-३ उँबू वाम्बुले राईहरूको उत्पत्ति थलो मानिन्छ । वाम्बुले राईहरूको महान् चाड द्वाङ्कुम हो । यस द्वाङ्कुम चाड देश विदेशमा एकै साथ मनाउने गर्छौं । वाम्बुले राई एक किराती हो, त्यसैले हामी प्रकृति पुजा गर्ने गर्दछौं । प्रकृति पुजा पनि व्यक्तिगत र सामूहिक रूपमा गर्ने गरिन्छ । व्यक्तिगत रूपमा मंसिर पूर्णिमामा पुजिन्छ भने सामूहिकमा बैशाख पूर्णिमामा भुमेपुजा र द्वाङ्कुममा सामूहिक प्रकृति पुजा गर्ने चलन रहिआएको छ । यो वाम्बुले राईहरूको पुर्ख्यौली थलो हो, हाम्रो महान् चाड मनाउने जुन थलो छ त्यो ठाउँलाई द्वाङ्कुमटार अर्थात् बिजुवास्थान भनेर पनि चिनिन्छ । यो वाम्बुले राईहरूले प्रकृति पुज्ने धार्मिक थलो हो । यो थलोलाई श्री राज्यलक्ष्मी माध्यमिक विद्यालय स्थापनापछि यसको भवन संरचना विस्तार कार्यले गर्दा द्वाङ्कुटार सानो र साँघुरिदै गएको छ । यो हाम्रो धार्मिक थलोलाई हामीले नै संरक्षण गर्नु पर्छ भन्ने उद्देश्यले यहाँको युवा, अग्रज व्यक्तित्व, सरोकारवालाको सामूहिक निर्णयबाट नै 'द्वाङ्कुम बृहत् सांस्कृतिक कार्यक्रम-२०७६' आयोजना गरिएको थियो । यो भन्दा पहिला सांस्कृतिक कार्यक्रम नभएका भने होइन । यसअघि पनि पाँच-छ पटक साँस्कृतिक कार्यक्रम आयोजना गरिएको थियो तर उद्देश्य फरक थियो । यो भन्दा पहिलाको सांगीतिक कार्यक्रम प्राय प्रतियोगितात्मक रूपको हुने गर्थ्यो, स्थानीय कलाकारहरूलाई प्रोत्साहनको रूपमा । यो पटक वाम्बुले राईहरूको

अस्तित्व जोगाउनको लागि आयोजना गरिएको थियो । ऐतिहासिक, धार्मिक, साँस्कृतिक थलो लिब्जु ढ्वाङ्कुमटारलाई राष्ट्रियकरण गरी लिब्जु, भुम्जु, सिद्ध धाम (हिलेपानी) सँग पर्यटकीय स्थल निर्माण गरी समृद्ध र राष्ट्रिय सरोकारको विषय बनाउनु थियो ।

महा भूकम्प २०७२ मा देशमा ठूलो धनजनको क्षति भयो । साथै शैक्षिक क्षेत्रमा पनि ठूलो क्षति व्यहोर्नु पऱ्यो । भूकम्प पश्चात्को पुनःनिमार्ण अन्तर्गत यस ओखलढुंगा जिल्ला मानेभञ्ज्याङ गाँउपालिका वडा न. ३ उँबूस्थित श्री राज्यलक्ष्मी मा.वि.लाई पनि एसियाली विकास बैंकले पूनःनिमार्ण गरी दिने भयो । र साबिक ठाउँमै विद्यालयको पुनःनिमार्ण गर्दा वाम्बुले राईहरूको धार्मिक स्थललाई असर पर्ने निश्चित थियो र छ । त्यसो हुदाँ धार्मिक स्थल संरक्षण गर्नु पर्छ भन्ने पक्षले सोही स्थानमा भवन निमार्ण गर्नु हुँदैन भन्ने मत राख्दैआए । विद्यायल वरपरका समुदायको व्यक्तिहरूले एसियली विकास बैंकले निमार्ण गर्ने भवन सोही स्थानमा निमार्ण हुनुपर्छ भन्ने मत राखे । यी दुइ पक्षको ठूलो विवाद सिर्जना भएको थियो । यसै समयमा उँबूका वाम्बुले युवा तथा अग्रज व्यक्तित्वहरूसँग सामान्य छलफल भएको थियो, यसपालीको ढ्वाङ्कुममा सांस्कृतिक कार्यक्रम गर्ने भनेर । यसै बीचमा वडा र गाउँपालिकामा बजेटको लागि प्रस्ताव गरियो । वडाबाट एक लाख रुपैयाँ र पालिकाबाट चार लाख रुपैयाा स्वीकृत भयो । 'ढ्वाङ्कुम बृहत् सांस्कृतिक कार्यक्रम २०७६' आयोजना गर्न यति रकम पर्याप्त थिएन । काठमाडौंलगायत देश विदेशमा रहनु भएका किरात वाम्बुले राईहरू तथा गैर वाम्बुले राईहरूसित आर्थिक सहयोगको लागि हारगुहार गर्नु बाध्यता थियो । यसै क्रममा २०७६ असारको अन्तिमतिर उँबूको वाम्बुले युवाहरूको बृहत् उपस्थितिले यसपालिको ढ्वाङ्कुममा शेरबहादुर राईको संयोजकत्वमा १९ सदस्यीय मुल व्यवस्थापन तथा आयोजक समिति गठन गरी ढ्वाङ्कुम बृहत् सांस्कृतिक कार्यक्रम आयोजना गर्ने निर्णय भयो । कार्यक्रम सभ्य र भव्य बनाउनका लागि महाजित राईको संयोजकत्वमा ११ सदस्यीय आर्थिक उप समिति र ५२ सदस्यीय वडा स्तरीय आर्थिक संकलन सहयोग समिति गठन गरियो । त्यस्तै गरी जीवनकुमार राईको संयोजकत्वमा ५ सदस्यीय प्रचार प्रसार तथा समन्वय उप समिति, दिनेश राईको संयोजकत्वमा ३ सदस्यीय मञ्च तथा भौतिक व्यवस्थापन समिति, रोहित राईको संयोजकत्वमा ५ सदस्यीय अतिथि स्वागत, सत्कार तथा भान्सा व्यवस्थापन उप समिति, निशन राई संयोजक र कृष्णराज राई सह-संयोजक रहेको ५ सदस्यीय स्वयंसेवक परिचालन उप समितिसमेत बृहत् भेलाले गठन गर्ने निर्णय गऱ्यो । सो भेलाले वाम्बुले राई समाज, नेपाल (वाम्रास) आयोजक रहने र सह-आयोजकमा लिब्जु उपो सामाथान संरक्षण समिति उँबु, ओखलढुंगा तथा उप समिति काठमाडौं, वाम्बुले राई समाज, ओखलढुंगा र ढ्वाङ्कुम सामाथान संरक्षण समिति उँबु, ओखलढुंगा रहने निर्णय भयो । साथै राष्ट्रिय स्तरको कलाकारमा 'राई इज किङ' राजेश पायल राई र हास्यकलाकार 'तक्मेबुढा' विल्सन विक्रम राई निम्तो गर्ने निर्णय गरियो । काठमाडौंमा वाम्बुले समुदायको राष्ट्रिय स्तरका कलाकारहरू राज राई, सिता राई, अशोक प्यासी राई, चाँदनी राई, बुद्ध राई, सचिन राई र अम्बिका राई कार्यक्रममा कला प्रस्तुतिको लागि ढ्वाङ्कुमटार ल्याउने निर्णय भयो । यसरी कार्यक्रम अझ व्यापक र बृहत हुने निश्चय भयो । आर्थिक व्यवस्थापन सबैभन्दा गाह्रो र चुनौतीपूर्ण थियो । तर हिमाल जाने गाईलाई हिमाल नपुगी थाक्दैन भन्ने उख्खानझैं अभियानलाई निरन्तरता दिन हरतरहले लागि पऱ्यौं ।

व्यवस्थापन

२०७६ साउनको पहिलो हप्तातिर आर्थिक उप-समिति संयोजक महाजित राई काठमाडौं प्रस्थान गर्नुभयो । वाम्रास केन्द्रीय पदाधिकारी, कलाकारसँग भेटघाट साथै प्राविधिक सरसल्लाहमा व्यस्त हुनुभयो । यसैबीच स्थानीय एफएम, सामाजिक संजालमा विकास सौगात र हामीले सबैले तिव्र रूपमा विज्ञापन गऱ्यौं । साउनको दोस्रो हप्ता ओखलढुंगा फर्केलगत्तै कार्यक्रमको लागि यहाँ सबै व्यक्तिहरू एकजुट भएर लाग्यौं । आफूले पाएको जिम्मेवारी सबैले इमान्दारपूर्वक निर्वाह गरिरहेका थियौं । यस बीचमा केही साथी र वाम्रास पदाधिकारीहरूबीच प्रमुख अतिथिको विषयमा विवाद भयो । यस विषयमा यहाँका वाम्बुले युवा तथा अन्य व्यक्तिहरूबीचमा छलफल गरियो । उँबूको युवाहरूले प्रमुख अथितिको विषयमा वाम्रासको निर्णयलाई शिरोपर गर्ने सहमति भयो । ढ्वाङ्कुम बृहत् सांस्कृतिक कार्यक्रम सफल बनाउनको लागि बौद्धिक, मानसिक तथा भौतिक रूपमा मात्रै तयारी भएर सफल हुन सक्दैन । यसको लागि आर्थिक पक्षमा पूर्णरूपमा तयारी हुनुपर्छ भन्नेमा एकमत रह्यो । यसको लागि आर्थिक सहयोग संकलन अभियान सुरू भयो । प्रायोजक, सहप्रायोजक खोज्ने काम तिव्रगतिमा भयो । र समूह-समूह बनाएर मोटरसाइकलबाट ओखलढुंगा बजार, केतुके बजार, मानेभञ्ज्याङ बजार, हिलपानी, जयराम बजार, हलेसी, हर्कपुर, घुर्मी बजारमा आर्थिक संकलन गर्न वाम्बुले युवा जुट्यौं । यसैगरी अन्य गैर वाम्बुले युवाहरूले आर्थिक संकलनमा ठूलो सहयोग गर्नुभयो । मानेभञ्ज्याङ गाउँपालिका अन्तर्गतका विभिन्न वाम्बुले राई बस्तीहरूमा व्यक्तिगत रूपमा सहयोग रसिद प्रदान गरिएको थियो । यसबाट पनि आर्थिक रूपमा हामीलाई ठूलो राहत मिल्यो । आर्थिक संकलनमा हामीले दाताबाट ५०/१०० रूपैयाँसमेत लिएका थियौं । यो दाताहरूको सम्मान सम्झेका छौं । सहयोग भनेको ठूलो या सानो त्यो हामीले लिनुपर्छ भन्ने हाम्रो बुझाइ हो । यो बेलासम्म यहाँका सम्पूर्ण युवा तथा अग्रज बुद्धिजीविहरू घामपानी, थकान, भोकप्यास, निन्द्रा नभनी जसरी हुन्छ कार्यक्रम सभ्य र भव्य रूपमा सफल बनाउने उद्देश्यले रातदिन खटिएका थियौं ।

कार्यक्रम भव्य हुने हाम्रो आशा थियो किनकि राजेश पायल राई आउने निश्चित भएको थियो । यसको लागि हामीलाई कार्यक्रम स्थान सानो हुने आभास भयो । र विद्यालय व्यवस्थापन समितिसँग सहकार्यबाट ढ्वाङ्कुम सामा पुजास्थान तर्फको पर्खाल र पहिलेदेखि अन्यत्र सार्ने भनिएको सरस्वती मन्दिर भत्काउने प्रस्ताव अघि सारियो । विद्यार्थीले प्रार्थना गर्दा सरस्वतीको मन्दिर जहिल्यै पछाडि पर्ने भएकाले नयाँ उपयुक्त ठाउँमा निर्माण गर्ने निर्णयअनुसार भत्काइयो । जसले गर्दा ठाउँ फराकिलो बन्यो । साउनको दोस्रो हप्तामा कार्यक्रमको लागि कोको कलाकार आउने त्यसको समेत टुङ्गो भएको थियो । कलाकार बोलाएरमात्रै हुँदैन । उनीहरूको बस्ने व्यवस्था पनि गर्नं पर्छ । यसको लागि महाजित राईको घर उचित हुने भएकोले त्यही राख्ने सहमति भयो । राष्ट्रिय तथा स्थानीय कलाकारहरूको बेजोड सांगीतिक प्रस्तुति हुने निश्चित भएकोले र अथितिहरूको समेत भव्य उपस्थिति हुने अनुमानले त्यही अनुसारको मञ्चको व्यवस्थापन र सजावट हुनु पर्छ भन्ने आम वाम्बुले राई युवाहरूको थियो । त्यही अनुसार यहाँको सामुदायिक वन समितिको सहकार्यमा सडक बिस्तारको क्रममा ढालिएका रूखको प्रयोग गरी मञ्च निर्माण र व्यवस्थापन, सजावट गर्ने निर्णय भयो । मञ्च व्यवस्थापनको संयोजकमा द्वय दिनेश राई र दिवाराज राई हुनुहुन्थ्यो । र उनीहरूको मातहातमा रहेर मञ्च निर्माणको

लागि लगभग ३१८ ओटा पटाइ र २०० ओटा सरा तयार गरी साउन २५ र २६ गते हामीले राज्यलक्ष्मी माविको प्राङ्गणमा जम्मा गऱ्यौं । साउन २६ गतेबाट लगातार २९ गते रातको १२ बजेसम्म मञ्च निर्माण कार्य सक्यौं । मञ्च निर्माणमा दैनिक १०/१२ जना हुन्थ्यो । बिहान ७ बजेदेखि रातको ७ बजेसम्म काम गरेर घर फर्किन्थ्यो । यो बेला हाम्रो खाना, खाजा जे भनेपनि चिउरा, चाउचाउ, पानी, डिउमात्रै थियो । दर्शकलाई ठाउ सानो हुन्छ भनेर लगभग हामी ३/४ सय जना अटाउने कौसी निर्माण गरेका थियौं । कार्यक्रमको अघिल्लो दिन साउन २९ गते हामी अलिक तनाव पनि थियौं र कामको चाप बढी नै थियो । काठमाडौंबाट अझै साउण्ड सिस्टम आइपुगेको थिएन । त्यस्तै केही मञ्च व्यवस्थापन र सजावटको कामसमेत बाँकी थियो । २९ गतेका दिउँसो ३/४ बजे सम्ममा वाम्बुले राई समाज नेपाल (वाम्रास) का पदाधिकारी र लिब्जु संरक्षण उप-समिति काठमाडौंका पदाधिकारीसमेत आइपुग्नु भयो । सामान्य भेटघाट भयो । हामी फेरि मञ्चलाई पूर्ण बनाउनेतिर लाग्यौं । अन्ततः ३० गते बिहानमात्रै पूर्ण रूपमा मञ्च तयार भयो । तर पनि सबै साथ सहयोग र वाम्बुले राईहरूको एउटा परम्परा छ, आपतविपतको बेला जुट्ने बानी । त्यो यसपाली ढ्वाङ्कुम कार्यक्रममा चरितार्थ भएको छ ।

ढ्वाङ्कुमटारमा प्रमुख अतिथि गण लगायत ७ हजारभन्दा बढी दर्शकले खचाखच भरियो । पाइला राख्ने ठाउँसमेत भएन । दिउँसो १ बजेबाट सुरू गर्ने भनिएको कार्यक्रम अन्तत ३ बजेपछि उद्घाटन सत्र सुरुभयो । वाम्बुले राई समाज, नेपाल (वाम्रास)का अध्यक्ष गजुरधन राईको सभापतित्वमा सम्पन्न भएको कार्यक्रममा किराँत राई यायोक्खाका अध्यक्ष दिवस राईको प्रमुख अतित्थ्य रह्यो । राष्ट्रिय गानका सर्जक प्रदिपकुमार राई (व्याकुल माइला) र प्रतिनिधि सभा सदस्य सांसद यज्ञराज सुनुवारको विशिष्ट आतित्थ्यमा कार्यक्रम सुरुभयो । संविधान सभाका सदस्य तथा पूर्वसांसद रामहरि खतिवडा, प्रदेश सभा सदस्य तथा आर्थिक समिति सभापति मोहन खड्का (हिमशिखर)को विशेष अतिति,

नेपाली कांग्रेसका सभापति प्रदिपकुमार सुनुवार, समाजवादी पार्टीका नेता धिरेन्द्र रूम्दाली, सहायक प्रमुख जिल्ला अधिकारी तुलसी भट्टराई, मानेभञ्ज्याङ गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत भागवतप्रसाद रेग्मी, राष्ट्रिय अनुसन्धान अधिकृत सुवास भट्टराई, बरिष्ठ अधिवक्ता हर्कबहादुर राई, वडाअध्यक्षहरू मेडल राई, रामकुमार राई, राजकुमार रूम्दाली, उमेश कार्की, नानीबाबु मगर लगायत महानुभावहरू अतिथि आसन ग्रहणमा हुनुहुन्थ्यो ।

कार्यक्रमको आकर्षण

उद्घाटन सत्रपछि दोस्रो सत्र बृहत साँस्कृतिक कार्यक्रम राति झन्डै साढे ११ बजेसम्म चल्यो । साँस्कृतिक कार्यक्रममा राजेश पायल राई आम दर्शकमाझ सर्वप्रिय गायकहरूको किङ नै बन्नुभयो । तक्मेबुढा विल्सन विक्रम राईको हास्यव्यङ्ग्यसँगै दर्शन नमस्तेसम्मको गीतमा मोडल तथा नायिका सस्ता राईसँग छमछम नाच्दा दर्शकहरूले खुब मजा लिए । गायक सचिन राईलाई दर्शकले निकै रुचाए । अशोक प्यासी राई, राज राई र बुद्ध राईको लोक तथा आधुनिक गीतले दर्शकको मन रसायो । चाँदनी राईको हट डान्स र अम्बिका राईको गायनले दर्शकलाई कार्यक्रम अवधिभर रौसायो । राजेश पायल राईको साथमा ल्याउनु भएका सुमन सर्गम राम्रो गायकको रूपमा चिनिए । कार्यक्रम अबधिभर दर्शकहरूले कलाकारहरूलाई हुटिङ दिएर साह्रै हौसाए । राजेश पायललाई दर्शकहरूले अन्तिम चरणमा मञ्चबाट छोड्नै मानेनन् । 'वान्स मोर वान्स मोर'ले राजेशलाई अन्त्यतिर दिक्कसमेत बनायो । स्वंयसेवक संयोजकद्वय निशन राई र कृष्णराज राईको मातहातमा रहेर ५० जना स्वंयसेवकहरू परिचालन गरिएको थियो । स्वंयमसेवकहरूमा दलित, अधिकारी, भुजेल, श्रेष्ठ जो उँबूमा बसोबास गर्ने जातजाति सबैलाई राखिएको थियो । यसो गर्नुको मुख्य उद्देश्य भनेको नै त्यस ठाउँबाट आउने व्यक्तिलाई समाल्न सकौं । साथै कार्यक्रममा त्यस्तो नकारात्मक र अमानवीय कार्य नगरुन् भनेर हो । स्वंयमसेवकका अतिरिक्त नेपाल प्रहरी, सशस्त्र प्रहरी र सादा पोसाकका सुरक्षाकर्मी परिचालित थिए । सभ्य, भव्य र शान्तिपूर्वक कार्यक्रम सम्पन्न भयो ।

आर्थिक व्यवस्थापन

ढ्वाङ्कुम बृहत् सांस्कृतिक कार्यक्रम २०७६ मा १२ लाख ९ हजार ९९ रूपैयाँ खर्च भएको छ । जम्मा ११ लाख ९ हजार ३८ रूपैयाँ आर्थिक सहयोग संकलन तथा ऋणबाट प्राप्त भएको छ । ३ लाख ५० हजार ऋण सापटी लिइएको छ । गाउँपालिका र वडा नं.३ बाट ५ लाख रूपैयाँ अनुदान सहयोग प्राप्त हुन बाँकी छ । १ लाखभन्दा बढी बचत हुने रकमले लिब्जु थान ढ्वाङ्कमटार पुनः निर्माण गर्ने योजना बनाइएको छ ।

लिब्जु संरक्षण संस्थागत पलह

- विशेष राई

लिब्जु एक सम्पदा

संघीय नेपाल प्रदेश नं.१ ओखलढुंगा जिल्लाको दक्षिणी भेग मानेभन्ज्याङ गाउँ पालिका वार्ड नं. २ र ३ (साबिक उँबु र वाक्सा गाविस) को शिरमा अवस्थित लिब्जु उपो सामाथान समुन्द्र सतहबाट करिब २००० मिटर उचाईमा छ । यो अग्लो पवित्र पहाड चारैतिरबाट सदावहार हरियाली वनजंगलले घेरिएर रहेको छ । झट्ट हेर्दा जो कोहीको नजर सजिलै आर्कषित गर्ने चुचुराको नाम हो, लिब्जु । यस भेगका सबै जातजाति र धर्मका मानिसहरूले लिब्जुलाई ठूलो देवताका रूपमा आस्था, विश्वास एवं श्रद्धा भक्तिका साथ मान्दै पुज्दै आएका छन् । यो देवताको भरभाकल पूजा आराधना गरेमा अप्ठ्यारो परेको बेला बिघ्न बाधा एवं विपत्तिहरूबाट पार पाइन्छ । आफूले चिताएको कुरा पूरा हुन्छ । जनधनको रक्षा गर्छ । प्रकृतिमा अनुकुल मौसम ल्याउने एकमात्र महान शक्तिशाली देवताको रूपमा मान्दै आएको पाइन्छ । यहाँका आदिवासी किरात वाम्बुले राईहरूले परापूर्व कालदेखि 'लिब्जु उपो' भनेर कुल देवता (पुर्खा) को रूपमा मानिआएका छन् ।

विशेष गरी किरात वाम्बुले राई जातिहरूले लिब्जु सामा (पुजा) वैशाख पूर्णिमा, जेठ पूर्णिमा र भदौ पूर्णिमा गरी वर्षको तीन पटक पुजा गरी मनाउँदछन् । त्यसमध्ये जेठ पूर्णिमा लिब्जु पूजा गर्ने विशेष दिनको रूपमा लिइन्छ । परापूर्वकालमा पुर्खाहरूले माले गोरुको बलि दिएर लिब्जुमाथि जुरो चढाउँथे । तर नेपालमा हिन्दु अधिराज्य घोषणा गरी गाईलाई राष्ट्रिय जनवार बनाइयो । सरकारले कानुनद्वारा गाई, गोरु काटमार गर्न प्रतिबन्ध लगायो । त्यसपछि भाकलअनुसार लिब्जु उपोको नाममा माले गोरु साँढे छोड्ने चलन चल्दैआएको छ ।

लिब्जु संरक्षण पहल

पछिल्लो तीन दशकमा लिब्जुलाई ठूलो धार्मिक एवं सांस्कृतिक सम्पदाको रूपमा स्थापित गर्ने प्रयास हुँदैआएको छ । लिब्जु देवस्थल पहाडलाई अक्षुण्ण राख्दै संरक्षण, विकास, संवर्द्धन र प्रवर्द्धन गरी यस क्षेत्रकै प्रसिद्ध धार्मिक पर्यटकीय क्षेत्रको रूपमा संस्थागत विकासको समेत थालनी भएको छ । यही उद्देश्यले 'श्री लिब्जु उपो सामाथान संरक्षण समाज, नेपाल' नाम संस्था अस्तित्वमा आएको छ । यो संस्था जिल्ला प्रशासन कार्यालय ओखलढुंगाबाट २०७२ मंसिर १० गते दर्ता प्राप्त छ । दर्ता नं. ५७३ रहेको छ । समाज कल्याण परिषद काठमाडौं ,नेपालमा २०७२ मंसिर २८ गते आवद्ध छ भने दर्ता नं. ४२४९७ रहेको छ । यसको स्थायी लेखा नं. ६०३८१४११२ रहेको छ, जुन आन्तरिक राजश्व कार्यालय सिरहाबाट दर्ता भएको हो ।

संस्थाले आफ्नो विधानमा उल्लेख उद्देश्य, नीति तथा कार्ययोजनालाई गतिशिल बनाउँदै आएको छ । संस्थाको उद्देश्य र कार्य सम्पादनमा थप सहयोग पुऱ्याउन २०७५ पुस ७ गते लिब्जु उपो सामाथान संरक्षण समाज नेपाल, उपसमिति काठमाडौं गठन भएको छ । संस्थाको उद्देश्य प्राप्तिका निम्ति सक्रियताका साथ अगाडि बढिरहेको छ । हालसम्म संस्थाले गरेको कार्य प्रगतिहरूमा (१) लिब्जु क्यालेण्डर प्रकाशन–२०७६ (२) लिब्जु टिसर्ट छपाई र बिक्री (३) लिब्जुमा फोहोर मैला व्यवस्थापन (४) भेटी पैसा संकलन बाकसको व्यवस्था आदि ।

संस्थाको पहल र सक्रियतामा आ.व.०७५।७६ को बजेटबाट लिब्जु सडक सञ्जाल बिस्तार देखि प्रारम्भिक लिब्जु सिंढी २०५ खुड्किला निर्माण भएको छ। लिब्जु उपसमितिले स्वास्थ्योपचारको क्रममा हस्पिटलमा रहेको आफन्त बिरामीहरूलाई भेटघाट गरी अवस्थाबारे जानकारी लिएर स्वास्थ्य लाभको कामना तथा असहाय बिरामीलाई आर्थिक सहयोग गर्ने गरेको छ। यस संस्थाले भरखरै ढ्वाङकुमो बृहत् सांस्कृतिक कार्यक्रम २०७६ को सह-आयोजक बनेर भूमिका निर्वाह गरेको छ। लिब्जुलाई धार्मिक पर्यटन प्रवर्द्धन गर्न योजनाहरू अगाडि बढाएको छ। जसमा (१) लिब्जु क्यालेण्डरको प्रकाशन निरन्तरता दिने। (२) रक्तदान कार्यक्रमको आयोजन गर्ने । (३) धार्मिक तथा सांस्कृतिक महत्व झल्किने मायाको चिनो चलनमा ल्याउने । (४) लिब्जु उपो पूजा बिधि र परम्परा किटान गर्ने । (५) लिब्जु गुरुयोजनाअर्न्तगत भौतिक विकास निर्माण कार्य आ.व. ०७७।७८ भित्र सम्पन्न गरी आ.ब. ०७८।७९ मा ऐतिहासिक लिब्जु महोत्सवको आयोजना गर्ने, जसमा निम्ति, सबै सरोकारवाला संघ–संस्था र व्यक्तिहरूसँग आवश्यक समन्वय र सहकार्य गर्ने ।

माले गोरु व्यवस्थापन

धार्मिक आस्थाका कारण लिब्जुमा माले गोरू छोड्ने प्रचलन कायम छ । पछिल्लो समयमा साँढेको संख्या बढ्दो क्रममा रहेको त्यसबाट मानव वस्तीमा असर पर्ने गरेको छ । साँढे छोडिएका माले गोरू समेत घांस पानी बिहीन भई बिजोग हुने गरेका छन् भने लिब्जु भेगका बस्तीमा बालीनाली खाने गरेपछि स्थानीय प्रत्यक्ष मर्कामा परेका छन् । तर पराम्परादेखि भई आएको प्रचलन, जनआस्था र विश्वासमा प्रतिबन्ध लगाउन नमिल्ने भएकोले यस विषयमा स्थानीय सरकारको समेत गम्भीर ध्यानार्कषण गराउन चाहन्छौं । सर्वपक्षीय मतबाट यसको व्यवस्थापन हुन जरुरी छ ।

ढ्वाङकुमो बृहत् सांस्कृतिक कार्यक्रम २०७६

वामद्याल (उँबु) वाम्बुले राईहरूको मूल थलो हो । भाषा, संस्कार, संस्कृति र पहिचानका धनी वाम्बुले राईहरूको ढ्वाङकुम सांस्कृतिक चाड हो । हरेक वर्ष भदौ पुर्णिमाका दिन वामद्यालको ढ्वाङकुमटार (लिब्जुउपो थान) मा सामुहिक भेला भई वाम्बुले राईहरू मुन्दुम फलाकेर प्रकृतिको पूजा गरी ढ्वाङ्कुमो मनाउने चलन छ । त्यस दिन प्रत्येक घरबाट टोलुम (थुम्से)मा कागुनीको भात, एक मटिया जाँड र खालुम रीत टोलुममा राखेर ढ्वाङकुमटार पुऱ्याउनु पर्छ । यदि रीतिथिति अनुसार पऱ्याइएन भने त्यस घरलाई समाजबाट कारबाही हुन्छ । यसरी वाम्बुले राईहरूका चार पाछाका चार नाक्सो– सिसि नाक्सो, ढ्वाङकुर्मो नाक्सो, काउर्मो नाक्सो र बुलु नाक्सोले लिब्जु उपो, भुम्जु उपो, दिब्जु उपो, सिसि सिकारी, धरती, आकास र पितृहरूको पूजा गर्दछन् । ढ्वाङकुम मनाउने प्रचलन परापुर्व कालदेखि चलिआएको हो ।

हजारौं वर्षदेखि ढ्वाङकुम्टार वाम्बुले राईहरूको धार्मिक तथा सांस्कृतिक थातथलोको रूपमा परिचित छ । सोही ठाउँमा २०१७ सालमा विद्यालय (हालको राज्य लक्ष्मी मावि) स्थापना भएपछि अतिक्रमणमा पर्न गयो । २०७२ सालको महा बिनाशकारी भूकम्पपछि विद्यालय क्षेत्रमा पुराना संरचना भत्काएर नयाँ भवन बनाउने प्रस्ताव अघि बढेको बुझियो । त्यसले वाम्बुले राईहरूको सांस्कृतिक थातथलो ढ्वाङकुमटार झन संकटमा पर्ने भयो । त्यसबारे देश विदेशबाट ठुलो चिन्ता प्रकटका साथै चर्को बिरोधको आवाज उठ्यो । ढ्वाङकुम्टार संरक्षण समितिको अगुवाईमा वाम्बुले राई समाज (वाम्रास) केन्द्र र लिब्जु उपसमिति काठमाडौंलगायत सबै सरोकार पक्षको पहलमा विद्यालय व्यवस्थापन समिति (विव्यस)सँग चरणवद्ध बैठक र छलफल भयो । ऐतिहासिक सांस्कृतिक थलो कुनै हिसाबले जोखिम हुनेगरी परियोजना निर्माण गर्न नहुने निष्कर्ष निस्कियो । विव्यसले विकल्पमा ताकिएको निश्चित क्षेत्र र समयावधिमा विद्यालयलाई आवश्यक जग्गा निःशुल्क उपलब्ध गराउन भन्यो । त्यसैअनुसार विद्यालय दक्षिण करिब १२०० मिटर दुरीमा ८ रोपनी

७ आजा जग्गा दाताले निःशुल्क विद्यालयको नाममा नामसारी गरिदिएका छन् । केही व्यक्तिले अन्यत्र सार्न नहुने भन्दै अदालतमा मुद्दासमेत दायर गरे । यसरी विवाद चुलियो । सरोकारवालाहरूको चर्को आवाजका कारण पहिलो मुद्दाको मुद्दा फिर्ता भई परियोजना निर्माणको बाटो प्रशस्त भयो । फेरि पनि सोही समुदायका व्यक्तिहरूबाट अर्को मुद्दा हाले । तर २०७६ साउन २२ गतेका दिन श्री उच्च अदालत बिराटनगर अस्थायी इजालास ओखलढुंगाले कुनै जाति र धर्मका सांस्कृतिक थातथलोलाई संरक्षण गर्न पाउने अधिकार राज्यले संविधानमा व्यवस्था गरेको हुँदा संविधानको सबैले सम्मान गर्नु पर्ने भनी ढ्वाङकुमटार संरक्षण हुनुपर्ने फैसला गरेको दियो । सो फैसलापछि संसारभरिका वाम्बुले राईहरूले ढ्वाङकुमटारको विकास, संरक्षण र प्रर्वद्धन गर्नुपर्ने तथा ढ्वाङकुमो चाडको महत्वबारे विश्वव्यापी बनाउन 'ढ्वाङकुमो बृहत साँस्कृतिक कार्यक्रम–२०७६' उँबुमा सम्पन्न गर्ने परिकल्पना हुन पुग्यो ।

कार्यक्रमको प्रमुख आयोजक वाम्बुले राई समाज (वाम्रास) केन्द्र र सह-आयोजकमा ढ्वाङकुमटार संरक्षण समिति, श्री लिब्जु उपो सामाथान संरक्षण समाज नेपाल र लिब्जु उपसमिति काठमाडौं रहने निर्णय भयो । किरात राई यायोक्खा केन्द्रीय अध्यक्ष दिवस राईको प्रमुख आतिथ्य, राष्ट्रियगानका रचनाकार व्याकुल माइला तथा राजनीतिज्ञ, जनप्रतिनिधिहरूका माध्यमबाट राजनीतिक मुद्दाबारे बोल्न लगाउने काम भएको छ । प्रसिद्ध कलाकार राजेश पायल राई (राई इज किङ) र विल्सन विक्रम राई (तक्मे बुढा) लगायत स्थानीय कलाकारहरूको बेजोड सांगितिक प्रस्तुतीबाट ढ्वाङकुमो चाडलाई बृहत तुल्याउने काम भएको छ । छ हजार जनाभन्दा बढी दर्शकले ढ्वाङकुमटार भरिनु त्यसैको कडी हो । इतिहासमा पहिलो पटक ढ्वाङकुमटारमा बृहत् सांस्कृतिक कार्यक्रम हुनसक्यो । विशिष्ट व्यक्तिहरूको शिरमा वाम्बुले टोपी हुनुले वाम्बुलेहरूको छाती चौडा हुनपुगेको छ । वाम्बुले पहिचान स्थल स्वालेवा पार्क नयाँ गन्तव्य बनेको छ । हामीले ढ्वाङकुम महोत्सवमात्रै मनाएनौं, स्वालेवा पार्कको प्रर्वद्धनसमेत गर्न सफल भयौं ।

ढ्वाङकुमो बृहत् सांस्कृतिक कार्यक्रमको परिकल्पना आफैमा चुनौतीपूर्ण थियो । मतसल्लाह र पूर्व तयारीको क्रममा धेरै अठ्याराहरूको सामना गर्नु पऱ्यो । एकापसमा उद्देश्य केन्द्रित भएर निरन्तर जुट्न सक्नु नै सफलता हाल पर्ने रहेछ । हिम्मत र साहस दुवैले काम गरेको महसुस सबैलाई भएरै छोड्यो । मुख्य आयोजकको नाताले वाम्रास केन्द्रले कार्यक्रमको समीक्षा मिहिन ढंगले गर्नेछ भन्नेमा हामी आशावादी छौं । हामी चाहन्छौं, वाम्बुलेहरूको हक, हित र अस्तित्वका निम्ति खडा भएको हाम्रो वाम्रास संस्था अझ बलियो भएर सम्पूर्ण वाम्बुलेहरूको नेतृत्व गरोस् । अन्तमा कार्यक्रमलाई सफल पार्नका खातिर आ-आफ्नो ठाउँबाट योगदान पुऱ्याउनु हुने सबै वाम्बुले जनमनहरूप्रति नमन । सभ्य र भव्यतासाथ कार्यक्रम सफल भएकोमा सबै वाम्बुलेहरूमा हार्दिक बधाई । जय वाम्बुले । जय लिब्जु उपो ।

(लेखक विशेष राई लिब्जु संरक्षण उपसमिति काठमाडौंको सचिव हुनुहुन्छ ।)



बेलायतमा द्वाङकुम २०१९

- बी. मुक्काचो राई

फर्केर हेर्दा

बजाई देउन जोर मादल खरी रसाएर

आयो देशी गयो लाहुर माया बसाएर

परिदृश्यमा मादल र बाँसुरी धुनहरूसँगै उक्त गीति लहरको राम्दले लोक भाकामा गीत गाइरहेका हुन्थे स्थानीय प्रौढ र युवाहरू । त्यहीँ अलि तलतिर गल्लीको डिलमा ठुलो चिप्लेटी ढुंगाको अगाडि उभिएर सिसी नाक्सो बाक्सिङ राई, द्वाङकुर्मो नाक्सो जगतबहादुर राई (नाक्सो कान्छा), काउर्मो नाक्सो सुन्दलाल राई र बुलु नाक्सो भीमराज राईले डाँडा खोलाहरूका नाम र विभिन्न प्रकृतिहरू फलाक्दै भूमेपुजा गरिरहेको देखिन्थ्यो । पूर्वपट्टि रिनुवाल, ध्याप्ति, खचापु र दुधकोशीतिर जाने बाटोको दाहिनेतिर एउटा सानो आहाल थियो । आहालकै छेउमा एउटा ठुलो बरको रुख थियो । त्यही बरको वरिपरि र उत्तरतिरको चौंरमा हामी बजार भर्न आउनेहरूको भिड हुन्थ्यो ।

साना केटाकेटी नस्पाती, केरा या बिस्कुट खानुमा रमाइरहेका हुन्थ्यौं । बुढाबुढी र युवा युवतीहरू भलाकुसारी गर्न, जाँडरक्सी पिउनु र नाचगानमा रमाइरहेका हुन्थे । बीचको खाली जग्गामा बाँसको चोयाले बुनिएको सोली (टोलुम) हरूको लस्कर गोलाकार गरेर राखिन्थ्यो । भुमेपुजा सकिने बित्तिकै हामी केटाकेटी जा हेपा (कागुनीको भात) खानुमा व्यस्त हुन्थ्यौं भने प्रौढहरू सोली (टोलुम) भित्र मटियामा ल्याइएको जाँड (जिर्मा) खानुमा रमाइरहेका हुन्थे ।

बेलुका भएपछि वृद्धवृद्धाहरू त्यहीँ केही समय मादल बाँसुरी बजाएर नाचगान गर्दै रंगरवास गरिरहेका हुन्थे । हामी रहरे केटाकेटी र युवायुवतीहरू फेरि 'भानाम द्वाङकुम'

अर्थात् पल्लो ढ्वाङकुमटारको ठुलो बजार हेर्न र भर्न जान्थ्यौं । पल्लो ढ्वाङकुम अर्थात् ठुलो बजार लाग्ने ढ्वाङकुमटारको बारेमा यो भन्दा अघिल्लो वर्ष 'लिब्जु-भुम्जु'को लेखमा पनि केही चर्चा गरेको थिएँ ।

वर्तमान र आधुनिक ढ्वाङकुम

कहाँ काट्यौ बेतको लौरी समाउनेमा अइसो

केलाई आयो लाली जोबन केलाई आयो बैंसो...!

यही साल (२०७६) को टार्कोम ढ्वाङकुममा उक्त गीति लहरको राम्दले गीत गाउँदै ढ्वाङकुम मनाइरहेको दृश्यले मलाई रोमान्चित र भावुक बनायो । म यसलाई गाउँको 'ओरिजिनल र अर्गानिक' ढ्वाङकुमको संज्ञा दिन रुचाउँछु । रिनुवालको बर्सलाल राई र वाइलीको कुल्पे (सहबीर) राईले राम्दले लोक भाकामा बडो मीठो बाँसुरी धुन बजाइरहेका सजीव दृश्य छ त्यो भिडियोमा । चमलसरी राई (चमुलु), सित्तुमाया राई, लक्षी राई, छ्हा माया राई, धन्सुमाया राई, रासकुमारी राई, बकसबहादुर राई (बिसौंनाल माइला), दिलकुमार राई जस्ता स्थानीयहरूले राम्दले भाकामा गीत गाइरहेका छन् । दुमी कान्छा (कुशजति राई), रूपा राई, कार्बारी काइला र कान्छा (दाजुभाइ), कृष्णमाया राई (पुनारी माइली), पुर्णिमाया राई, हिरामाया राई, जगतबहादुर राई (स्याकेले माइला), देवीराज राई (माझी कान्छा), दिलन राई, सुबल राईले राम्दले भाकाकै तालमा नाचिरहेको देखिन्छ ।

त्यो बरको रूख पनि बुढो भएर त्यसको माथि दुई चार हाँगामात्र बाँकी रहेछ । राम्दले भाकाको रौनक र रमझम देख्दा मेरो बाल्यकाल र यौवन कालको झलझली याद आयो । चौरको वरिपरि केही थान मोटरसाइकल पार्क गरिएको देख्दा त्यो गाउँ र ठाउँ पनि सडक सुविधा सम्पन्न छ भन्ने बुझिन्छ । केही युवा युवतीहरू मोबाइल खेलाइरहेका, केहीले छाता ओढेका, केही बुढापाकाहरू लौरो टेकेर उभिरहेका र हिँडिरहेका दृश्य पनि देख्न सकिन्छ ।

पहिलाजस्तो ठुलो हुल र भिडभाड नभए पनि वाक्साको ठुलो गाउँले र उँबुको थोप्लोमाले, टार्कोमाले, वाइलिले, ध्याप्तिले, खचापुले र केही ह्वाल्माफुलेहरूले टार्कोमको ढ्वाङकुमलाई रमाइलोसँग मानिरहेका देखियो । यसले के पनि जनाउँछ भने म पहिला सानो हुँदा ठुलो संख्या र भिडमा जस्तो अहिलेको ढ्वाङकुम नमनाइँदो रहेछ । तर, यसको रौनकता र सौन्दर्य अझै केही बाँकी चै रहेछ भन्ने नजिरको रूपमा पनि लिन सकिन्छ ।

रिनुवालको (ढ्वाङकुर्मो नाक्सो) अर्थात् भूतपूर्व नेपाली सेना दर्बराज राईले युट्युबमा राखेको करिब पाँच मिनेटको सो भिडियोमा यो दृश्यको सजिव अवलोकन गर्न सकिन्छ । मेरो पनि लाली जोबन र बैंस त आएर पनि थाहै नपाई गइसकेछ । सम्झेर ल्याउँदा सबै कुरा हिजोको जस्तो लाग्छ । तर समय यति बलवान हुँदोरहेछ कि ढ्वाङकुमको मेरो सुरुवाती स्मृतिदेखि आजसम्म आइपुग्दा करिब चार दशक बितिसकेछ । मेरो जस्तै लाली जोबन कतिको आउँछ र जान्छ । हामी जन्मेपछि एक दिन मर्छौं । यो साश्वत सत्य हो । तर हाम्रो भाषा, संस्कृति, धर्म र परम्परालाई जोगाइ राख्यौं भने मर्दैन । त्यो युगौंसम्म रहिरहन्छ ।

द्वाङकुमको बजारीकरण र अन्तर्राष्ट्रियकरण

द्वाङकुम र द्वाङकुमटार अर्थात् बिजुवाथान जहाँ हाल राज्य लक्ष्मी माध्यमिक विद्यालय छ, त्यसको बारेमा यो भन्दा अघिल्लो स्तम्भहरूमा प्रशस्त लेखिएको र बोलिएको छ। अझै लेखिने र बोलिनेछ। सम्पूर्ण वाम्बुले राईहरूको महान चाड तथा भुमेपुजा भएकोले ओखलढुंगा जिल्लाको उँबु चौरासको सेरोफेरो भन्नाले उँबु, वाक्सा, मोली, मानेभन्ज्याङ, उदयपुर र थाक्ले गाउँहरूमा द्वाङकुम मानिँदै आएको छ। खोटाङ जिल्लाको झाप्पा गाउँमा समेत द्वाङकुम चाड मान्ने चलनछ। तर, परापूर्व कालदेखि नै सबैभन्दा भव्य र ठुलो बजार लगाएर मनाइने द्वाङकुम स्थलचै उँबु गाउँको द्वाङकुमटार नै थियो र छ।

नेपालको चर्चित गायक 'राई इज किंग' राजेश पायल राई, हाँस्य कलाकार विल्सन विक्रम राई र विभिन्न स्थानीय कलाकारहरूको धमाकेदार प्रस्तुतिले यो सालको द्वाङकुम सानदार र भव्य भएको छ। हजारौंको संख्यामा आएका दर्शकहरूले भरपूर मनोरञ्जन लिएको सुनियो र देखियो पनि। नेपालको आम जनमानसमा र विदेशमा छरिएर रहेका नेपालीहरूमा समेत द्वाङकुमको महिमा र चर्चा बढ्दै जानुमा यो सांगितिक कार्यक्रमले ठुलो भूमिका खेलेको छ।

युकेमा द्वाङकुम

सदाझैँ विभिन्न झाँकी र साँस्कृतिक कार्यक्रमहरू प्रस्तुत गर्दै, आफ्नो मौलिक संस्कृति र परम्परा अनुसारको राम्दले नाचगान र संगीना चाम्दोको साथ वाम्बुले राईहरूले युकेमा पनि भव्यताका साथ द्वाङकुम मनायौं। यु.के वाम्बुले राई समाजका वयोवृद्ध महिला व्यक्तित्व श्रीमती भंगामाया राईले पानसमा दीप प्रज्वलन गरेपछि कार्यक्रमले औपचारिक रूप लिएको थियो भने अध्यक्ष गंगाबहादुर राईले स्वागत मन्तव्य दिनुभयो। यहाँको द्वाङकुममा मादल, बाँसुरी र बिनायोजस्ता परम्परागत बाजाहरू समेत बजाइएका थिए।

गिटारजस्तो आधुनिक वाद्यबादनको साथ गीत पनि प्रस्तुत गरेका थिए, गायक अविराज राईले। स्थानीय गायक सीताराम राई र गायिका श्रीमती गीता राईले ड्युट र गायक कमल राईले केही थान गीतहरू गाएर दर्शकहरूलाई भरपुर मनोरञ्जन दिलाउनु

भयो । साथै स्थानीय हाँस्य कलाकार अमिता राईले कमेडियन तथा व्यंग्यात्मक नृत्य प्रस्तुत गरेर दर्शकहरूलाई खुब हँसाउनुभयो । मनोरञ्जन कार्यक्रमलाई श्रीमती खेजी राईले संयोजन गर्नं भएको थियो ।

भाषिक विकास

वाम्बुले राई भाषा संवर्धन र प्रवर्धन कार्य विगतका वर्षहरूमा झैं यो वर्ष पनि निरन्तर रह्यो । दिलकुमारी राईको संयोजन र उषा (गौता) राईको प्रशिक्षणमा बालबालिकाहरूलाई वाम्बुले भाषाको छोटो पठनपाठन र परिक्षासमेत लिइएको थियो । परीक्षामा प्रथम हुने बाल विद्यार्थी प्रविण राईलाई पुरस्कृत गरिएको थियो ।

बधाई, सम्मान र प्रमाणपत्र

नियमित सैनिक (रेगुलर आर्मी) तथा हाल ब्रिटिश आर्मीमा कार्यरत सीताराम राई स्टाफ सार्जन्ट र नगेन राई सार्जन्ट पदमा पदोन्नति भएका थिए । सेवा निवृत्त भएर पनि MPGS (Military Provost Guard Service) मा कार्यरत मानबहादुर राई लेन्स कोर्पोरल पदमा र सिभिल सेक्टरमा कार्यरत रूपकुमारी राई सुपरभाइजरमा पदोन्नति हुनु भएको थियो । उहाँहरूलाई खादा ओढाएर बधाई र सम्मान दिइयो । शिक्षातर्फ आँशुकला राई र नबिना राईले स्नातक (डिग्री) र सन्तोष राईले मास्टर्स डिग्रीको अध्ययन पूरा गरेको उपलक्ष्यमा खादा ओढाएर सम्मान पत्रको साथमा बधाई ज्ञापन गरियो । नव विवाहित दम्पतिहरूमा अभिराज राई र उहाँको श्रीमतीलाई खादा ओढाएर बधाई ज्ञापन गरियो । त्यस्तै नव विवाहित दम्पतीहरूमा जीवन राई र श्रीमती तगा डानियल राई र श्रीमती विशेष कारणले कार्यक्रममा उपस्थित हुन सकेनन् । कर्यक्रममा महासचिव नवल राईले वार्षिक प्रतिवेदन, कोषाध्यक्ष नेत्रकुमारी राईले आर्थिक प्रतिवेदन र सह-कोषाध्यक्ष अमृतबहादुर राईले वार्षिक आयव्यय प्रतिवेदन पेश गर्नुभयो । हाम्री नियमित पाहुना चेली रामसरी राईको कोसेलीलाई (स्वाम्दी) आशिक गरेर फुकाइएको र ग्रहण गरिएको थियो ।

नयाँ कार्यसमिती चयन

निवर्तमान अध्यक्ष गंगाबहादुर राईको तीन वर्षे कार्यकाल पूरा भएकोले दिलुबहादुर राईको अध्यक्षतामा नयाँ कार्यसमितिको चयन भएको छ । कार्यसमितिको वरिष्ठ उपाध्यक्ष नवल राई, उपाध्यक्ष महेन्द्रसरी राई, महासचिव मानबहादुर राई, उप-महासचिव भिमल राई, सचिव खेजी राई, कोषाध्यक्ष नेत्रमाया राई, सह-कोषाध्यक्ष अमृतबहादुर राई, भाषा, शिक्षा, तथा संस्कृति संयोजक दिलकुमारी राई, भाषा, शिक्षा तथा संस्कृति सह-संयोजक उषा (गौता) राई, प्रचार प्रसार, प्रकाशन तथा फोटो र भिडियो संयोजक जिखा राई, आर्थिक व्यवस्थापन संयोजक डिल्लीमान राई, आर्थिक व्यवस्थापन सह-संयोजक टीकाबहादुर राई, संगीना (चाम्दो) संयोजक सरूमाया राई, संगठन तथा जनसम्पर्क संयोजक अशय (नवीन) राई, संगठन तथा जन सम्पर्क सहसंयोजक मनकुमार राई, मनोरञ्जन व्यवस्थापन संयोजक सन्तकुमार राई, लेखा परीक्षा व्यवस्थापन संयोजक कृष्णकुमार राई, लेखा परीक्षा व्यवस्था सह-संयोजक ध्यानबहादुर राई, अड्को फड्को संयोजक रोजन राई, अड्को फड्को सह-संयोजक फाँसुमाया राई चयन हुनु भएको छ ।

सुनसरीमा वाम्बुलेको सारियोम्सि

- लाखमान राई

कुरो २०५२ साल माघतिर हो । म भर्खरै १३ वर्षको हुँदा जन्मथलो ओखलढुंगा जिल्ला उँबु गाविस-९ फोकुल (हाल मानेभञ्ज्याङ गापा-३) गाउँलाई चटक्कै छोडें । उज्ज्वल भविष्यको खोजीमा पिठ्युँमा पोकोपन्तुरो बोकी हाम्रो परिवार सुनसरीको पाँचकन्या गाविसको पानबारी भन्ने ठाउँमा बसाई सऱ्यो । शिक्षादीक्षा अगाडि बढाउँदै यही ठाउँमा आधा जीवन बिताइसकेको छु ! हरेक दुःखकष्टको बाबजुद यही सुनसरीमा रहेको सबैमा जानकारी गराउँदछु !

गणेश दाइको आग्रह

म लेख्नमा खासै पोख्त होइन । लेख्न मन लाग्छ । आफूले गरेको काम अनि भोगेका, बिर्सन नसकिने कुराहरू लेख्न मन लाग्छ ! 'लिब्जु-भुम्जु' त्रैमासिक पत्रिकाको सम्पादक दाजु गणेश राईसँग मेरो भेट २०६७ सालमा वाम्बुले राई समाज, नेपाल (वाम्रास) सुनसरी गठनको सिलसिलामा भएको हो । जुनबेला वाम्रास सुनसरीको सहसचिवमा म निर्वाचित भएँ । सचिव भीम राई ज्वाला दाइको विशेष कामले उहाँले राजिनामा दिनु भयो । त्यसपछि सचिवको जिम्मेवारी लिएँ, तीन वर्षे कार्यकाल सम्पन्न गरियो । त्यसपछि म तीन वर्ष वैदेशिक रोजगारीमा गएर फर्कें । भरखरै वाम्रास सुनसरीको ऐतिहासिक तेस्रो सम्मेलनबाट पुनः सचिव पद सम्हाल्दैछु !

यसरी व्यक्तिगत चिनाजानी र हाम्रो संस्थागत साइनो कसिलो छ, दाजुसित । सायद त्यसैले उहाँले केही लेख्न आग्रह गर्नं हुन्छ । २०७० देखि २०७३ सालबाहेक म यही सुनसरीको पानबारीमा २०५२ सालयता बसोबास गर्दै आएको छु । अनि वाम्रासको एक कार्यकर्ता भएकोले मलाई यहाँको वाम्बुले राईहरूको गतिविधिबारे लेख्न आग्रह गर्नं भएको

होला ! पानबारीमा वाम्बुले राईहरूको घना बस्ती छ । गणेश दाइलाई नि केही कुराको उत्सुकता भएको हुनु पर्छ । उहाँको उत्सुकतालाई मेटाउने कोशिस गर्दैछु ।

खास कुरोको चुरो यही २०७६ जेठ ३२ गतेका दिन वाम्रास प्रारम्भिक कार्यसमिति धरान उपमहानगरपालिका वडा नं. ५ र ६ को भवन उद्घाटन भएको छ । यो भवन कसरी निर्माण भयो ? भन्नेबारे लेख लेख्न अनुरोध गर्नुभयो । केही लेख्ने जमर्को गर्दैछु ! त्यसअघि गतिविधिबारे चर्चा गर्नेछु ।

लिब्जु सामा थान

जुठो मुखले नाम लिएँ माफ पाऊँ ! किनकि यो वाम्बुले राईहरूको ठूलो देउता हो । त्यसैले मैले यो लेख लेख्दैगर्दा चोखो अनि सफा मनले लेख्दै छु । यो लेख अझ छिटो तयार पार्न शक्ति मिल्छ भन्ने आशासहित भ्याम्मै प्रसंगमा छिर्दैछु । धरान- ५ र ६ मा वाम्बुले राईको बसोबास २०४५ सालदेखि सुरू भएको हो । बसोबासको क्रममा तिता-मिठा घटनाक्रम भएका छन् । मिठो कुरा लिब्जु सामा थान विषयमा केही कोर्दैछु । मिति यकिन छैन, सामुहिक भेलाले लिब्जु सामाको अवधारणा ल्यायौं । छलफलको क्रममा धरान-६ निवासी महकुम राई पापजेठाले याडसिला मोरडस्थित आपटारमा रहेको आफ्नो जग्गा आधी कठ्ठा जति लिब्जु सामा थान निर्माणको लागि दिने वचन दिनुभयो । त्यसपछि हामी सम्पूर्ण पाँचकन्यावासी (हाल धरान-५ र ६) वाम्बुले राईहरू भेला भयौं, वाम्बुलेको सारियोम्सि (शिरउभ्याउने कार्य)को निम्ति ।

भिरालो जग्गालाई चटक्कै २ गराको जग्गा दुई दिन लगाएर सम्मायौं । अनि विधिपूर्वक पहिलो लिब्जु सामाको थालनी गऱ्यौं । सामा (पुजा) गर्दा पुजारीको रूपमा महकुम राई नै हुनुहुन्थ्यो । पछिल्लो समयमा त्यही लिब्जु सामाथान साँधमा जोडिएको आधा कठ्ठाभन्दा बढी जग्गा हाल बेलायतमा रहनु भएका नविन राई (असइ)ले लिब्जु सामा थानलाई दिनु भएको छ । वाम्रास सुनसरी मातहतमा यो थान कायम छ ।

संस्थापक पुजारी महकुम पापजेठा हामीसित अलिक टाढिनु भएको महसुस भएको छ । समाजमा रहेर केही कुरा सिकाउन आग्रह गरेको छु । भेटमा खासै असन्तुष्टि देखिनु हुन्न । तैपनि खोइ के खोइ के भने जस्तै भएको छ । महकुम पापजेठालाई पुनः आग्रह गर्न चाहन्छु कि सस्थालाई तपाईको सुझावके खाँचो छ । तपाईं फर्किनुस् । लिब्जु सामाथान निर्माणपछि त्यहाँ वाम्रास सुनसरीको नेतृत्वमा प्रत्येक साल द्वाङकुमको अवसर पारी बजारको अघिल्लो दिन सम्पुर्ण सुनसरीवासी वाम्बुले राईहरू भेला भएर पुजा गर्दछौं । सुख, शान्ति, समृद्धि एवं दीर्घायुको कामनासहित पुजा गर्ने चलन छ । वाम्रास प्राकास धरान- ५ र ६ ले प्रत्येक वर्षको जेठपूर्णको अवसरमा पुजा गर्दै आएको छ । अरू बेला पनि पुजा गर्न कुनै वाम्बुले राईहरूलाई थुनछेक छैन । आफ्नो समयानुकुल व्यक्तिगत रूपमा पुजा हुने गर्दछ । यो स्थान अहिले अलिक व्यवस्थित भएको छ । घाम, पानी छेक्नलाई हामीले जस्ताको छानासहितको टहरा बनाएको छौं । बेलायतवासी मनको धनी आदरणीय दिदी दिलकुमारी राई तथा परिवारले सहयोग गर्नुभएको छ । विशेष आभार प्रकट गर्दछु । सबै काम तमाम गर्ने अग्रज पापसाइला रेशम राईलगायत वाम्रास प्राकास धरान ५ र ६ का सबै वाम्बुले राईहरू र अन्य सहयोगीलाई जय लिब्जु उपो भन्दै अर्को प्रसंगमा प्रवेश गर्छु !

लिब्जु युवा क्लब र फुटबल कप

धरान ५ र ६ मा रहेका वाम्बुले राईहरूको एकता एवं प्रगतिबारे यसअघि पनि लेखिसकेको छु । यसपालि युवाहरूको प्रगतिको चर्चा गर्दै छु । लिब्जु सामा थान निर्माण, वाम्रास भवन निर्माण, वाम्बुले साँगीतिक साँझ नामक साँस्कृतिक कार्यक्रम सफलतापूर्वक सम्पन्न गरेका छौं । वाम्बुले युवाहरूले २०७४ सालबाट धरान-६ पानबारीमा 'प्रथम लिब्जु फुटबल कप' प्रतीयोगिता वाम्रास प्राकासको आयोजना सम्पन्न गरेका छन् । गत चैतमा लिब्जु युवा क्लब गठन गरेका छन् । अमृत राईको नेतृत्वमा ११ सदस्यीय कार्यसमिति क्रियाशील छ । दोस्रो लिब्जु फुटबल कप प्रतियोगिता सम्पन्न गरिसकेका छौं । दुवै प्रतियोगितामा वाम्बुले भाइहरूको राम्रो उपस्थिति रह्यो । वाम्बुले युवाहरूको पूर्ण सहभागितामा निर्माण गरिएको यो क्लब हाल आएर धरान-६ पानबारीकै फुटबल क्लबको रूपमा परिचित छ । वाम्बुले राई, गैर वाम्बुले सबैको सहयोग जुटेको छ । पहिलो संस्करणमा प्रथम पुरस्कार १५ हजार र द्वितीय पुरस्कार ८ हजार थियो भने दोस्रोमा पुरस्कारका राशि बढाएर ३० हजार र १५ हजार बनाएका छौं । तेस्रो संस्करणमा अझ बढाउने लिब्जु क्लबको योजना रहेको छ । दोस्रो संस्करणपछि पानबारीकै नमुना क्लबको रूपमा विकास गरेर अघि बढ्नु पर्ने स्थानीयवासीको सुझाव छ । क्लबको पदाधिकारी सदस्य फेरबदल गर्ने भन्ने छ । अखिल नेपाल फुटबल संघका केन्द्रीय मानार्थ उपाध्यक्ष एवं धरान फुटबल क्लबका अध्यक्ष किशोर राईको प्रस्ताव छ कि यसलाई भविष्यमा एउटा गोल्डकपको रूपमा हेर्ने । यस विषयले लिब्जु युवा क्लबलाई मनन गर्नैपर्ने बाध्यता आएको छ । किनकि यदि स्थानीय बासिन्दाको कुरा नसुन्ने हो भने लगातार प्रतियोगिता सम्पन्न गर्न गाह्रो होला । कुरा सुन्ने हो भने हाम्रो पहिचान गुम्ला भन्ने छ । सुझावको पाटो रहने गरी यो प्रसंगको बिट मारें ।

२०७६ सालको ढ्वाङकुम

सदा वर्षझैं सुनसरीका सम्पूर्ण वाम्बुले राईहरू धरान-१९ स्थित हरियाली सामुदायिक वनमा भेला भै मज्जाले राम्दले सालाङ, मादल, बाँसुरीले थर्काउनु सम्म थर्कायौं । यद्यपि हामीले आशा गरेका थियौं त्यति जम्मा हुन नसक्दा वाम्रास सुनसरीलाई सम्झिन छोडेछन् भन्ने पनि लाग्यो । अघिल्ला वर्षभन्दा अलिक परिवर्तित भएर काम गर्दाको मज्जा आएन । सदाझैं केही कुरामा चित्त नबुझेको कुरा सुन्नमा आयो । हामी वाम्बुले राईहरू यति हौसे रौसे भनेर भन्छौं । 'तर'ले अलिक कुरा बिगारेको भेटियो । इनर्जी दिने त्यो जिनिस हामीले व्यवस्था गरेका थिएनौं । निक्कै वाम्बुले राईहरूले नाच्न, गाउँनै छोडे । खाली दर्शक भएर टुलुटुलु हेरिरहे । आफैंले झन्डै गीत गाउन बिर्सेछु । धन्न दिलन कावा र निदु दाइले कताबाट चाँजोपाँजो गरेछन् । रौसे हौसे हुन दवाइचै खानुइ पर्ने रैछ । हामी वाम्बुले राई अनन्त कालसम्म रहनु छ । जाग्नु छ । हामीले हाम्रो पहिचान दिनु छ । त्यसनिम्ति एकतावद्ध भएर महान चाड मनाउन जरूरी छ । यो अवसरलाई गुमाउने हो भने एक-अर्कामा हामी हामी रहँदैनौं । यो कुरामा सबैले ध्यान पुराउन जरुरी छ । म होइन हामी, मेरो होइन हाम्रो भनेर सबै अघि बढौं भन्ने मेरो आग्रह सबैमा ।

धरानको वाम्रास भवन

वाम्बुले राई समाज, नेपाल (वाम्रास) प्राकास पाँचकन्या (हाल धरान- ५ र ६) विधिवत गठन हुनुभन्दा अगाडि पनि यहाँ वाम्बुले राईहरूको संस्था थियो । त्यो संस्थाले मरौ-परौहरूमा सघौपघौ अनि सालन्दे देउसी भैलो खेल्दै वाम्बुले राईहरूको परम्परा जोगाउने काममा महत्वपूर्ण योगदान गऱ्यो । त्यसैताका मेरो मामा पुष्पराम राईको विशेष पहलमा धरान-५ खैरेनी निवासी मनकारी बाहिङ राईद्वय भद्रबाहदुर राई (रोके माइला) र रामकुमार राईबाट उहाँहरूले भोगचलन गर्दै आउनु भएको करिब २० धुर (१ कठ्ठा) ऐलानी जग्गा वाम्रास भवन निर्माणको लागि प्राप्त भयो । मानिस धनीराम भएर के गर्नं दिलबहादुर भएन भने केही हुन्न । उहाँ दुवैजना धनीरामभन्दा पनि दिलबहादुरचै पक्कै हुनुहुन्छ । उहाँहरूको यो सहयोग अनन्त कालसम्म वाम्बुले राईहरूले भुल्ने छैनन् । सदैव सम्मान गर्ने नै छौं ।

जब जग्गा वाम्बुले राईहरूलाई हस्तान्तरण भयो तब त्यताका अवसरवादीहरूले निक्कै चलखेल गर्न थाले । जसले ३ जनाको नामै लिएर काट्छुम् माछुँम् भनेर उर्दी गर्ने, डर धम्की देखाउनेसमेत गरे । तर हामी अलिकति पनि हल्लिएनौं किनकि हामी सही थियौं । हामीबीच एक दिन निक्कै चर्काचर्की पऱ्यो । हाम्रो त्यो जग्गाको बीचमा साथीहरूले डोरी टाँगेर निहुँ खोज्ने काम गरेका थिए । हामी सम्पूर्ण वाम्बुले राई केटाकेटी, बुढाबुढी अनि युवाहरू भेला भयौं । त्यो डोरी किला गाडेको उखेलेर फाल्यौं । उनीहरूले केही गर्न सकेनन् । बुद्धिजिवीहरूले विनम्रताको साथ अलिकति जग्गा खानेपानी संस्थानको भवनको लागि आग्रह गर्नुभयो । हामीले पनि त्यो कुरालाई स्विकार गरेर करिब १ कठ्ठामध्ये ७ धुर जग्गा सहमतीमा दियौं । बाँकी १३ धुरमा भवन बनाउन सफल भयौं । यही २०७६ जेठ ३२ गते वाम्रास केन्द्रीय उपध्यक्ष शुभचन्द्र राईको प्रमुख आतिथ्य, वाम्रास सुनसरीका पदाधिकारीहरूको आतिथ्य, विभिन्न सस्थाका आमन्त्रित पाहुनाहरूको उपस्थितिमा भवन उद्घाटन सम्पन्न भएको छ ।

जतिखेर हामीले वाम्बुले भवन निर्माण गर्न भनेर सहयोग रसिद छपाएर आर्थिक सहयोगको अपिल गर्दै थियौं, त्यतिखेरै वाम्रास केन्द्रीय कार्यसमितिले पनि काठमाडौंमा भवन बनाउन देश, विदेशमा आर्थिक सहयोगको अपिल गरेको थियो । त्यसैले हामी योजनाबाट पछाडि हट्यौं । हाम्रो सानो भवनको कारणले वाम्रास केन्द्रीय भवन निर्माणमा असर नगरोस् भनेर ।

म वैदेशिक रोजगारीमा जाँदा वाम्बुले भवनको सहयोग रसिद लिएर गएको थिएँ । तर सोचेजस्तो नहुने रहेछ । आआफ्नै व्यस्तता हुन्छ । साथीहरूबाट केही रकम संकलन भयो । रकम संकलन गर्नुमा राई टकलाई विशेष धन्यवाद छ । तीन वर्ष विदेश बसेर नेपाल फर्के लगत्तै मलाई नै भवन निर्माण संयोजकको जिम्मेवारी सुम्पिनु भयो । तर आफ्नो व्यस्तताले गर्दा खासै काम गर्न सकिन । पछि फेरि रेशम पापसाइलालाई संयोजक बनाई काम अगाडि बढायौं । सामजिक सन्जाल फेसबुकमार्फत् धेरै सहयोगको कुरा उठायौं । तर सहयोग शुन्यजस्तै भयो । कावा राईची वाम्बुलेद्वारा निर्मित वाम्बुलेङ्ग बिसौनीमार्फत् पनि निक्कै चोटि कोशिस गऱ्यौं । तर फेरि उहीँ दसा त्यसपछि निरास मन लिएर हामी आफैंमार्फत् रकम संकलन गर्न थाल्यौं । वाम्रासका प्रत्येक सदस्यबाट निश्चित दरमा रकम उठायौं । चिनेजानेको सबैसँग सहयोग मागे केही रकम जोहो गऱ्यौं । साथै सुनसरी र मोरङमा बसोबास गर्ने वाम्बुले राईहरूको घर-घरमा पुगेर सक्दो सहयोग माग्यौं ।

अन्तमा वाम्रास प्राकास धरान ५ र ६ को नियमित बैठकबाट उठाएको लेबी रकमलाई प्रति व्यक्ति ७ हजार ९ सय १५ रुपैयाँलाई भवन निर्माण गर्न खर्चियौं । अझ ऋणमुक्त नभएपछि पुनः प्रत्येक सदस्यबाट दश हजार रूपैयाँको दरले रकम उठायौं । भवन सम्पन्न गर्ने निर्णय भएको छ । विशेष गरी यो भवन निर्माणमा खट्नु हुने संयोजक पापसाइला रेशमबहादुर राईलाई आभार प्रकट गर्दछु । त्यसैगरी प्रत्येक वाम्बुले राईहरूललगायत सबै सहयोगी हातहरूलाई सलाम छ । अन्तमा वाम्रास प्राकास टिमलाई धन्यवाद । मेरो कलम यही रोक्ने अनुमती मागें । जय वाम्रास । जय लिब्जु उपो !

(लाखमान राई वाम्रास सुनसरी जिल्ला कार्यसमितिको सचिव हुनुहुन्छ ।)

उदयपुरमा 'द्वाङकुमो' झाँगिदै

- ऋषि राई

उदयपुरको कटारी क्षेत्र वाम्बुले राईहरूको मौलिक थातथलो होइन । विगतमा वाम्बुले राईहरूले मौलिक थातथलाबाट सुखको खोजी गर्दै बसाईसराई गरी आएकाले यो जिल्लाको पश्चिमी क्षेत्रमा धेरै र अन्य क्षेत्रमा समेत गरी स्थायी बसोबास गर्नेहरूको संख्या बढ्दै गइरहेको छ । यहाँ वाम्बुले राईहरूले महानचाड द्वाङकुमो मनाउन थालेको ९ वर्ष पूरा भएको छ ।

यो यात्रामा द्वाङकुमोको नौ वर्ष पारगर्दा सबैभन्दा ठूलो सफलता त यसले गैह्र वाम्बुलेहरूको वस्तीहरूमा समेत आफ्नो एउटा विशेष चाडको परिचय बनाएको छ । उदयपुरको कटारीमा वाम्बुले राई समाज (वाम्रास) उदयपुरले नियमित यो द्वाङकुमो मनाउँदै आएको छ ।

'वाम्बुले राईहरू पोशाक लगाएर निस्किएको देखेपछि द्वाङकुमो आज रहेछ भनेर अरूले नि थाहा पाइहाल्छन्,' वाम्बुले राई समाज उदयपुरका कोषाध्यक्ष दिपक राईले भन्नुहुन्छ, 'पहिले पहिले के हो द्वाङकुमो भनेर सोधेर हैरान बनाउँथे ।' द्वाङकुमो चाडमा कटारीमा सामूहिक रूपमा मनाउनेको संख्यामा पनि उल्लेख्य वृद्धि हुँदै गएको छ । युवायुवती, ज्येष्ठ नागरिक र बालबालिकाहरूलाई पनि आफ्नो चाडको आभास भएपछि उपस्थितमा चासो बढाएका छन्, जुन संख्यामा वर्षैपिच्छे बढ्दै गएको छ ।

सुरूमा द्वाङकुमोको अवसरमा कटारीमा वाम्बुले राईहरूले एउटा सामान्य भेला मात्रै हुन्थ्यो । सामान्य खान्तेपिन्ते गरेर छुट्टिन्थे । अहिले विस्तारै यसको महत्व बुझ्दै गएपछि यसमा थप परिमार्जनसमेत हुँदै गएको छ । अहिले द्वाङकुमोको पहिचान झल्काउने विधिहरूको समेत प्रदर्शनी हुने गरेको छ । त्यसैगरी सामुहिक रूपमा खानपिन, मनोरञ्जन, संगिना चाम्दो, एसईई उत्तीर्णलाई प्रशंसापत्र वितरण, सम्माननिय व्यक्तित्वहरूलाई सम्मान पत्र प्रदान जस्ता कार्यक्रमले थप प्रभावकारी बनाउने गरेको

छ । 'द्वाङकुमोलाई चिनाउनसम्म सफल भएका छौं,' समाजका निवर्तमान जिल्ला अध्यक्ष शुभराज राई भन्नुहुन्छ, 'वर्षैपिच्छे द्वाङकुमाको महत्व र यसको बारेमा भन्दै आइरहेका छौं । अहिलेसम्म मूलथलो वामद्याल कसरी मनाइन्छ भनेर हेर्न, देखाउन सकिएको छैन ।'

संगीना चाम्दो हिलेपानी र वामद्यालका गरी दुवै भाकालाई गाउने र नाच्ने गरिएको छ । पस्थितिहरूले घरबाटै लिएर आएका विभिन्न खानेकुराहरू एकआपसमा सामुहिक रूपमा खाँदै साँझ अबेरसम्म रमाउने गरिएको छ । पछिल्लो वर्ष उदयपुरको लेखानी, रूपाटार, रिस्कु (साबिकको गाविस)का वाम्बुले राईहरू पनि वाम्रासमा संगठित भएर काम गर्न थालेका छन् । यसर्थमा उदयपुरमा द्वाङकुमो झनझन झाँगिदै, फैलिंदै र बृहत् हुँदै गइरहेको छ । 'कटारीमा मात्रै सिमित वाम्बुलेहरूसँगै अन्यत्रको वाम्बुलेहरूलाई पनि समाजमा आवद्ध गराएर लैजाने प्रयास जारी छ,' समाजका अध्यक्ष मनबहादुर राई भन्नुहुन्छ, 'समाजमा सबैलाई समेट्दै लैजाने छौं ।'

द्वाङकुमो प्रत्यक्ष प्रसार

एक दशकको यो यात्रामा द्वाङकुमोले जिल्लाको सबै सञ्चार माध्यमहरूमा स्थान पाएको छ । जसका कारण पनि यसलाई चिनाउन सफल भएको छ । सञ्चार माध्यमहरूमा पहुँच हुनाले पनि द्वाङकुमोको बारेमा विभिन्न व्यक्तिहरूलाई मौखिक भन्दै हिंड्नु पर्ने अवस्था अहिले छैन । द्वाङकुमोको शुभकामना, समाचारहरू जिल्लाका पत्रपत्रिका, रेडियोहरूमा प्रकाशन प्रसारण हुने गरेका छन् । उदयपुरमा उल्लेख्य किरात राई समुदायका सञ्चारकर्मीहरू रहेकाले द्वाङकुमोलाई सञ्चार क्षेत्रमा समेट्न गाह्रो छैन । यसले द्वाङकुमोलाई थप प्रचारप्रसार गर्दै फैलाउन सहज बनाएको छ । त्यसैगरी उदयपुरकै कटारीमा रहेको समावेशी एफएम ९२.३ मेगाहर्जले नियमित रूपमा वाम्बुले राईहरूको गतिविधिलाई प्राथमिकतामा राख्दै आएको छ ।

'हामी सबैको आवाज' नारा बनाएर यस एफएमले सबै भाषा भाषीको आवाज समेट्ने भएकाले कटारीमा राई समुदायको वाम्बुले राई भाषाको स्टेसन आईडीसमेत नियमित बजाउने गरेको छ । ओखलढुंगा, खोटाङ, सिन्धुली र उदयपुरका वाम्बुले वस्तीहरूमा यसको विशेष प्रसारण क्षमता भएकाले यस एफएमले वाम्बुले समुदायको आवाजलाई प्राथमिकतामा राख्ने गरेको छ । यसैबीच वाम्रास केन्द्रले ओखलढुंगाको उँबुमा आयोजना गरेको 'द्वाङकुम बृहत सांस्कृतिक कायक्रम-२०७६' को यस समावेशी एफएमले प्रत्यक्ष प्रसारण गरेको थियो । द्वाङकुमोलाई पहाडदेखि तराईसम्म फैलाउने काम गरेको थियो । प्रत्यक्ष प्रसारणले ओखलढुंगा, खोटाङ, उदयपुर, सिरहा, सप्तरी, धनुषा, सुनसरी सम्मका श्रोताहरूले द्वाङकुमो के हो र कसले मनाउने चाड हो भन्नेबारे थाहा पाएका छन् ।

प्रत्यक्ष प्रसारण सुनिसकेपछि धेरै वाम्बुले समुदायले समेत घरमै बसेर आफ्नै महान चाडको बारेमा सुन्न पाएको भन्दै धन्यवाद दिएका थिए । यसैगरी पछिल्लो समय युवा पुस्तामा समेत यो चाड द्वाङकुमोबारे अपनत्वको भाव फैलिंदै गएको छ । जसको कारण सामाजिक सञ्जालमा फोटो, भिडियो पोस्टाउने चलनले झनै यसलाई विश्वव्यापी बनाउन सफल बनाउँदै गएको छ ।

(ऋषि राई वाम्रास उदयपुर जिल्ला कार्यसमितिका सचिव तथा समावेशी एफएमका समाचार प्रमुख हुनुहुन्छ ।)

काठमाडौंको द्वाङकुमो

- श्याम राई

गाउँघरमा यसपालीको द्वाङकुमोको बारे धेरै चहलपहल भएको थियो । कारण चर्चित कलाकार राजेश पायलल राई (राई इज किङ) र विल्सन विक्रम राई (तक्मे बुढा) । यी दुवै २०७६ सालको श्रावण ३० गते उँबुको द्वाङकुमो सांस्कृतिक कार्यक्रममा जाने भएपछि झनै गाउँघरमा रौनक बढ्यो । तस्बिरबाट प्रचार प्रसारले सामाजिक सञ्जालनै तात्यो । गाउँको द्ङ्वाकुमबाहेक सामाजिक सञ्जालमा काठमाडौंमा यस वर्ष द्वाङकुमो हुने/नहुने भन्ने प्रचार हुन सकेन । मलाई लाग्यो, 'काठमाडौंमा यसपालि द्वाङकुमो मनाइदैन रहेछ ।' तर, श्रावण २९ गते बेलुका फोनमार्फत् जानकारी प्राप्त भयो- द्वाङकुमो मनाइन्छ । त्यसपछि धेरै खुशी लाग्यो मलाई ।

ललितपुरको इमाडोलमा मनाउन लागिएको द्वाङकुमोको दिनमा मान्छे धेरै भएनन् । जसले कार्यक्रम सुरुवात हुन पनि असहज भएको थियो । सबैको मुखबाट शब्द आउथ्यो, 'सबै गाउँघरको द्वाङकुमोमा गएछन् । सबै कुर्सीहरु खाली हुने भयो । यहाँ बस्नेहरुलाई यस वर्ष द्वाङकुमो मनाउनेबारे जानकारी पाएनन् जस्तो छ ।' अर्कोतर्फ प्रमुख अतिथिको रुपमा आमन्त्रण गरिएका नेपाल आदिवासी जनजाति महासंघका अध्यक्ष जगत बरामले पनि आउन ढिलाई गरे । उनी आइपुगेर महासचिव जीवन हाताचोले कार्यक्रम सुरु गर्दा अपराह्न ४ बजेको थियो । उनी आउँदै गर्दा सम्ममा खाली कुर्सीहरु सबै भरिए । एकै छिनमा बस्ने ठाउँसमेत पुगेन । मलाई पनि लागेको थियो, 'आजको द्वाङकुमोमा धेरै मान्छे हुँदैन होला ।' तर, मेरो सोच ठ्याक्कै उल्टो भयो । सबै वाम्बुलेहरु भेषभुषामा कार्यक्रम हलभरी देख्दा मेरो मन फुरुङ्ग भयो । नहुनु पनि कसरी, धेरै चिनाजानीकै दाइ दिदीहरु, भाइ बहिनीहरु थिए ।

संगिना चाम्दो भयो । त्यसमा वाम्बुले राई लगायत गैर वाम्बुले राईहरु त्यसमा झुम्मिए । त्यसपछि काठमाडौंको द्वाङकुमोको रौनकता झनै बढ्दै गयो । वाम्बुले राई समाज, नेपाल (वाम्रास) संस्थाले गत वर्षझै यस वर्षको द्वाङकुमोमा धेरैलाई नचायो । मनोरञ्जन दिलायो ।

प्रमुख अतिथि महासंघका अध्यक्ष बरामले ढ्वाङकुमोको शुभकामना दिदै आफू पनि एक किरातीकै सन्तान भएको बताए । किराती प्रकृतिपूजक रहेको बताए । उनले भने, 'किरातहरु प्रकृतिपुजक हुन् । किरात समुदायमा परम्परागत कला, संस्कृतिहरु छन् । बहुसांस्कृतिक भएको देशमा जनजातिहरुको संस्कृतिलाई जोगाउनु पर्नेमा राज्यकै शासक वर्गले कुल्चिने गरेका छन् ।'

साझ नपर्दै कार्यक्रम समापन भयो । त्यसपछि कोही मादल बजाएर गीत गाउँदै नाचे । कोही साउन्ड सिस्टममा गीत बजाएर नाचेर रमाइलो गरे । म पनि नाचें । कोही खानामा व्यस्त थिए । धेरै मान्छे थपिएकाले खाना पुगेन, फेरि पकाउनु पऱ्यो । हामी दोस्रो लटको खानामा पऱ्यौं । भान्सा व्यवस्थापनका सदस्यले भने, 'कार्यक्रममा धेरै मान्छे हुँदैन होला भनेर तीनसय जनाको खाना तयारी गऱ्यौं । तर, बेलुकासम्ममा मान्छेको भीड बढेर फेरि खाना पकाउनु पऱ्यो ।'

'ढ्वाङ्कुम' को अर्थ प्रकृति भन्ने हुन्छ । जुन वर्षा ऋतुको अन्ततिर पर्दछ । बर्खेबाली (मकै, कागुनो आदि) पाक्दै गएकोले यो नयाँ बाली पितृलाई चढाउने र प्रकृतिको पूजा आरम्भ चाड पनि हो । यस दिन मूल देवता लिब्जु, भुम्जु र दिभुज अनि अन्य देवीदेवता, सिकारी बेखारीलाई अन्न, जाँड चढाउने परम्परा छ । काठमाडौं उपत्यकामा भने ढ्वाङ्कुमो चाडको अवसरमार वाम्बुले राईहरु भेला भएर शुभकामना आदानप्रदान गर्ने चलन छ । २०५८ सालबाट सुरु भएको परम्परा निरन्तर छ । वाम्रास संस्थाले ललितपुरको महालक्ष्मी नगरपालिका-१ इमाडोल नयाँ बस्तीस्थित सामुदायिक भवनमा सामूहिक भेला गरेर विभिन्न कार्यक्रम सम्पन्न गर्ने गरेको छ ।

काठमाडौंको ढ्वाङकुम विशेष गरी युवा पुस्ताको भेटघाट गर्ने अवसरका रूपमा विकास भएजस्तो लाग्छ । तर मौलिकता कति बुझेका छन् भन्नेचाहिं आशंका छ । किनभने यहाँ चार नाक्सो हुँदैनन् । कसैले टोलुममा रीत ल्याउनु पर्दैन । भूमेपुजा गरिदैन । मुन्दुम फलाक्ने नाक्सो, डाबुचो हुँदैनन् । यहाँ औपचारिक कार्यक्रम गर्ने, केही नेताहरुको भाषण सुन्ने, संगिना चाम्दो नाच्ने, केही बालबालिकालाई नाच्न लगाउने, जाँडपानी खाने, मासुभात खानेमात्र हो भनेर बुझ्ने हो भने महानचाड ढ्वाङकुमाको मौलिकतामाथि प्रश्न उठ्ने छ । यसतर्फ वाम्रास संस्थाले पुस्तान्तरण प्रक्रियामा ध्यान पुऱ्याउनु पर्ने देखिन्छ ।

तीन कृति सार्वजनिक

काठमाडौंको ढ्वाङकुमको अवसरमा राष्ट्रगानका रचयिता व्याकुल माइलाको संकलनमा रहेको तीनवटा लोकलय गीत सार्वजनिक भएको छ । नेपाल आदिवासी जनजाति महासंघका अध्यक्ष जगत बराम, कोशकार अविनाथ राई, प्राज्ञ धनु याक्खा, वरिष्ठ पत्रकार पुष्पहरि क्याम्पा राई, सभाध्यक्ष गणेश राईले सामुहिक रुपमा सो कृति सार्वजनिक गरेका हुन् ।

उक्त कृतिमा ओखलढुंगाको दक्षिणी भेग दुधकोसी र सुनकोसी आसपासको जनजीवनमा रहेको लोकभाका अधिया, सरुमा, सराद र ख्याली रहेका छन् । तीनवटा भाका नेपालीमा र ख्याली वाम्बुले राई भाषामा रहेका छन् । त्यसैगरी 'किरात राई संस्कृतिमा चिन्डो' सांस्कृतिक पुस्तक र 'फाइस्वाम' (परिवर्तन) वाम्बुले भाषाको कविता कृति सार्वजनिक गरिएको छ । सांस्कृतिक पुस्तक चन्द्रकुमार राई 'हतुवाली' र गणेश राईले लेखेका हुन् । त्यसैगरी कविता कृति बिर्जमान राई हुन् ।

तेस्रो बाँसुरी दिवस

ललितपुर इमाडोलस्थित वाम्बुले राई समाज, नेपाल (वाम्रास) कार्यालय भवनमा तेस्रो बाँसुरी दिवस मनाइएको छ । 'किरात वाम्बुले राईहरुको लोक परम्पराको संरक्षण गर्न साउन १५ गते बाँसुरी दिवस मनाइदै आएको छ । वाम्रास सस्थाले काठमाडौंमा २०७४ सालबाट निरन्तर बाँसुरी दिवस मनाउँदै आएको छ । यो वर्ष २०७६ सालमा जीवन राई, नवराज राई(क), नवराज राई (ख), विकास राई, दिलकला राई, अम्बिका राई, श्याम राईले बाँसुरी बजाएका थिए भने विष्णु माइला राई र मोतिलाल राईले मादल बजाएका थिए । वाम्बुले राईहरुको राम्दले भाका, चाम्दो भाका र परम्परागत भाकामा बाँसुरी बजाइएको थियो । उक्त बाँसुरी दिवस कार्यक्रमको प्रमुख अतिथि किरात राई यायोक्खाका केन्द्रीय अध्यक्ष दिवस राई र वाम्रास केन्द्रीय अध्यक्ष गजुरधन राईको सभाध्यक्षता रहेको थियो ।

असार र साउन १४ सम्म देवताहरु गुफाबस्ने भएकाले यो अवधिमा बाजा बजाउनु हुन्न नङ काट्नु हुँदैन । कपाल काट्नु हुँदैन भन्ने मान्यता छ । साउन १५ देखि देवताहरु उपवास सकेर गुफाबाट बाहिर निस्कन्छन् । उनीहरुको स्वागतको लागि बाजागाजा बजाउने चलन छ । साउन १५ लागेसँगै सबै उमेरका मानिसहरुले बाँसुरी बजाएर मनोरञ्जन लिने वाम्बुले राई समुदायको प्रचलन रहेको छ ।

लिब्जुलाई पर्यटकीय गन्तव्य

- पूर्णप्रसाद न्यौपाने

लिब्जुलाई पर्यटकीय गन्तव्यका रूपमा विकास गर्न थालिएको छ । ओखलढुंगाको मानेभञ्ज्याङ गाउँपालिकामा पर्ने चर्चित धार्मिक स्थलका रूपमा रहेको लिब्जु क्षेत्रलाई पर्यटकको रोजाईमा पार्न पूर्वाधार निर्माणको काम थालिएको हो ।

पूर्वाधार अभाव र प्रचारप्रसारका कारण ओझेलमा रहेको लिब्जुमा सिँढी सहितका संरचना निर्माणको काम थालिएको छ । प्रदेश सांसद मोहनकुमार खड्काको पूर्वाधार विकास कोषको ७ लाख बजेटबाट लिब्जुमा दुई सय वटा सिँढी बनाइएको छ । संघ सरकार मातहतको पर्यटन मन्त्रालयबाट प्राप्त ५ लाख बजेटबाट पनि पूर्वाधार निर्माणको काम भइरहेको मानेभञ्ज्याङ गाउँपालिका- २ वाक्साका वडा अध्यक्ष उमेश कार्कीले बताए । लिब्जुलाई मानेभञ्ज्याङ गाउँपालिकाकै प्रमुख धार्मिक तथा पर्यटकीय गन्तव्यका रूपमा विकास गर्ने लक्ष्यसहित काम भइरहेको उनको भनाई छ । 'लिब्जुमा पर्यटनको प्रचुर सम्भावना छ त्यसलाई चुम्ने प्रयास गरिरहेका छौं,' वडा अध्यक्ष कार्कीले भने, 'संघ, प्रदेश र स्थानीय सरकारको प्राथमिकतामा पारेर पर्यटन वर्षको एउटा महत्वपूर्ण गन्तव्य लिब्जु बनाउने उद्देश्य हो ।' भक्तजनलाई सजिलो पार्न तलदेखि माथिसम्म सिँढी बनाउने योजना रहेको उनले सुनाए । वडाले लिब्जुको विकासका लागि पहल गर्न प्रत्येक वर्ष योजना अघि सार्दै आएको छ ।

पूर्वको पशुपति भनेर चिनिने खोटाङको हलेसी जाने बाटो नजिकै लिब्जु पर्दछ । लिब्जु क्षेत्रलाई पूर्वी पहाडको धार्मिक पर्यटकीय क्षेत्रको रूपमा विकास गरिने सांसद मोहनकुमार खड्काले बताए । 'स्थानीय साथीहरूको सक्रियता राम्रो छ, काम भइरहेकै छ । हामी बजेट अभाव हुन दिन्नौं,' सांसद खड्काले भने, 'हलेसी आउने हुन् वा सगरमाथा जाने उनीहरू एक पटक लिब्जु घुम्न आउने बनाउँछौं ।' सांसद खड्काले लिब्जु, ककनी,

सिद्धधाम, मालिङ्गे र पोकली सहितका क्षेत्रमा पर्यटन प्रवर्द्धनका लागि बजेट विनियोजन गरेका छन् ।

कहाँ छ लिब्जु ? के हो इतिहास ?

समुन्द्र सतहबाट करिब १ हजार ९ सय ५७ मिटरको उपचाईमा ओखलढुंगाको दक्षिणी भेगमा छ, लिब्जु डाँडा । मानेभञ्ज्याङ गाउँपालिकाभित्र उँबु, वाक्सा र केत्तुके गाउँको शिरमा अवस्थित लिब्जु डाँडाबाट तराईका फाँट र उत्तरमा विश्वको सर्वोच्च शिखर सगरमाथा देख्न सकिन्छ ।

घना जंगलले घेरिएको चुचुरोमा किरात वाम्बुले राईहरूका देवता लिब्जु उपो रहेको धार्मिक विश्वास छ । स्थानीय वाम्बुले राईहरूले पितृ र प्रकृतिको पूजा गर्दा लिब्जु, भुम्जु र दिभुजुलाई दिदीबहिनी या दाजुभाइ देवताका रूपमा पुकार्ने गर्दछन् । भुम्जु दुधकोसी पारि खोटाङको डिकुवा, च्यास्मिटार र बाहुनीडाँडा ठाउँको शिरको अग्लो चुचुरो हो ।

सबैभन्दा ठूला देवता भने लिब्जुलाई नै मान्ने चलन छ । लिब्जुमा दर्शन गर्दा घरमा शान्ति मिल्ने, स्वस्थ हुने र इच्छाएका सबै कुरा पुरा हुने जनविश्वास छ । मन्दिरमा कुखुरा, मालेगोरू लगायत वैशाख पूर्णीमाको अवसर पारेर छाड्ने गरिन्छ । 'परापूर्वकालमा लिब्जु पुजा माले गोरू काटेर गर्ने चलन थियो । तर, नेपाल एकीकरण र मुलुकलाई हिन्दुराष्ट्र घोषणापछि गाई, गोरू काट्न बन्देज लगाइयो । त्यसयता वाम्बुले राईहरूले मालेगोरूलाई लिब्जुका नाममा छोड्ने र राँगा काटेर पूजा गर्ने चलन छ । मुन्धुम फलाक्ने बेलामा 'माले गोरूले पूजा गर्‍यौं है' भनेर पुकार्ने गर्दछन् ।'

वाम्बुले राईहरूको महान चाड ढ्वाङकुम पुर्नेमा बर्खामा पाकेका मकै, अन्नबालीको जाँड, जिर्मा, विभिन्न परिकार आदि बनाई मूलदेवता लिब्जु र भुम्जुलाई चढाउने प्रचलन रहेको उँबुकी स्थानीय सांग्रीला राईले भनिन् । उनका अनुसार वाम्बुले राईहरूले पाकेका मकै, जाँड, जिर्मा आदि बनाई मूलदेवता लिब्जु र भुम्जुलाई पहिला चढाएर मात्रै खाने चलन छ ।

पानी नपरे लिब्जु पुकार्ने किंवदन्ती

स्थानीयले गाउँमा कुनै समस्या परे वा खडेरी लागे लिब्जुलाई पुकार्छन् । 'केही समस्या आयो पर्ने लिब्जु उपो रिसाएरछन् भनेर सम्झन्छौं । लिब्जु प्रति हाम्रो विश्वास पनि छ ।' वाक्साका लक्ष्मण राउतले भने, 'वाम्बुले राई जातिहरूले विशेष मान्ने गरेको लिब्जु उपो अहिले सबैले आफ्नो ठान्छन् । पानी परेन भने आकाश हेर्दै लिब्जु पुकार्ने अनौठो चलन पनि छ ।' अन्य त्यस आसपासका क्षेत्री, तामाङ, मगर र दलित सहितका समुदायले पनि लिब्जुलाई मान्दछन् ।

किंवदन्तीअनुसार कुनै समय स्थानीय राईहरूले जंगलमा सिकार खेल्न जाँदा ढुक्न ठूलो रूख चुने । त्यसमा चढ्न पहिले अखटा काट्दा सुरू गर्दा त्यो रूखको भित्रबाट एक प्रकारको आवाज आयो- 'ए मेरो घुँडा काट्छौ है ।' त्यो कुरा वास्ता नगरी फेरि अर्को अखेटा काट्न सुरू गरे । फेरि आवाज आयो, 'ए मेरो मुटु काट्छौ है' भनेर । त्यसलाई पनि वास्तै नगरी तेस्रो अखेटा काट्न सुरू गरे । फेरि पनि ठूलो स्वरमा सुनियो 'ए मेरो घाँटी काट्छौ है' भनेर । यस्तो पटक-पटकका आवाजले रूख काट्नेहरू छक्क परे । पहिलो पटक

काटेको अखटामा गहिरो गरी काटे । रूखभित्र धोद्रो भेटियो । धोद्रोमा मान्छे उभिएको खुट्टा देखियो । पूरै रूख काटेर निकाल्दा एउटा बालक भेटियो । त्यो बालकलाई गाउँमा ल्याएर पालियो । एकदिन त्यहाँ अपरिचित बूढो मान्छे घुम्दै आए । उनले जंगलमा भेटिएका ती बालकलाई लिएर गए ।

त्यो बालकले गाउँ छाडेको दिनदेखि १२ वर्षसम्म गाउँमा पानी परेन । गाउँलेहरू जिउने विभिन्न उपायको खोजीमा लागे । स्थानीयले अन्ततः के त्यो बालक भगवान त होइन ? अरूलाई दिएर पठायौं भनेर आत्मालोचना गर्दै लिन जाने निधो गरे । उनीहरूले त्यो बालक लैजाने वृद्ध कहाँ पुगेर गाउँको सबै अप्रिय घटनाबारे बताए । त्यसपछि सात थुम्से खाक्सी छिपेको दाना लगेर बुझाएर बालकलाई लिएर गाउँ फर्के । जब त्यो बालक गाउँमा आएपछि पानी परेर हरियो-परियोले ढकमक्क छाएको थियो । त्यस व्यक्तिलाई 'लिब्जु' भनेर नामाकरण गरियो । लिब्जु भन्नाले यस क्षेत्रको राईहरूको भाषामा युग फर्काउनु हो । किनभने १२ वर्षसम्म सुख्खा लागेको र जब लिब्जुले गाउँ टेक्यो सम्पूर्ण युग फर्केको थियो । लिब्जु राई लिब्जु उपो (बाजे) पनि भनिन्छ ।

साभार: भिजनमिडियो जुलाई ३ (१८ गते असार, २०७६)

सामाजिक सञ्जालमा लिब्जु विकासको चर्चा

मानेभन्ज्याङ गाउँपालिका-२ का वडाध्यक्ष उमेश लामा कार्कीले २०७६ असारमा आफ्नो वडामा गरेको लिब्जुको विकास सम्बन्धी कार्यलाई सामाजिक सञ्जाल फेसबुक वालमा फोटो राख्नु भयो । सामाजिक विकासमा महत्व राख्ने लिब्जुको विकासबारे उक्त फोटोमुनि प्राप्त क्रियाप्रतिक्रियाहरू यसरी चलेको थियो :

वडा अध्यक्ष, उमेश कार्की

उमेश लामा कार्की (वडाध्यक्ष)- मानेभञ्ज्याङ गाउँपालिकको धार्मिक तथा पर्यटन स्थल लिब्जु उपो जान सिढी निर्माणको सुरुवात भएको छ । यस कार्यलाई निरन्तरता र गन्तव्यमा पुऱ्याउनु आजको आवश्यकता छ । (फेसबुक स्टाटससँगै पाँचवटा फोटो राख्नु भएको छ ।)

जेबी राई- विकास गर्ने क्रममा महत्वपूर्ण प्राकृतिक संरचनाहरूमा नकरात्मक असर पुऱ्याउँदै गइरहेका छौं । मान्छेको सुविधाको लागि विकास गर्दा लिब्जु जंगलको सुरक्षा र संरक्षणमा विशेष ख्याल गर्न जरुरी छ । वनजंगल त्यसै मासिदै गएको अवस्थामा लिब्जु वृक्षरोपण अभियानमा जुट्दा हामी सबैलाई कल्याण हुनेछ ।

शम्भु गाउँले थापा 'गोदार'- हैट यो त बडो खुसीको कुरा पो देखियो त ।

मुम्चे राई- राम्रो काम गर्नं भएको छ तर यो सिढीको एकापट्टि ड्रेन नाली पनि निर्माण गर्नं पर्ने हुन्थ्यो त्यो देखिएन । अब रेलिङ लाउँदा ध्यान दिनु होला ।

रामकाजी कार्की- धेरै राम्रो काम । अब त्यहाँ पानीको पनि सुविधा बनाउनु पर्छ । अनि भ्यु टावर पनि ।

मुक्काचो जितेन- राम्रो कार्यको थालनी भएको छ । विधि, प्रक्रिया र मापदण्डभित्र रहेर अझै तिव्रगतिमा निर्माण कार्य अगाडि बढाउनुस् । यसमा समग्र जनता साथमा छन् र रहिरहने छन् । विकास विरोधी तत्वहरू विषयविहीन भएपछि विरोधको लागि विरोध गरिरहन्छन् । यस खालका धारणाले खासै तात्विक अर्थ राख्दैन । जलवायु परिवर्तन, जलचक्र र वन जंगलबीचको सम्बन्धबारे हामी सबैलाई यथेष्ट जानकारी छ । विगतमा वन पैदावरको अनियन्त्रित दोहन हुँदा चुइँक्क नबोल्ने महोदयहरू आज अचानक कोकोहोलो मच्चाउनु खासै आवश्यक देखिदैन ।

कार्की लघुधन- निर्माण कार्य दीगो र तिव्ररूपमा सम्पन्न गर्दै जानुस् । अरु बाँकी बुझ्न जल तथा मौसम विभागतिर जाउँला । पहिला विकास अनि निकास । बरु निर्माण कार्य सम्पन्न गर्न सबै मिलेर सकेको साथ सहयोग गरौ । जय लिब्जु ।

किसुजंग कार्की- यसरी नै विकासका कामहरू तिव्ररूपमा अगाडि बढ्दै जाओस् । हमेसा हाम्रो साथ र सहयोग हुनेछ ।

राजन राई- दीगो विकास होस् । यसरी नै अघि बढ्नु ।

विकास सौगात- राजन राई दिगो विकास आजको विश्वव्यापी अवधारणा पनि हो ।

हिरा कार्की- ल राम्रो काम भाइ । जय लिब्जु उपो ।

अमृत तामाङ- माथि एकजना साथीले भन्नुभएजस्तो एकातर्फ नै काटिएको भए दीगो हुने थियो ।

यज्ञ थापा- लिब्जुलाई हलेसीजस्तै एउटा प्रसिद्ध तिर्थस्थल बनाउने गरी एउटा छुट्टै गुरुयोजना तयारी गरौं । र सबैको आस्थाको प्रतीक लिब्जु बिजुवाको देश देशान्तरमा नाम कृत फैलाएर हामी सम्पूर्ण चौरासवासीले गर्व गरौं । भाइले गरेका सबै काममा हाम्रो मन वचन कर्मले साथ सहयोग रहने छ ।

कोते सार्की- सम्पूर्णको समग्र प्रतिक्रिया पढेर मनन गरें ! विनाश बिना विकास सम्भव हुन्न । त्यसको संरक्षण संवर्द्धन गर्नं हजुर हाम्रै आजको टड्कारो आवश्यकता हो ! त्यसैले उमेश भाइको यो कार्यको उच्च सम्मान गर्दै लिब्जु इलाकालाई हरियो वन हाम्रो धन बनाउने हामी सबैको पहल रहोस् भन्ने इच्छा जाहेर गर्दछु !

देश राई मुक्काचो- हामी सबैले फलाक्ने गरेको समृद्धि, संरक्षण, प्रवर्द्धन, पर्यटन साथै परिवर्तन भन्ने चिज़ प्राकृतिक रूपमा मात्र पूरा भएको अहिलेसम्म रेकर्ड नै छैन । र लिब्जु उपो दर्शन गर्न जान बाटो भिरालो अप्ठ्यारो भएको कुरा सर्वविदितै छ । तर अहिलेको सिढी निर्माणले सम्पूर्ण दर्शनार्थीहरूलाई दर्शन गर्न आउन जानको लागि पहिलेभन्दा अहिले पक्कै पनि सहजता ल्याएको छ । जे भएको छ, राम्रोको लागि नै भएको छ । जय लिब्जु उपो ।

दिनेश नेपाली- राम्रो काम, कामले तिव्रता पाओस् । जय लिब्जु । यहाँ कमेन्टमा विरोधाभाष गरिरहनु हुने महासय हजुरलाई एउटा प्रश्न छ । मेरो तपाईंले भन्नुभएको थियो लिब्जुलाई नेपालभरि चिनाउनु छ । लिब्जुमा विकास प्रवर्द्धन चाहियो । विकास किन भएन ? यसरी प्रश्न गर्नंहुन्थ्यो । तर आज तपाईं हाम्रै माग पूरा हुनेजस्तो देख्दा विरोध गर्नंहुन्छ ? तपाईं हामी सबैलाई थाहा छंदैछ । विकासमा थोरै बिनाश मिसिएको हुन्छ । बरु खुट्टा तान्नेभन्दा विकासको काममा थोरै हौसला दिनुहोस् । अनि विनाश न्युनिकरण गर्न भएको विनाशलाई सजाउने खालको सल्लाह दिनुस्, जो तपाईंको सल्लाहले सबैको मन मस्तिष्कमा विकास अनि विनाशलाई विकासमा परिणत गर्न सकोस् ! अन्तिममा भन्न चाहें प्लिज बिरुवा रोप्न नभुल्नु होला !

विकास सौगात- दिनेश नेपाली, विकासमा विमती छैन । सोमध्ये उत्तम विकल्पको प्रयोग भैदिए राम्रो भन्ने मात्रै हो ।

दिनेश नेपाली- विकास सौगात हजुर सर, होनि मेरो पनि भनाइ यही नै हो ।

शुभराज राई काजी- काम राम्रै हो । तर अझै बाँकी छ भने त्यसमा चाहिँ ढुंगाको मात्रै सिंढी हाल्नु लगाउनु होला । त्यो पूर्ण प्राकृतिक र राम्रो पनि हुन्छ ।

विकास सौगात- शुभराज राई काजी हो दाजु । मेरो मत पनि के हो भने ढुंगाको भए हुन्थ्यो भन्ने नै हो ।

सुनिता अधिकारी कटवाल- दाइहरू त्यो पनि बन्दैछ । अझ राम्रो बनोस् भनुम् । काम राम्रो होस् सिंढी बनोस् ।

शुभराज राई काजी- जसले जेजे गरे राम्रैको लागि गरिरहेका छन् । आफू प्रत्यक्ष रूपमा संलग्न हुन नसके पनि नमूना काम बनोस् भन्ने इच्छा हो ।

मुम्चे राई- ढुंगाको सिढी बनाउने सन्दर्भमा रकमको कमिले भन्ने कुरा बुझिएको छ । अब अर्को वर्षको बजेटचै अलिक बढी नै माग गर्नं पर्ने देखियो । हामी सबै लागि परम् है नरनाता हो ।

चित्र कार्की- बाटो मात्रै खनेर भएन । माले गोरु चढाउनु परो । पानी परेन । लिब्जुमा बाटोको लागि पहिला पनि धेरै बजेट सकिएको छ है ।

सुनिता अधिकारी कटवाल- चित्र कार्की, पानी त्यहाँमात्र होइन कहीं पनि परेको छैन । अब पर्ला नि जय लिब्जु ।

शम्भु थापा- लिब्जु उपो दर्शन गर्न जान सजिलो हुने भयो । सबैका लागि खुसीको कुरा हो । तर साइट साइटमा बार पनि सँगै भैदेको भए सुनमा सुगन्ध हुने थियो ।

मुम्चे राई- शम्भु थापा सर, अति नै राम्रो प्रसंग हो यो । मैले बुझेअनुसार यो रेलिङ पनि निर्माण हुने छ क्रमशः ।

पीबी प्रशान्ति महत- धेरै राम्रो काम । यो कामले तिव्रतासँगै सफलताको कामना । र यो पनि कुरा के भने सिढी सम्पन्न भएपछि तेसमा ढुंगाको कटिङ सेपमा बाहिरी आवरणमा हुने हो भने कत्ति राम्रो हुँदो हो । त्यो पनि विचार गरौं है सबै नेताजीहरू ।

हिलेपानीमा पनि तेस्रो बाँसुरी दिवस

- गगन राई

विषय प्रवेश

जातिका भाषा, परम्परागत संस्कार संस्कृति राष्ट्रको निधि हुन् । हाम्रो नेपाल बहुल जाति, बहुल भाषा अनि बहु धार्मिक देश हो । भाषिक र सांस्कृतिक रूपमा समृद्ध देश हो । तर राज्यले यसको संरक्षण, सम्वर्द्धन अनि विकासमा चासो देखाएको पाइँदैन । जसको परिणामस्वरूप दिनदिनै हाम्रो भाषा, धर्म, संस्कृति परम्परा हराउँदै गएका छन् । आयातित धर्म, भाषा, संस्कृति परम्पराको प्रभाव बढेको देखिन्छ ।

हाम्रा पुर्खाहरू बाँसुरी, बिनायो, मुर्चुंगा अनि मादलको धुन अनि तालमा लैबरी, राम्दले, झ्याउरे, ख्याली, अडिया, सरूमा, लौलौ भाकामा गाउँदै नाच्दै, रमाउँदै आए । जातीय भेषभुषामा सजिएर नाच्दै आएका चाम्दो (संगिना), ढ्वाकुम सिली, मारूनी, हुर्रा, कौडा अनि थाली जस्ता नाचहरू एकादेशको कहानीझैं बनेको छन् ।

भाषा बाँचे जाति बाँच्छ । जाति बाँचे संस्कृति परम्परा बाँच्छ । नेपालको ५९ आदिवासी जनजातिमध्ये किरात राई एक जाति हो । २८ वटा जति भाषा बोल्न राई जातिमध्ये किरात वाम्बुले राई एक हो । मुन्धुम मान्ने यी जाति पितृ पुजा र प्रकृति पुजा गर्दछन् । यो जातिको आफनै संस्कृति, परम्परा, मुल्य मान्यताहरू छन् । ती अनेकन मुल्य मान्यता अनि परम्पराहरूमध्ये हरेक वर्ष साउन १५ देखि बाँसुरी बजाउँने परम्परा पनि एउटा हो । वाम्बुले राई समाज, नेपाल (वाम्रास) संस्थाले यो परम्परा अनि संस्कृतिको संरक्षण र विकासको निम्ति विगत तीन वर्षदेखि 'किरात लोक परम्परको निरन्तरता वाम्बुले बाँसुरी दिवस' नारासहित मनाउँदै आएको छ ।

अघिल्ला वर्षझैं वाम्रास केन्द्रीय कार्यालय काठमाडौं र ओखलढुंगाको हिलेपानी गाउँमा २०७६ साउन १५ गते तेस्रो 'बाँसुरी दिवस' कार्यक्रम आयोजना गरियो । मानेभञ्ज्याङ गाउँपालिका-६, हिलेपानीको कोलडाँडामा सम्पन्न भएको बाँसुरी दिवसको संक्षिप्त चर्चा गर्न लागेको छु ।

बाँसुरी दिवस

भाषा, संस्कृति परम्परा जातिगत पहिचान हो । यसको संरक्षण, विकासमा सबैजना एकजुट भएर लाग्नु पर्छ । यही सोंच साउन १५ नजिकिदै गर्दा एकाएक मेरो ध्यान खिच्ने गर्छ । साउन १० गते बिहान बाँसुरी दिवसको तयारीबारे बुझ्न वाम्रास उपाध्यक्ष गणेश राईलाई फोन गरेको थिएँ । उहाँ वाम्रासको भाषा, शिक्षा र संस्कृति उपसमितिको संयोजकसमेत हुनु भएकाले बाँसुरी दिवसको तयारी बैठकमा हुनु भएको जानकारी दिनुभयो । भोलि पल्ट निर्णयहरू सुनाउँनु भयो । वाम्रास केन्द्रले एकांगी निर्णय गरेको लाग्यो । वाम्बुलेहरूको उद्‌गम थलो ओखलढुंगा लगायत अन्य जिल्लामा बाँसुरी दिवस कसरी मनाउँने भन्नेबारे निर्णय भएनछ । बाँसुरी दिवसमा आयोजक भनेर वाम्रास नेपाल उल्लेख गर्ने तर कार्यक्रममा कोही पनि पदाधिकारीको संलग्नता नरहने र कार्यक्रम व्यवस्थापनमा आवश्यक आर्थिक पाटोमा केन्द्रले केही सहयोग नगरेको जस्ता गुनासाहरू राखेँ । आयोजक वाम्रास नेपाल राख्दा केही वाम्बुले व्यक्तिको आपत्ति भएको र यस वर्षको हिलेपानीमा सम्पन्न हुने बाँसुरी दिवसको आयोजक अर्कै संस्थालाई राख्ने योजनाबारे बताएँ ।

मेरो गुनासोलाई पन्छाएर दाजुले रोक्नु भयो । एकतामै शक्ति हुने र संसारमा छरिएका वाम्बुलेको एकमात्र साझा संस्था वाम्रास भएकाले पन्छाउन नमिल्ने सुझाउँनु भयो । यसो गर्दा हामीमा एकता भएको राम्रो सन्देश प्रवाह हुन्छ । वाम्रासको विकल्प संस्था छैन । यही संस्थाले वामद्‌याल (उँबुगाउँ)मा स्वालेवा पार्कको स्थापना गरेको छ । अब हिलेपानीको मितेरी भन्ज्याङमा सुरिम पार्क स्थापना गर्ने प्रतिवद्धता गरेको मसँग राख्नुभयो । यो विषयमा मानेभञ्ज्याङ गाउँपालिका वडा नं. ६ का वडाध्यक्ष हेमराज राईलगायत अन्य विकासप्रेमी युवाहरूसँग कुरा भएको पनि बताउँनु भयो ।

गणेश दाजुको यो कुरा सुनेर खुशी भएँ । किनभने मैले यो सपना पहिल्यै देखिसकेको थिएँ । मध्य पहाडी लोकमार्गले फेरो हालेको अनि सगरमाथासम्म उक्लिएको सिद्धिचरण लोकमार्गले गम्लङ्ग अँगालेको मेरो सुन्दर गाउँ हिलेपानीमा यो पार्क राख्दा मेरो भाषा, धर्म, संस्कृति, भेषभुषा अनि परम्पराको बारेमा संसारले बुझ्न, जान्न पाउँने छन् । पर्यटन प्रवर्द्धनले गाउँको विकासमा सहयोग गर्छ भन्ने पनि पहिल्यै लागेको थियो । खुशी व्यक्त गर्दै आयोजकमा वाम्रास, नेपालकै नाम राखी हिलेपानीमा तेस्रो बाँसुरी दिवस कार्यक्रम सम्पन्न गर्ने जिम्मेवारी लिने निर्णय सुनाएँ । संस्थाले गरेको प्रतिवद्धता चाँडै व्यवहारमा देखाओस् । हामी हातेमालो गर्न तत्पर छौं ।

साउन १२ गतेको दिन हिलेपानीको कोलडाँडामा ५० किलोवाट सौर्य मिनीग्रिड आयोजना उपभोक्ता समितिको आमभेला कार्यक्रम थियो । म पनि सहभागी भएर कार्यक्रम संचालन गरें । सौर्य ऊर्जा आयोजना यही वर्षको दशै या तिहारभित्र आयोजना सम्पन्न हुने उपभोक्ता समितिका अध्यक्ष उनबहादुर राईले जानकारी दिनुभयो । भेलाले आयोजनाको शिलान्याश साउन १५ गते बुधबारको दिन धुमधामका साथ गर्ने निर्णय गर्

यो । बाँसुरी दिवस र ऊर्जा शिलान्याशको कार्यक्रम ठ्याक्कै जुध्यो । एकै दिन एकै ठाउँमा दुई कार्यक्रम सम्पन्न गर्न वास्तवमा गाह्रो हुन्छ । मैले संयुक्त रूपमा कार्यक्रम सम्पन्न गर्ने प्रस्ताव राखेँ । सबैजनाले मेरो प्रस्ताव स्वीकार्नु भयो । हाम्रा पुर्खाहरू तन्नेरी छँदा साउन १५ को दिनदेखि वनजंगल गुन्जिने गरी बाँसुरी बजाउँथे । आज चलन बदलिएको छ । उहिलेजस्तो बाँसुरी बजाउने पुस्ता पातलिदैछ । त्यसैले हामी यो दिनलाई विशेष बनाउन दिवस मनाउन थालेका हौं । सामूहिक भेलामा बाँसुरी बजाउँदा अझ त्यसको महत्व बढ्छ ।

हामीले गाउँमा स्थापना भएका संस्थाहरू फुलबारी युवा क्लब, सुनाखरी कोसेली युवा क्लब, मितेरी युवा क्लब, नव सगरमाथा युवा क्लब, नयाँ नेपाल सरोकार समाज, थुम्का सिद्धधाम पर्यटन प्रवर्द्धन विकास कोष र व्याकुल माइला गोल्ड कप मुल समारोह समितिलाई सह आयोजक बनायौं । वाम्बुले राई समाज, नेपाल र सौर्य मिनीग्रिड आयोजना उपभोक्ता समितिलाई मुल आयोजक राख्यौं । ब्यानर लेख्यौं- 'हिलेपानी ५० किलोवाट सौर्य मिनीग्रिड आयोजना शिलान्यास तथा किराती लोक परम्पराको निरन्तरता वाम्बुले बाँसुरी दिवस, साउन १५, २०७६ तेस्रो ।'

उपभोक्ता समितिका अध्यक्ष उनबहादुर राई सभाध्यक्ष, प्रतिनिधि सभा सदस्य माननीय यज्ञराज सुनुवार प्रमुख अतिथि र प्रदेश सभा सदस्य माननीय मोहन खड्का (हिमशिखर) विशेष अतिथि, नेकपा केन्द्रीय सदस्य किशोरकुमार अधिकारी, नेकपामा प्रदेश सदस्यहरू नानीबाबु बुढाथोकी, बाबुराम गौतम र खड्ग योगीको आतिथ्य रहेको थियो । मन्जित राई र मैले कार्यक्रम सञ्चालन गर्‍यौं ।

संघीय सांसद सुनुवार र प्रदेश सांसद खड्काले कार्यक्रमको उद्घाटन गरायौं । बाँसुरी वादन र स्थानीय कलाकारहरूलाई लोक साँस्कृतिक नृत्य तालिका राखेका थियौं । बाँसुरी दिवसको महत्व बुझाउँन पृष्ठभुमिमा राष्ट्रगानका रचनाकार व्याकुल माइलाले संकलन गर्नु भई संगीतवद्ध रेकर्ड गराउनु भएको वाम्बुले समुदायमा गाइने सरुमा, ख्याली, अडिया, सराद र लौलौ भाकाका बाँसुरी धुनहरू साउन्ड सिस्टममा बजाइएको थियो ।

कार्यक्रममा नयाँ र पुराना पुस्ताका बाँसुरी वादकहरूको उल्लेख्य उपस्थिति थियो । पूर्व सूचना दिन नसक्दा पुराना केही राम्रा बाँसुरी वादकहरूको उपस्थिति थिएन । केही नयाँ बाँसुरी वादकहरू थपिएका थिए । उहाँहरूले उत्कृष्ट बाँसुरी बजाएर दर्शकलाई मनोरञ्जन दिनुभयो । यो वर्ष ७ जना बाँसुरी वादकले आफ्ना प्रस्तुती दिनुभयो । अतिथि मावर सुनुवार, परम्परागत बाँसुरी वादकहरू अमृतबहादुर राई, बिर्खबहादुर राई, विनम राई, शिवशोर राई, गोपाल राई र शिक्षक अमृतबहादुर राई (अल्ला भावाचाचो) हुनुहुन्थ्यो ।

बाँसुरीको धुन बजिरहँदा मैले मेरो दिवंगत बुवा ओमबीर राईलाई सम्झिएँ । धेरै भावुक भएँ । उहाँ एक अग्रज बाँसुरी वादक हुनुहुन्थ्यो । हिलेपानीको मितेरी भञ्ज्याङमा आयोजित पहिलो बाँसुरी दिवस (२०७४ साल) मा उहाँले बाँसुरी बजाउँनुभएको थियो । उहाँले बजाउनु भएको बाँसुरी वादनको भिडियो व्याकुल माइलाले श्रद्धाञ्जली शब्दसहित आफनो फेसबुक वालमा पोष्ट गर्नुभएको छ । अन्तिममा मैले मेरो बुवाको चिर आत्माको शान्तिको कामना गरें । प्रमुख अतिथि र विशिष्ट अतिथिले वाम्बुले राई समाज नेपालद्वारा आयोजित बाँसुरी दिवस कार्यक्रमबाट आफुहरू प्रभावित भएको र आफनो परम्परा, संस्कृतिलाई संरक्षण र विकास गर्ने पक्षमा लागिरहन बधाई तथा शुभकामना दिनुभयो । ओखलढुंगा जिल्लाको शिक्षा, कला, साहित्य, भाषा र संस्कृतिको संरक्षण र विकासमा आफुहरूले सक्दो सहयोग गर्ने प्रतिवद्धता समेत जनाउँनुभयो । साथै सांस्कृतिक अभियानहरू जारी राख्न सुझाउनु भयो । स्थानीय कलाकार भाइबहिनीहरूले नृत्य प्रस्तुत गरेका थिए ।

निष्कर्ष

हामीले चाह्यौं भने जे पनि गर्न सक्छौं । असम्भव केही पनि छैन । इच्छाशक्तिले जन्माएको सहकार्यले बाँसुरी दिवसको निरन्तरता पाएको छ । बुढापाका पुस्ताको साथ महत्वपूर्ण रहन्छ । तसर्थ, हामी संगठित हुनुभन्दा अर्को विकल्प छैन । संगठित भएनौं भने हामीले आफनो अधिकार, पहिचान सबै गुमाउँछौं । भाषा, धर्म, कला, साहित्य, संस्कृति अनि परम्परा नै हाम्रो पहिचान हो । त्यसैले परम्परागत संस्कृति उजागर गर्दै यसको संरक्षण र विकासको अभियानमा कोही पनि पछि नपरौं । फुटेर होइन जुटेर लागौं । आजै अनि अहिल्यैदेखि लागौं । तन अनि मन दिएर लागौं । काँधमा काँध मिलाइ हातमा हात मिलाएर उठौं । निश्चित छ हाम्रो पहिचान युगौं युग पछिसम्म बाँचिरहन्छ । हामी व्यक्ति मरेर गए पनि यो समाज जीवित रहिरहने छ । हाम्रो योगदानलाई हाम्रा सन्तान दरसन्तानले सम्झिरहने छन् । यो इतिहासको सानो अंश हो- बाँसुरी दिवसको निरन्तरता ।



'द्वाङकुम चाडले ऐतिहासिक, सांस्कृतिक, सामाजिक मूल्यमान्यता सबै बोकेको छ'

- दिवस राई, अध्यक्ष, किरात राई यायोक्खा केन्द्रीय कार्यसमिति

किरात राई यायोक्खा संसारभरि छरिएर रहेका आदिवासी किरात राई जातिको छाता संस्था हो । २०४५ साल साउन २२ गते स्थापित यस संस्थाको २०७५ फागुनमा किरात प्रदेश सुनसरी जिल्लाको धरानमा सम्पन्न दशौं राष्ट्रिय सम्मेलनबाट दिवस राई अध्यक्षमा निर्वाचित हुनु भयो । दिवस राई बान्तावा ताङलुक्वा पाछाको हुनुहुन्छ । उहाँ २०३५ साल भदौ १९ गते भोजपुर जिल्ला, आम्चोक गाउँपालिका वडा न.४ वालंखामा जन्मनु भएको हो । उहाँको श्रीमती सन्जु राई (बान्तावा हाङखिम) तथा छोरी सदिक्षा र छोरा हेन्कुबुङ हुनुहुन्छ । उहाँले त्रिविबाट ग्रामिण विकास र माजशास्त्र/मानवशास्त्र गरी दुई विषयमा स्नातकोत्तर (एमए) हासिल गर्नु भएको छ । २०५५ सालमा किरात राई विद्यार्थी संघ, पाटन संयुक्त क्याम्पस, संस्थापक अध्यक्ष तथा २०५६ सालमा किरात राई विद्यार्थी संघ (किराविसंघ) स्थापना भई केन्द्रीय सदस्य बन्नुभयो भने २०६२ सालमा अध्यक्ष हुनु भएको थियो । किरात वाम्बुले राईहरू र उनीहरूले मनाउने महानचाड द्वाङ्कुमो चाडको सन्दर्भलाई लिएर उहाँसित सम्पादक गणेश वाम्बुले राई गरेको कुराकानी यस प्रकार रहेको छ ।

वाम्बुले राई समाज, नेपाल (वाम्रास) संस्थाको निमन्त्रणामा प्रमुख अतिथिका रूपमा वाम्बुले राईको उत्पत्ति थलो ओखलढुंगाको वामद्यालमा जानुभयो । तपाईलाई कस्तो अनुभूति भइरहेको छ ?

पहिलो चोटि वाम्बुले किरात राईहरूको मौलिक उत्पत्ति थलो उँबु वामद्याल पुग्ने अवसर जुऱ्यो । मुख्य चाड द्वाङकुमको अवसरमा । अत्यन्तै खुशी लाग्यो । त्यहाँ पुगेर

धेरै कुरा सिक्न पाएको अनुभूति गरें । जहाँ किरात राईहरूको विरासत छ । हाम्रो विरासत भनेकै यो विविधता हो, भाषिक, सांस्कृतिक हिसाबले । त्योमध्ये वाम्बुले राईहरूले आफ्नो उत्पत्ति थलोमा समाज, संस्कृति, सभ्यतालाई विकास गरेर लगेका रहेछन् । उहाँहरूसँग जोडिएको मौलिक सांस्कृतिक र थातथलोको अन्तरसम्बन्ध के रहेछ भन्ने कुरो मैले बुझ्ने मौका पाएँ । जुन विषयमा सबैभन्दा बढी लिब्जु डाँडा छ, लिब्जु उपो भन्नु हुँदोरहेछ । लिब्जु उपोको थानमा पुग्ने सपना पुग्न पाइयो । दर्शन गरियो । त्यो मेरो लागि अविष्मरणीय क्षण हो ।

त्यो सँगसँगै मुख्य ढ्वाङकुमथान छ । त्यो आफैं ऐतिहासिक, पुरातात्विक मान्यताको रहेछ । प्रत्यक्ष देख्न पाएँ । त्यहाँको मुन्दुम विधिअनुसारको पूजा संस्कृति हेर्न पाइयो । र अर्को आधुनिकतासँग जोडिएर आउने स्वालेवा पार्क बनिरहेको छ । त्यो पूरै वाम्बुले राईहरूको संस्कारसँग सम्बन्धित स्वालेवा पार्क प्रतिकात्मक हिसाबले त्यो क्षेत्रको आकर्षण र वाम्बुले राईको नितान्त पहिचान जोडिएको स्मारक बनेको छ ।

वाम्बुले राईहरूको मातृभाषा कस्तो पाउनु भयो ?

ओहो वाम्बुले राईहरूको भाषा व्यवहार राम्रो पाएँ । म भोजपुरमा जन्मिएको बान्तावा राई हो । बान्तावा, चाम्लिङ, पुमा, दुङमालीको भाषा सामीप्यता धेरै छ । तर वाम्बुले राईहरूको फरक रहेछ । सबैले वाम्बुले भाषामै कुरा गर्नुहुँदोरहेछ । म चाम्लिङ, पुमा खोलाभित्र गएर उहाँहरूको कुरा सुनें भने लगभग ५० प्रतिशत बुझ्थें । तर वाम्बुलेको एउटै पनि बुझिन । त्यत्ति फरक र त्यसको आफ्नैपन रहेछ । भाषाको मौलिकता रहेछ भन्ने मैले बुझें । थोरै संख्यामा रहेको वाम्बुले समुदायले आफ्नो भाषालाई बचाउन सक्षम रहेको अनुभूत गरें ।

ढ्वाङकुमो चाडचाहिं कत्तिको मौलिक लाग्यो तपाईलाई ? किनभने यो जनैपूर्णिमा तिथिमा पर्छ । यो त हिन्दुचाडसँग मिल्ने रहेछ भन्छन् नि ? तपाईलाई कस्तो लाग्यो ?

यो संयोग होला । संयोग धेरै छन् । हिन्दु चाड यहाँका आदिवासीका चाडहरूसँग संयोजन गरेर उनीहरूले विकास गरेका छन् कतिपय । जस्तै, माघ १ गते मगर संक्रान्ति, छन्त्याल, थारूको माघी सँगसँगै हिन्दुहरूको मकर संक्रान्ति नुहाउने, कुम्भमेला लाग्छ । यस्तो संयोजन हुन्छ । चाडवाड भनेको वातावरण, पर्यावरण, त्यहाँको इकोसिस्टमसँग जोडिएर विकास भएको हुन्छ, सांस्कृतिक चाड पर्वहरू । त्यस हिसाबले संयोग हो, ढ्वाङकुम चाड जनैपूर्णिमासँग मिल्ने भन्ने । तर त्यहाँको समदायमा गएर हेरेपछि थाहा हुन्छ, अरू हिन्दु चाडसँग त्यसको सामिप्यता छैन । एकदमै मौलिक छ । एउटा महत्वपूर्ण चाड हो, ढ्वाङकुमो । भूमि, भूमिबाट उत्पादित अन्नबालीलाई पितृ र प्रकृतिलाई चढाउने अवसर हो ढ्वाङकुमो चाड । मुख्यतः मकै बाली पाकेपछि त्यो अन्नलाई पितृहरूलाई सम्झिने । घरघरमा सबैको पितृपूजा गर्ने, त्यहाँचाहिं मुख्य पगरी जस्तो रहेछ । मुखियाको घरमा गएर सबै पूजामा सामेल हुने, मुख्य घरबाट निकालिसकेपछि मुलथानमा जाने, जाँदाखेरी सबै गाउँभरिको आफ्नो आफ्नो पुजा सामग्रीहरू थुन्सेमा राखेर ल्याउने रहेछ । सबैभन्दा बढी थुन्से यस्तो नयाँ चिज छ कि त्यहाँ अरू किरातीको चाडमा त्यस्तो देखिदैन । सयौंको संख्यामा थुन्सेहरू ढ्वाङकुमथान अगाडि राखिएको छ, मुख्य पुजा थानको वरिपरि । नाचगान चलिरहेको छ । राम्दले भाकामा गीत गाउँनेहरूको समूह समूह देखियो । एकदम भव्य छ । कतिले दसैं भनेर राष्ट्रिय चाडको रूपमा राज्यले लागू

गरेकोले त्यो भव्य भयो । दसैंभन्दा दश गुणा वाम्बुलेको लागि भव्य छ । ऐतिहासिक महत्व, सांस्कृतिक महत्व, सामाजिक मूल्यमान्यता सबै बोकेको रहेछ, सांस्कृतिक पक्षमा ढ्वाङकुम चाडले ।

वाम्बुले राईहरूको मौलिक विशेषता त फरक पाउनु भयो । अरू किरातीहरूको यस्तै विशेषताहरू छन् कि ?

छन् नि । मैले जहिल्यै भन्ने गरेको छु र यथार्थ पनि हो । किरात राई समुदाय भनेको यस्तो समुदाय जसको भाषिक विविधता विशाल छ। २८ भाषा छन् नै सांस्कृतिक विविधता उस्तै छन् । हामी किरात राई जातिको मूल विरासत र यसको गौरव गर्न लायक सम्पदा पनि यही हो । विश्व मानचित्रमा हेर्ने हो भने नेपाली समुदायभित्र पनि किरात राईको विविधता छ भाषिक, सांस्कृतिक हिसाबले । ती विविधताहरू जति बृहत हुन्छन् त्यत्ति नै त्यो भाषिक, सांस्कृतिक हिसाबले धनी हुन्छ । सांस्कृतिक हिसाबले जसरी वाम्बुलेको ढ्वाङकुमो भनेजस्तो अरू हरेक किराती राईहरूभित्र आफ्नो आफ्नो चाडपर्वहरू छन् । चाडहरू मौलिक खालको छ । उधौली, उभौलीचाहिं समग्र किरातीहरूको मूल चाडको रूपमा लिइन्छ । त्योभित्र पनि कतिले साकेला नाच्छ होला । खालिङले तोसी, भुमे गर्ने आफ्नो आफ्नो तरिका छन् । यही भदौमै चाम्लिङको छौवा, लुङखिमले नयाँ अदुवालाई पितृ बुझाउने चाड मनाइरहेका छन् । सबैको आफ्नो आफ्नो चाड छ । त्यसलाई समग्रतामा एउटा मालामा गाँस्ने हो किरात राई जातिलाई । आफ्ना मौलिक परम्परागत सांस्कृतिक संस्कार, चाडहरू छँदैछ । त्यो नै हाम्रो गौरवको विषय हो ।

ढ्वाङकुमोमा सहभागी भएपछि किरात राई यायोक्खाले सांस्कृतिक पक्षमा थप काम गर्न बाँकी रहेको अनुभूत गर्नुभयो ?

एकदमै महसुस गरेको छु । जति हाम्रा सांस्कृतिक विविधताहरू छन्, ती सबै हाम्रा मौलिक पहिचानहरू हुन् । यसको मौलिकताको महत्व समुदायलाई थाहा हुन्छ, अरूलाई थाहा नहुन सक्छ । किनभने त्यसको महत्व, विरासत उसले मात्रै गर्व अनुभूति गर्छ । यस्ता सांस्कृतिक पक्षलाई जोगाउनै पर्छ । संरक्षण गर्ने हो । कमीकमजोरी आए त्यसलाई सुधार गर्ने हो । आधुनिक नयाँ पुस्ताले कतिपय अंगिकार गरिरहेको छैन । सांस्कृतिक रूपमा विशुद्ध पुजाआजा विधिमै कतिपय फरकता आउन खोजिरहेको छ । त्यो मौलिकतामा नयाँपन ल्याउन दिनु हुँदैन । उहिले हाम्रा पितापुर्खाले जे सृष्टिकालदेखि सुरू गरे त्यो चिजको मौलिकतामा तलमाथि नहुने गरी हामीले सधैं समाजसामु ल्याउनै पर्छ । त्यो भयो भनेमात्र हाम्रो सांस्कृतिक विविधताको अर्थ रहन्छ । परिमार्जित हुँदैहुँदै जाने हो भने अस्तित्व मेटिनेछ । राम्दलेकै तालमा नाचे पनि भोलि डिस्को हुँदैहुँदै जाला । वाम्रासले जति गर्दैछ, सबै व्यक्ति, परिवारले आफ्नो आफ्नो मौलिक संगठनहरूले बढीभन्दा बढी ध्यान दिनु पर्छ ।

यसै पटक किरात समुदायको चर्चित गायक राजेशपायल राई र विल्सन विक्रम राईलाई निम्तो गरेर ढ्वाङकुमको आकर्षण बढाउने काम भयो । स्थानीय कलाकारहरूलाई पनि प्राथमिकता दिइयो । यसलाई तपाईले कसरी लिनुभएको छ ?

त्यो आफैंमा कार्यक्रमिक हिसाबले भव्य थियो । राई इज किङ भन्नेबित्तिकै देश, विदेश संसारभरि अहिले सुपरस्टारकै रूपमा चर्चित गायक हाम्रा राजेशपायल राई हुनुहुन्छ । अनि तक्मेबुढा जो बहुप्रतिभाशाली हुनुहुन्छ । उहाँचाहिं हास्यकलाकारबाट सुरू गरेको

एक नम्बर डान्सर पनि हो । क्यारिकेचरमा पनि त्यत्तिकै राम्रो र अरू सबै हिसाबले उहाँ बहुप्रतिभा देखिन्छ । यस्तो व्यक्तित्वहरू त्यहाँ पुग्नु भएको थियो । सँगसँगै स्थानीय कलाकारहरूले पनि राम्रै प्रस्तुति गर्नुभएको थियो । जसले गर्दा रातको १२ बजेसम्म पनि हजारौं मान्छे कोही पनि घर फर्केका थिएनन् । त्यसको भव्यता महत्वपूर्ण रहेको छ भन्ने मैले अनुभव गरेको छु ।

त्यसको मतलब ढ्वाङकुमोको सांस्कृतिक मौलिक परम्पराको पाटोलाई असर पर्नु हुँदैन । मौलिक सांस्कृतिक पाटोलाई पूर्णता दिंदै त्यसमा थप मनोरन्जनात्मक हिसाबले सांस्कृतिक कार्यक्रम गरेको कुरा मलाई पनि राम्रै अनुभूति भयो । सायद लाग्छ, ओखलढुंगा जिल्लाको आधा भूभागको मान्छे त्यहाँ ओइरिएका थिए । सोलु, खोटाङ, उदयपुरबाट समेत आएका थिए । सिंगो त्यो ढ्वाङकुम चाडको उपलक्ष्यमा त्यत्ति विशाल मान्छेहरूको उपस्थिति हुनु भनेको चाडको महत्वलाई पनि थप ऊर्जा दिनु हो भन्ने अनुभूत गरें ।

ढ्वाङकुमटार वाम्बुले राईहरूको उत्पत्ति थलोमा सम्पन्न समारोहमा संसारभरिका किरात राई जातिलाई किरात राई यायोक्खाको तर्फबाट कस्तो सन्देश प्रवाह गर्नुभयो ?

ढ्वाङकुमटार मुलथान छ । त्यो अतिक्रमणमा परिरहेको थियो भन्ने कुरा पहिलेदेखि म जानकार थिएँ । त्यसबारे बोल्नै पर्थ्यो । मैले त्यो कुराहरू उजागर गरें । ढ्वाङकुम थान प्राचीनतम आदिकालदेखि त्यसको छुट्टै मौलिक महत्व छ । जुन ठाउँ अतिक्रमण हुनु भनेको सिंगो देशको एउटा सांस्कृतिक धरोहरलाई समाप्त गर्नु हो । त्यस्तो कुरालाई किमार्थ कसैले पनि त्यसलाई अनुमोदन गर्दैन । स्विकार्य छैन । हामी जसरी ढ्वाङकुमथानलाई संरक्षण गर्ने, त्यसको विकास र विस्तार गर्ने, त्यसलाई व्यापक बनाउने भन्ने अर्थमा भन्नुपर्थ्यो, मैले त्यही कुरा राखें । त्यसको अर्थ जुन स्कुलको भवनहरू बनिरहेको छ त्यहाँ, स्कुल बन्नै हुँदैन भन्ने होइन । स्कुल बन्नुपर्छ तर स्कुल बन्ने नाममा सांस्कृतिक महत्वका प्राचीन स्मारक स्थलहरू, पुरातात्विक ठाउँहरू मिचिनु पर्छ भन्ने त्यो झन खराब मनसाय हो । स्कुल भवन बन्नुपर्छ, वैकल्पिक ठाउँमा । स्कुलको नाममा आदिम समुदायको पूरै संस्कृति, र इतिहास समाप्त पार्ने जुन खालको षडयन्त्र देखिएको थियो, त्यो कुराको मैलेमात्र होइन सबैले खुलेरै विरोध गरे ।

समुदायले जिम्मेवार ढंगले विकल्प पनि दिनु भएको रहेछ । नजिकै जग्गा निःशुल्क दिनु भएको छ । अब त्यहीं बनिनु पर्छ, नयाँ आधुनिक भवनहरू । किनभने झुप्राझाप्रीमा सधैं बस्नु पर्छ भन्ने छैन । नयाँ उपलब्ध जग्गामा स्कुललाई सार्ने, त्यसलाई व्यवस्थापन गर्ने, अझै राम्रो भव्य र व्यवस्थित होस् । ढ्वाङकुमथान पनि भव्य र विशाल त्यसको आफ्नै पुर्ख्यौली आकारमा संरक्षण होस् भन्ने कुरा राख्यौं ।

हामी मुख्यतः १ नम्बर प्रदेशको नामाकरणको विषयमा केन्द्रित रह्यौं । यो यो आधारमा किरात प्रदेश हुनुपर्छ । यो देश प्राचीन हिसाबले किरातहरूको आदिम थलो हो । १ नम्बर प्रदेश उनीहरू उत्पत्ति थलो नै हो । सिंगो नेपाल राष्ट्रको ऐतिहासिक महत्वका हिसाबले किरात एउटा पहिचान हो । ऐतिहासिक सभ्यता, संस्कृतिको हिसाबले किरात एउटा पहिचान हो । भूमि र भूगोलको हिसाबले पनि ओल्लो किरात, माझ किरात र पल्लो किरात भनिएको छ । प्राचीन किरात प्रदेश हो । त्यसैले १ नम्बर प्रदेशको नाम किरात हुनुपर्छ भन्नेमा एकमत रह्यो । सांसदहरूले पनि आआफ्नो प्रतिवद्धता राख्नुभयो ।

वाम्बुले राई समाजले साउन १५ गते तेस्रो बाँसुरी दिवस र साउन ३० गते ढ्वाङकुमो चाड मनाउँदा किरात राई यायोक्खाको केन्द्रीय अध्यक्ष तपाईलाई हामीले प्रमुख अतिथिका रूपमा रोज्यौं । कस्तो अनुभव गर्नुभयो ?

मलाई तपाईहरूप्रति कृतज्ञ छु । तपाईहरूलाई धन्यवाद दिन्छु । तपाईहरूको लागि म नौलो विषय भइन । मेरो लागि तपाईहरूको कार्यक्रम नौलो विषय बनेको छ । किनभने किरात राईहरूको सांस्कृतिक, भाषिक विविधता, मौलिकताहरू जहाँ जेजे छ, त्यो कुराहरूमा आफू पुगेर शुभकामना दिने अवसर पाउने कुरा आफैंमा राम्रो पनि हो । त्यही माथि बाँसुरी दिवस फरक पाटो हो । त्यसको आफ्नै मौलिकता छ । त्यो आफैंमा महत्वपूर्ण थियो भने यता ढ्वाङकुम आफैंमा फरक विशेषतासहितको सांस्कृतिक चाड हो । दुइटै उत्तिकै सान्दर्भिक मलाई लाग्यो । बाँसुरी दिवस पछि विकास गरेर लिएको हो । परम्परागत संस्कृतिसँग जोडेर ल्याउनु भएको छ । ढ्वाङकुम भनेको त उत्पत्ति कालदेखि कै मूल आस्थाको केन्द्र हो । मूल चाड पनि तपाईहरूको त्यही हो । त्यो हिसाबले दुइटैको आआफ्नो महत्व छ । मुख्य चाडचाहिं ढ्वाङकुम हो ।

बाँसुरी दिवसमा तपाईले पनि बाँसुरी बजाउनु भयो । तपाईको पनि त परम्परा रहेछ नि त ? बैसको बेला तपाईले पनि त बजाउनु हुन्थेछ नि त ?

(हाँसो) हो हो मैले त्यति बेला पनि भनेको थिएँ नि । मैलेमात्रै होइन, सबैजना कलाकार नभए पनि गाउँघरमा बाँसुरी बजाउँछन् । तर हामीले बजाएको, गाउँघरमा बजाएको कलाकारिताको हिसाबले संगीत हो । संगीतमा सबै झुम्मिन्छन् । संगीतको एउटा माध्यम हो, बाजागाजा । संगीतको वाद्यवादनका हिसाबले बजायौं । तर वाम्बुले राई समाज (वाम्रास)ले चाहिं आफ्नो मौलिक सांस्कृतिक परम्परासँग जोडेर बाँसुरी दिवस मनाउने गरेको छ । फरकपन भनेकै त्यो हो । मैले पनि बजाउँथें । त्यो चाहिं व्यक्तिगत रूपमा सांगीतिक वाद्यवादनका रूपमा हामीले प्रयोग गऱ्यौं । यता वाम्रासले गर्ने बाँसुरी दिवसचाहिं उसको समाजको मौलिकतासँग जोडिएको उसको परम्परागत सांस्कृतिक आयाम हो । त्यो हिसाबले पनि त्यसको फरक विशेषताहरू छन् ।

यायोक्खाले २०६८ वैशाखमा काठमाडौंमा अन्तर्राष्ट्रिय किरात महत्सवको आयोजना गरेको थियो । त्यतिखेर कलाकारले चिन्डो कला प्रदर्शन गर्नुभयो । आज वाम्बुले राईहरूको थलोमा जाँदा एउटा स्वालेवा (चिन्डो) स्तम्भको अगाडि उभिदा तपाईलाई कस्तो अनुभव भयो ?

वास्तवमा स्वालेवा प्रयोग सबै किरातीले गर्छौं । तर आफ्नो आफ्नो विधि र मनोविज्ञानको हिसाबले हुनेरहेछ । वाम्बुले राईहरूले चाहिं स्वालेवालाई मुख्य आफ्नो सांस्कृतिक प्रतिकको रूपमा ठान्ने रहेछ । पूर्वतिर स्वालेवा कम र अर्को त्यो डल्लो घाँटी भएको चिन्डो बढी प्रयोग गर्छ । मुख्य शुभकार्यमा प्रयोग गर्ने वाम्बुले राईहरूको चाहिं स्वालेवा रहेछ । त्यो पनि बुझियो । नाम स्वालेवा भएपनि चिन्डोकै प्रतिक हो । आकारमा स्वालेको लामो घाँटी भयो । अरूको चाहिं डल्लो घाँटी हुन्छ । स्वालेवाचाहिं विशेष महत्वका साथ वाम्बुले राईहरूले प्रयोग गर्दोरहेछ भन्ने मैले अनुभूत गरें । मुख्य प्रतिकको रूपमा किरात राईहरूले विश्वभरि बनाइरहेका छौं ।

ढ्वाङकुम चाडको उपलक्ष्यमा मैले विशेष गरी यही कुरा फोकस गरेको थिएँ । वाम्बुले राईहरूको आफ्नो मौलिक थातथलो उँबुमा तीनवटा धरोहरहरू टिपिकल हेरिटेजहरू बनिरहेको छ । त्यसलाई विकास गऱ्यो भने अब संसारले चिन्ने धरोहर बन्छ है भनेको छु ।

त्यो भनेको माथि टुप्पोमा लिब्जु डाँडा (लिब्जु थान), जुन वाम्बुलेको सृष्टिसँग जोडिएको महत्वपूर्ण ठाउँ हो । त्यसपछि बीचमा आएर द्वाङकुमटार, जो सृष्टिकालदेखि आफ्नो सांस्कृतिक सम्बन्ध भएको छ, द्वाङकुमथान । त्यो भन्दा तल नयाँ आधुनिक ढंगले बनाइएको स्वालेवा पार्क छ । यो तीनवटा मौलिक र अत्यन्तै विशिष्ट खालको वाम्बुले राईहरूको सम्पदा सूचिमा अब आउँछ । अब वाम्बुले राईको मात्रै हुँदैन विश्वले चिन्ने प्रतिकात्मक हिसाबले पनि वाम्बुलेको सांस्कृतिक प्रतिक राष्ट्रिय सम्पदाको रूपमा विकास हुन्छ । यी तीनटा ठ्याक्कै तला तला जस्तो देखिन्छ । माथिल्लो तलामा लिब्जु उपो, बीचको तलामा द्वाङकुमटार छ र तल्लो तलाको अन्तिम डाँडामा स्वालेवा पार्क बनेको छ । त्यो टोपोग्राफीको हिसाबले पनि भौगोलिक बनावट सेटिङ हेर्दा पनि तीनटा खण्डमा ठूलठूलो धरोहर बनेको देख्छु । अब वाम्बुले को हो भनेर चिनाइराख्नु पर्दैन । संसारले आफैं चिन्ने ठाउँ बन्दैछ ।

अर्कोचाहिं वाम्बुले टोपी आयो । यसलाई कसरी लिनु हुन्छ ?

टोपी दुनियाँमा थरी थरी खालको बन्छ । वाम्बुलेहरूको टोपी वाम्बुलेबाहेक अर्कोले बनाएको पनि छैन । त्यो चिजको मौलिकता आफैं ठूलो महत्व छ । त्यो समारोहमा सबै अतिथिहरूलाई वाम्बुले टोपी लगाइ दिनुभयो । त्यो हेर्दै विश्वमा जहाँसुकै जानोस् त्यो टोपी लगाएर जाँदा यो वाम्बुले राई हो भनेर ठ्याक्कै चिनिन्छ । त्यो टिपिकलनेस तपाईहरूमा छ । आदिवासीहरू चिन्ने, चिनिने भेषभूषाहरू आआफ्ना हुन्छन् । त्यसमा वाम्बुलेहरूको टोपीले ठ्याक्कै सुरूमै टोपीबाट चिनिन्छ । ब्रान्डको रूपमा विकास गर्दैजानोस् । यसले विश्वभरि चिनाउने अर्को प्रतिक पनि बन्छ ।

किराती समुदाय नारी प्रधान थियो भनिन्छ । वाम्बुलेको द्वाङकुमोमा सहभागी हुँदा त्यसमा केही संकेत पाउनु भयो ?

मैले अलिक धेरै गहिरिएर हेरिन त्यहाँ । तर महिलाहरूको आफ्नै भेषभूषा छँदैछ । जेजस्तो पहिरन पहिरिनु भयो त्यो पनि टिपिकल खालकै छ । तर अलिअलि किराती महिलाहरूको भेषभूषामा थोरैमात्र नमिल्ने एकरूपता चाहिं छ । वाम्बुले महिलामा पनि अरू राई महिलाभन्दा थोरै मौलिकताचाहिं छ ।

संसारभरि रहनु भएको २८ भन्दा बढी विविध भाषी किरात जातिलाई के सन्देश दिन चाहनु हुन्छ ?

विशेषतः किरात राई यायोक्खाको केन्द्रिय अध्यक्ष भएको हैसियतले संसारभरिका किरात राई समुदायहरूलाई हाम्रो भाषाको हिसाबले यत्रो विरासत छ । सांस्कृतिक हिसाबले पनि यत्ति विविधताको धनी छौं । भाषा र संस्कृतिको हिसाबले यत्रो संसारमा नेपालमा किरात राई जाति छ, जसको यति धेरै भाषा र यति धेरै संस्कृतिहरू छन् । त्यो भाषा र संस्कृतिको धनीको रूपमा हामीले यसलाई गौरव गर्नुपर्छ । यो हाम्रो विशिष्ट पहिचान हो । हामी एकाकार हुन सकौं । किरात राई यायोक्खाले संचालन गरेको भाषिक, सांस्कृतिक, कला, संस्कृति, साहित्य, लिपि, जनशक्ति विकास, राजनीतिक अभियानहरू छन् । उद्देश्य प्राप्तिमा सबैले साथ सहयोग दिनु हुनेछ भन्ने अपेक्षा गर्दछु । सबैको साथ सहयोगले नै हामी यो देशको एउटा प्राचीन धर्तीपुत्र आदिवासी जनजाति किरातीहरू हौं भनेर स्थापित गराउने काममा हामी सफल पनि हुनेछौं । यहाँहरूको साथ सहयोग भयो भने हामी लक्ष्यमा पनि पुग्छौं भनेर मैले विश्वास पनि लिएको छु । यसका लागि सम्पूर्ण विश्वभरि छरिएर रहेका किरात राई दिदीबहिनी तथा दाजुभाइहरूलाई सहयोगको लागि र यो अभियानमा लामबद्ध भइदिन पनि म हार्दिक अपिल गर्दछु । सबैलाई जिउ बाःमे । धन्यवाद ।

'वाम्बुलेको लागि लिब्जुभन्दा अर्को महान देवता र पुजा गर्नुपर्ने थलो छैन'

- मेडल राई

मानेभन्ज्याङ गाउँपालिका वडा नं.३ वामद्याल (उँबु गाउँ)का वडाध्यक्ष तथा संस्कृतिविज्ञ मेडल राईसँग किरात वाम्बुले राईहरूको उद्मस्थल ढ्वाङकुमटार र महानचाड् ढ्वाङकुमोको सेरोफेरोमा रहेर २०७६ असोज ७ गते कोटेश्वर काठमाडौंमा गरिएको कुराकानी :

भरखरै किरात वाम्बुले राईहरूको महानचाड् ढ्वाङकुमोको अवसरमा बृहत् सांस्कृतिक कार्यक्रम भव्यताका साथ सम्पन्न भयो । विगत र अहिलेमा के फरक रह्यो ?

विगत र यो वर्षको ढ्वाङकुमो उही नै हो । सांस्कृतिक कार्यक्रम हुँदा ढ्वाङकुमोको महत्व बढी हुने र सांस्कृतिक कार्यक्रम नहुँदा ढ्वाङकुमोको महत्व कम हुने होइन । वाम्बुले राईको महान चाड हो । हिन्दुको लागि दशै, क्रिश्चियनको लागि क्रिसमस जति ठूलो चाड हो । वाम्बुलेको लागि ढ्वाङकुमोभन्दा अर्को ठूलो चाड छैन । वाम्बुलेको लागि छैदैछ, विगतमा पनि भएकै हो । अहिले सांस्कृतिक कार्यक्रमले समग्र वाम्बुले राईमात्रै होइन, वाम्बुलेबाहेक किरात, गैरकिरात समुदाय सबैलाई जानकारी दिन सकियो । विगतमा चाहिं वाम्बुले समुदायको ५०-६० हजार जनसंख्यामा सीमित थियो । यसपटक सांस्कृतिक माध्यमको कारणले गर्दाखेरी कम्तिमा ३ लाख समुदायलाई जानकारी दिन सक्यौं । सामाजिक सन्जालको माध्यमबाट विश्वभरि पुऱ्याउन सक्यौं । वाम्बुलेको लागि त विशेष हुने गर्छ नै । अरूलाई पनि विशेष रहेछ है भन्ने बनायौं जस्तो लाग्छ ।

अब आगामी दिनमा पनि ढ्वाङकुमा यसैगरी बृहत् बनाउँन सम्भव छ ?

अँ योजना बनाउँदाखेरी सम्भव छ । तर हामीले सधैंभरि यसरी सांस्कृतिक कार्यक्रम गर्ने भन्नासाथ खर्चको कुरा आउँछ । खर्च व्यवस्थापन कसरी गर्ने ? युवाको संख्या अत्यन्त धेरै छ । सक्रिय रूपमा युवाहरू लागि पर्नुपर्ने हुन्छ । नेतृत्व वर्ग वाम्बुले राई समाज, नेपाल (वाम्रास) केन्द्र छ । स्थानीय तहमा हामी छौं । कमसेकम अरू समुदायमा प्रत्येक वर्ष ढ्वाङकुमो चाड आउँछ । ठूलो कार्यक्रम हुनेरहेछ । आन्तरिक पर्यटन लिएर आउन सकिन्छ । आगामी वर्षमा पनि वाम्रास, स्थानीय सरकार, विशेष गरी मानेभन्ज्याङ गाउँपालिका वाम्बुले राईहरूको घनाबस्ती मूलथलो भएको हुनाले गाउँपालिका पनि गम्भीर हुन जरूरी छ । वाम्बुले राई समाज र गाउँपालिकाले पहल गर्ने हो भने असम्भव भन्ने छैन ।

यस पटकको खर्च व्यवस्थापन प्रस्ताव गाउँपालिका सभामा कसरी लैजानु भयो ?

स्थानीय सरकार संचालन ऐन र नेपालको संविधानमा आदिवासी जनजातिको उत्थानको निम्ति रकमको व्यवस्था गर्नुपर्ने प्रष्ट व्यवस्था छ । महान चाड ढ्वाङकुमो प्रवर्द्धन प्रस्ताव लैजानुपर्छ भन्नेबारे वडा र वडाको सचेत वाम्बुले राईहरू हुनुहुन्छ । वाम्बुले राई समाज जिल्ला कार्यसमिति छ । कार्यसमितिको अध्यक्ष उँबुबाटै हुनुहुन्छ । गाउँपालिका स्तरको वाम्बुले अगुवाहरू हुनुहुन्छ, उहाँहरूसँग पनि कुरा भयो । ढ्वाङकुमोलाई व्यापक बनाउने सल्लाह भयो । विगतमा स्थानीय कलाकारलाई नचाएकै हौं । राष्ट्रिय, अन्तर्राष्ट्रिय स्तरको कलाकारहरू हुनुहुन्छ । उहाँहरूलाई पनि लिएर आउने हो भने अरू समुदायको पनि चासो बढ्छ । अरू जाति, धर्मावलम्बीहरूको पनि चासो बढ्थ्यो । ढ्वाङकुमोको महत्व बढ्छ । हाम्रो गाउँसभा हुनुभन्दा अगाडि नै बृहत कार्यक्रम गर्ने कि भन्नेबारे कुरा गऱ्यौं । समुदायको अगुवाहरू सहभागी हुनुहुन्थ्यो । विगतमा वाम्बुले राई समाजको विभिन्न तहमा काम गर्दै आउनु भएका युवाहरू र अझ राजनीतिक पार्टीमै आस्था राख्नेहरूले पनि ठीक छ । यो राम्रो कुरा हो भन्नुभयो । वडाको रकमको परिधि सानो छ । रकमको क्षेत्र सानो भएकोले थोरै मात्रै छुवाउँछौं । यो प्रस्ताव गाउँपालिकामा लैजान्छौं भन्यौं । त्यसरी दुवैको तर्फबाट ५-६ लाख रूपैयाँ रकमको व्यवस्था गर्न सक्यौं ।

तत्कालै हाम्रो योजना बन्यो । ढ्वाङकुमो पनि नजिकिदै थियो । यो चाहिं हाम्रो आधार हो है । टेक्ने धरातलमात्र हो, ५-६ लाख रूपैयाँ अहिलेको लागि ठूलो रकम होइन । कार्यक्रम गर्नुपर्छ भनेर वाम्बुलेको सबै तहतप्काको ज्येष्ठ, अधवैसे, युवा, महिला, बच्चा सबैको चाहना शक्ति थियो । त्यो शक्तिले गर्दा राजेशपालय राई, विल्सनविक्रम राईजस्ता कलाकार आउँछन् भने त्यसमा हामी दुई सय रूपैयाँ किन सहयोग नगरौं ? हामीसँग पाँचसय छ । हामीले दुई सय रूपैयाँ दिंदा राष्ट्रिय स्तरका कलाकार आउँछन् भने व्यक्तिगत हिसाबले पनि सहयोग गर्न तयार, संस्थागत हिसाबले पनि म गर्न तयारी भनिसकेपछि स्वतःस्फूर्त जागरण आयो । उँबु त्यही भएको कारणले इनर्जी आयो । त्यसले थप हौसला प्रदान गऱ्यो । त्यसैले योजनावद्ध ढंगमा जानुपर्छ ।

काठमाडौंमा धेरै वाम्बुले राई समुदाय हुनुहुन्छ । वाम्बुले राई समाज विना कल्पनै गर्न सकिदैन । ३ नम्बर वडा कार्यालय उँबुमै बसेर कार्यक्रम गर्ने भयौं । नेतृत्व कसलाई दिने भन्ने कुरा आयो । मैले भनें- ढ्वाङकुँमो वाम्बुले राई समाजको हो । अब हामी स्थानीय सरकार र जनप्रतिनिधि हौं । वडाले सबै व्यवस्थापन गर्न सक्दैन । गाउँपालिका आयोजक

हुनसक्दैन । उचित र उत्तम उपाय भनेको वाम्रास हो । हाम्रो छाता संगठन हो । विवादमा पर्दैन, कुनै अप्ठ्यारो पनि पर्दैन । यत्रो ठूलो कार्यक्रम आयोजना गर्न दिंदा सुनमा सुगन्ध हुन्छ । वाम्रास जिल्ला कार्यसमितिका अध्यक्ष शेरबहादुर राईलगायत हुनुहुन्छ । वाम्रास केन्द्र आयोजक हुँदा सहज हुन्छ भन्ने भयो । वाम्रास केन्द्रले सहज रूपमा स्विकार गर्नु नै ठूलो कुरा भयो । भूगोलको हिसाबले वडा नं.३ मा ढ्वाङकुमो मनाइन्छ । समग्र देशबाट हेर्ने हो भने १ नम्बर प्रदेश, ओखलढुंगा जिल्लाको उँबुमा आयोजना हुने कार्यक्रम हो । देशैभरिका वाम्बुले राईहरूलाई एउटा छाताभित्र राखेर अभिभावकत्व निर्वाह गर्ने काम वाम्बुले राई समाजले गरेको छ । त्यसको लागि वाम्रासलाई धन्यवाद छ ।

ढ्वाङकुमोमा बृहत् सभा पनि आयोजना भयो नि । यसले कस्तो सन्देश दियो ?

हो, आवश्यकता महसुस भएको थियो । सांस्कृतिक कार्यक्रममा कलाकारको उपस्थिति रहन्छ । कलाले सबै जाति, पार्टी, समुदायलाई समेट्थ्यो । बाहिरीरूपमा हेर्दाचाहिं सांस्कृतिक कार्यक्रम भएपनि भित्री रूपमा राजनीतिक कार्यक्रम थियो । माओवादीको सशस्त्र द्वन्द्वकालमा उठाइएको विषयदेखि आजसम्मको परिस्थिति हेर्ने हो । संविधानप्रदत्त अधिकार आदिवासी जनजातिले प्रयोग गर्न पाएका छैनौं । यो विषयमा हामी प्रष्ट छौं । र त्यसमा वाम्बुले राई समाज पनि त्यो भन्दा टाढा रहन सक्ने कुरै भएन ।

हिजो माओवादीले तामाङलाई ताम्सालिङ दिन्छु । नेवारलाई नेवा राज्य दिन्छु । मगरलाई मगरात दिन्छु । गुरूङलाई तमुवान दिन्छु । राईलाई किरात दिन्छु । लिम्बुलाई लिम्बुवान दिन्छु । मधेसमा बस्नेलाई मधेस दिन्छु । थारूलाई थरूहट दिन्छु । सबैलाई राज्य दिन्छु भनेर देशभरिका जनतालाई जुरूक जुरूक उठाएको थियो । र संघीयता प्राप्ति भएको कुरा संविधानमा देख्न पायौं । तर प्रदेशको नामांकन हुँदै गर्दा हिजो उठाइएका कुराचाहिं कहाँ गए त ? नेतृत्वमा त्यही तहका व्यक्तित्वहरू हुनुहुन्छ । अहिले कम्युनिस्टको सरकार छ । हिजो कम्युनिस्टले उठाएको विषय हो । त्यो विषय छायाँमा पारिन्छ कि भन्ने छ । हाम्रो प्रदेशको नामांकन हुन बाँकी छ । समग्र किरातहरूको माग प्रदेश १ किरात प्रदेश हुनुपर्छ भन्ने छ । किरात राई यायोक्खाले चरणवद्ध अभियान छेडेको छ । अरु कार्यक्रममा बोल्दा कांग्रेसको बिरोध वा कम्युनिस्टको विरोध गरेको ठहर्थ्यो । तर त्यहाँ त के कांग्रेस, के कम्युनिस्ट सबै एउटै थलोमा उभिएका थियौं । जहाँनेर पार्टीको बिरोध गर्नु पर्ने आवश्यकता पनि थिए । पार्टीको समर्थनको लागि भोट माग्नु पर्ने बेला पनि होइन । त्यस कारणले गर्दा यो उपयुक्त समय र उपयुक्त ठाउँ हो । किरातको महान चाड ढ्वाङकुमोको बेला किरात प्रदेशको विषय उठान गर्नु पर्ने आवश्यकता थियो । वाम्रास संस्थाले पनि त्यो महसुस गरेको छ । संघीय माननीय यज्ञराज सुनुवारले पनि समर्थन जनाउनु भएको छ । उहाँ ओखलढुंगा जिल्लाको नेकपाको अध्यक्ष पनि हुनुहुन्छ । प्रदेश सांसद मोहन खड्काले हाम्रो विषय भएकोले किरात प्रदेश नामाकरण गर्नुमा हाम्रो आपत्ती छैन भन्नुभएको छ । यसरी महत्वपूर्ण विषय उठाएको छ भन्ने मैले महसुस गरेको छु ।

सांस्कृतिक रूपमा पहिचानको कुरो पनि त जोडियो होइन र ?

अवश्य, सांस्कृतिक हिसाबले पहिचानको कुरा उठेको छ । ढ्वाङकुमोसँगै ढ्वाङकुमटारको अस्तित्वबारे धेरैलाई जगजाहेर छ । विशेष गरी किरातको भुमेथान पहिचान हो । किरात प्रकृतिपूजक भएकोले वातावरणमै विश्वास गर्छौं । हामी भूमिपूजक भएकोले हाम्रो पृथ्वी, प्रकृति जस्तो छ त्यस्तैलाई सम्मान गर्ने हो । लिब्जु हामीले निर्माण गरेको होइन । र हाम्रो पुर्खाले निर्माण गरेको पनि होइन । पृथ्वी भनेको आमा हो । हिजो

कसैले बनाइदिएको होइन । ढ्वाङकुमटार कसैले बनाइदिएको होइन । ढ्वाङकुमटार प्रकृतिले बनाएको हो । अथवा जननी आमाले पृथ्वी सिर्जना गरिदिनु भएको हो । ढ्वाङकुमटारसँग हाम्रो पहिचान र संस्कार संस्कृति, इतिहास जोडिएको छ । जुनबेला हामी जन्मियौं । हाम्रा पुर्खा जन्मिनु भयो । त्यो बेला ढ्वाङकुटार जन्मिएको थियो । त्यो बेला किरातहरूको थियो । किरातमध्येको पनि वाम्बुलेहरूको थियो । देशभरिको वाम्बुले राईहरूको उत्पत्ति थलो हो ।

हाम्रो उँबुको हुलाकडाँडामा २०१६ सालबाट पाठशाला स्थापना गरिएको थियो । अनौपचारिक शिक्षा सुरू भयो । २०१७ सालबाट औपचारिक शिक्षा सुरूवात भएको दस्तावेज पाउँछौं । त्यसबेला सानो कक्षा थियो । किरातहरूको हजारौं वर्ष अगाडिदेखि ढ्वाङकुटार त्यही थियो र छ। कक्षा चलाउन केही फरक पर्दैन भनेर स्कुल सारेर पठनपाठन सुरू गरिएछ । तत्कालीन अवस्थामा हेर्ने हो भने हाम्रो वाम्बुले अग्रजहरूले पनि त्यो बेला सहमति गर्नुभएको होला । उतिबेला किरातहरूमा त्यत्रो सांस्कृतिक चेतना नभएको हुनसक्छ । किनभने हामीलाई दबाइएको थियो । आदिवासी जनजातिहरूलाई पछ्याडि पारिएको थियो । किरातको धार्मिक थलोभन्दा पनि विद्यालय महत्वपूर्ण हो भन्न थालियो । जहाँ ५७-५८ वर्षको इतिहासको कुरा गरिन्छ । र हजारौं वर्ष अगाडिदेखिका किरातको इतिहासचाहिं सिद्धिने परिस्थिति आयो । यो थलो वाम्बुलेको सभ्यतासँग जोडिएको छ, जहाँबाट हाम्रो रीतिथिति, संस्कार, संस्कृति निरन्तरता पाएको छ । तर ओझेलमा पार्न खोजियो । किरात वाम्बुले राईहरूलाई त्यहाँबाट दबाउने चेष्टा भयो । भाषा, संस्कार, संस्कृति, ऐतिहासिक थलो भुमेथान सिद्धयाइदिने खालको कता कता राज्य तहबाट प्रपञ्च जाल रचेर सिद्धयाउने खालको कुरा गरिएको हो कि भन्ने हिसाबले पनि कार्यक्रम निकै महत्वपूर्ण थियो । त्यसको बारेमा पनि केही विषय उठान भएको छ । र जुन सन्देश जसले सांस्कृतिक कार्यक्रम थाहा पाउँदछ । यो सांस्कृतिक कार्यक्रमको माध्यमबाट फेरि त्यो ठाउँलाई किरातकै भूमिको रूपमा, किरातकै थलोका रूपमा स्थापित छ भनेर उजागर भएको मैले महसुस गरेको छु ।

हामी ढ्वाङकुमटार भन्छौं । तर वाम्बुले भाषामा टार भन्ने छैन । ढ्वाङकुमटाम पो थियो कि ? नामको विषयमा तपाईको बुझाइ कस्तो छ ?

अवश्य, हामीले शब्दलाई अपभ्रंश गर्दै लिएर गयौं । कति किरातको शब्द नेपाली भयो । कति नेपाली शब्द किरातको भयो । शब्द अपभ्रंश हुँदैगयो । जस्तो ग्रिसको 'पोलिक'लाई पोलिस बन्यो । नेपालीमा पोलिस र पुलिस भनेजस्तै त्यो बेला ढ्वाङकुमटाम थियो । पक्कै पनि हामीले एउटामात्रै होइन, धेरै ठाउँको नाम बिर्सियौं । अहिले पनि अग्रजहरू भेट्न सकिन्छ, हाम्रो परम्परागत नाम भएका ठाउँहरू छन् । टाम भन्नाले ठाउँ भन्ने हुन्छ । नेपालीमा चिहान, वाम्बुलेमा क्ल्वाम (कुल्वाम) हुन्छ । जहाँ क्ल्वाम लगाइन्छ, त्यसलाई क्ल्वामटाम भन्यौं । त्यो चाहिं सम्म ठाउँ थियो । ढ्वाङकुम गरिने सम्म ठाउँ भएकोले ढ्वाङकुमटाम भनियो । त्यसमा कुनै विवादै रहँदैन ।

यो ढ्वाङकुम अथवा ढ्वाङकुमोको अर्थ के हुनसक्ला ?

ढ्वाङकुमोको अर्थ ठ्याक्कै यो हो भन्न सकिएको छैन । यसको बारेमा तथ्य पाउन सकेको छैन । तपाई दाजुहरूले पनि खोजी गर्नुभएको छ । म आफैं पनि खोजी गरेको छु । यसको इतिहासिक अलिकति लामो छ कि ? र अरू किरातभन्दा फरक छ । सबैको उधौली

मंसिरपूर्णिमा, उभौली वैशाखपूर्णिमामा हुने तर वाम्बुलेको चाहिं किन नेपालीपात्रो हिन्दुको जनैपूर्णिमा अर्थात् ऋषितर्पणी पूर्णिमामा हुने ? यो पक्ष महत्वपूर्ण छ । हामी फरक भैदियौं ।

हामी तीनचुला पुज्ने जति किरात छौं । जति भाषा बोल्छौं । हाम्रो भाषा फरक छ । हामी सबै किरात भएपनि हामीलाई भाषाले अलग बनाएको छ । त्यसकारण युनिक अथवा अरूभन्दा फरक विशेषता छँदैछ । मेरो खोजी र निष्कर्ष अर्थात् अहिले सोधखोज गर्दा पनि भेटिने सबै किरातले मनाउने एउटै तिथिमिति थियो । वैशाखपूर्णिमा नै हामीले उभौली मनाएका हौं । त्यो कुरामा दुईमत छैन । तर हामीले छोड्नुको कारण के पाइयो भन्दा वैशाखपूर्णिमामा हामीले मनाउन सकेनौं ।

किरातमा नाक्सोको महत्वपूर्ण भूमिका हुन्छ । जसरी हिन्दुधर्ममा पुरोहितको महत्व भएजस्तै । हाम्रो नाक्सोको महत्व हुन्छ । ढ्वाङकुमोमा भूमिपूजकको रूपमा चारजना नाक्सो रहनुहुन्छ । चारजनामा पनि अलिकति ठूलो सिसिसिखारी नै पुज्ने भएकोले सिसिनाक्सोको अलिक बढी महत्व हुन्छ । सिसिनाक्सोले अहिले पनि त्यही ढ्वाङकुमटाममा वैशाखपूर्णिमाको दिन सिरू लगेर स्याल्मो (कटुसको स्याउला हाँगा) खाँबा गाडेर साकाभाका माग्छन् । त्यसलाई पोसुम खिक्चाम भन्छौं । पोसुम खिक्चाम गरेर साकाभाका माग्छौं । त्यो बेला तपाई भुमिमाता, धर्तीमाता अर्थात् च्याँमाखा हुनुहुन्छ । तपाईलाई हामीले जहिले पनि वैशाखपूर्णिमामा पुज्ने गरेका थियौं । तर अहिले पुज्न सकेनौं भनेर पुकार्दछन् ।

राजनीतिक अवस्था अथवा प्राकृतिक अवस्थाले त्यसो गरेको हो ? प्राकृतिक अवस्थाले हो भने कुनै बाढी, पहिरो अथवा ठूलो भुकम्प गएको होला । र त्यसबेला हाम्रो समुदायले पुज्न सकेन । यो आजको कुरा होइन । सय-पाँच सय वर्षअघिको पनि होइन । हजारौं वर्षदेखि त्यसो भयो । त्यसो भइसकेपछि हामीले साकाभाका माग्यौं । तपाईलाई वैशाखपूर्णिमा मनाउनु पर्नेमा सकेनौं । च्याँमाखा तपाई नरिसाउनोस् । हामीलाई कुनै पनि नराम्रो नहोस् । अशुभ नहोस् । बालीनाली राम्रो होस् । हाम्रो दैनिक जीवनमा नराम्रो नगर्नुहोस् । हामी तपाईलाई ससम्मान ढ्वाङकुमो (जनैपूर्णिमा)मा तपाईलाई मान्छौं । आजलाई मान्न सकेनौं भनेर पोसुम खिक्चाम र साकाभाका फ्वाइचाम चलन अहिले पनि छ । वैशाखपुर्णिमाको दिन गरिन्छ । त्यसबेला गएर लिब्जुको पूजाचाहिं गर्छौं । लिब्जुको पूजा गर्दागर्दै ढ्वाङकुमो चाहिं गरिएन ।

त्यही बेला अरू किरातहरूले झ्याम्टा, ढोल बजाएर, साकेला नाचेर उभौली मनाउनु हुन्छ । तर हामीले ढ्वाङकुमोमा झ्याम्टा बजाउँदैनौं । ढोल बजाउँदैनौं र साकेला पनि नाच्दैनौं । हाम्रो बीचमा यो भिन्नता भएकोले ढ्वाङकुम यो कारणले भनिएको हो भनेर भन्नु गल्ती हुनेछ । हामी अध्ययनकै क्रममा छौं । ठ्याक्कै तर्क छैन ।

तर त्यसबेला अहिलेको भूगोल मानेभन्ज्याङ गाउँपालिका वडा नं.४ केतुके र वडा नं.३ उँबुको बीच भूभाग डुन्डुडाँडामा त्यो ढ्वाङकुमो त्यहाँ मानिएको थियो भन्ने छ । अहिले पनि प्रत्येक वैशाख पूर्णिमामा ठूलो डुन्डुमेला लाग्छ । त्यो डुन्डुमेला हिजोको ढ्वाङकुम अथवा त्यो बेलाको भुमिपुजाको अस्तित्व हो । अघिल्लो दिन लिब्जुको पुजा गर्छौं । चोखोनितो भएर लिब्जुको पुजा गर्ने, भर माग्ने शक्ति माग्ने गरिन्छ । पुजाको भोलिपल्ट काम नगर्ने डुन्डु बजार भर्ने गरिन्छ ।

डुन्डुमेलामा मोलीको राईहरू आएका हुन्छन् । उँबु र वाक्साको राई आउने नै भए । चिसंखु, केतुके, मानेभन्ज्याङ, थाक्ले, टोक्सेल, माधापुरका राई समुदायहरू त्यहाँ आएर मेलामा सहभागी हुने गर्दछन् । त्यो दिन बिहानै लिब्जुको पुजा गर्ने गरिन्छ । लिब्जुथानमा पुजा गरिसकेपछि आएर डुन्डुमा बिसाउने, सुखदुःख साट्ने, भलाकुसारी गर्ने, रमाइलो गर्ने

गरिन्छ । मादल बजाउने, रातभरि गीत गाउँने, नाचेर बस्ने गरिन्छ । वाम्बुलेको लागि लिब्जुभन्दा अर्को महान देवता र पुजा गर्नुपर्ने थलो छैन । डुन्डुमा रमाइलो गरिसकेपछि उँबुतर्फ जानेले हिटीमा बजार गर्दै जान्छन् । जहाँ चौतारा छ । थाक्ले, टोक्सेल, माधापुर, सिस्नेरी, बलखु र पारि झाप्पा (खोटाङ)तिरका मान्छे डुन्डुबाट फर्केर मानेभन्ज्याङमा रम्ने, रमाइलो गर्ने गर्दछन् । पुजाको भोलिपल्ट बाढा मान्ने चलन पाउँछौं ।

त्यसरी सम्पूर्ण राईहरू जम्मा भएर डुन्डुमा ढ्वाङकुमो मनाउँथ्यौं । त्यसैले त्यहाँ अनुमान लाउन सकिन्छ । यहाँ किन गरिएन भन्ने हो भने त्यो बेला माले गोरू काटिन्थ्यो । त्यो विषयमा विवादै छैन । अहिले राज्यले विवाद गर्नु आफ्नो ठाउँमा छ । तर हामी किरातहरूमा विवाद छैन । गोरू काटेर पितृपुजा गर्थ्यौं । न्वागी गर्दा गोरूको मासु चढाउथ्यौं । आज माछाको सुकुटी सिद्रा र अदुवा काटेर तेलमा भुटेर टपरीमा राखेर हाम्रो नाक्साहरूले पुज्नु हुन्छ । हिन्दु राज्य भएपछि त्यसो गर्न पाएनौं ।

अर्को कुरो छ, हिजो किरात शासकहरू हुँदाखेरी सात-आठ सय वर्षसम्म स्वतन्त्र थियौं । किरातहरूलाई हराइयो । हामी विजयपुर र चौदण्डी राज्यमा पर्छौं । त्यही बेला दबाइएको हुनसक्छ । त्यो कारणले हाम्रो इतिहासको साक्षी थलोहरू अझै भेट्न सकिन्छ । यो लामो खोजको विषय हो । त्यसैले फ्याट्टै बोल्नु बुद्धिमानी नहुन सक्छ ।

लिब्जु उपोलाई भाकल गरेर माले गोरू साँढे छोड्ने चलनले साँढेको संख्या बढेको छ । साँढे गोरू लिब्जु जंगलबाट बस्तीतर्फ आउँदा समस्या आयो । ती साँढ धपाउँदा दुःखविमार र विपत्ति आएको छ भन्ने गुनासो सुनिन्छ नि ?

हो, अहिले समस्या आएको छ । विगतमा साँढे कम छोड्ने गरिन्थ्यो । अहिले लिब्जु प्रतिको आस्था, विश्वास तीव्र रूपमा बढेको छ । वाम्बुले राईहरूमा मात्रै होइन । त्यहाँका अरू समुदायहरू क्षेत्री, ब्राह्मण, तामाङ समुदायले लिब्जुसँग वर माग्ने, भाकल गर्ने र माले गोरू चढाउने गरिएको छ । यसरी थुप्रै गोरू साँढे छोडिसकेपछि समस्या आएको हो । बस्तीमा बिगार गर्ने गरेको छ । व्यवस्थापनको उपयुक्त उपाय खोज्नु पर्ने बेला आएको छ । लिब्जु उपो सामाथान संरक्षण समिति संस्था बनेको छ । संरक्षण समिति, गाउँपालिका, जिल्ला वा राज्यको माथिल्लै निकाय अथवा स्थानीय समुदाय, वाम्बुले राई समाजले समाधानको उपाय निकाल्न जरूरी छ ।

लिब्जुको विकासमा वडा नं.२ का अध्यक्ष उमेश लामा कार्कीज्यूले उहाँको वडाअन्तर्गत परेकोले पहल गर्नु भएको छ । वडा नं.३ सँग समन्वन कसरी गर्दै हुनुहुन्छ ?

यसमा खास समन्वय भएको छैन । वडा नं.२ का अध्यक्ष जोशिलो हुनुहुन्छ तर उमेर, अध्ययनले परिपक्व हुनुहुन्न । उहाँको धार्मिक अध्ययन छैन । हिन्दु धर्ममै सप्ताहको महत्व, तुलसी पूजाको महत्व के छ ? उहाँलाई धेरै थाहा छैन । हिन्दु धर्म र किरात धर्मको बीचमा उहाँले तुलना गर्न सक्नु हुन्न भन्ने लाग्छ मलाई । त्यो विषयमा उहाँले विश्लेषण गर्नुभएको छैन । उहाँको बुझाइ र अवधारणा हुनसक्छ, अमेरिकाले ट्वीन टावर बनाएजस्तो लिब्जुलाई ट्वीन टावरजसरी विकास गर्नुपर्छ । दुबाईको बुर्ज खलिफाजस्तो बनाउनु पर्छ भन्ने उहाँको सोंच होला । हो भने राम्रो हो । त्यो टावर बनाउनु पर्छ । तर लिब्जु चाहिं आफैंमा टावर हो । तपाईको टाउकोको महत्व बढी हुने कि टुपीको महत्व बढी हुने भन्ने जस्तो मात्रै हो । यसमा मैले भनेको पनि थिएँ । यसमा माननीय यज्ञराज सुनुवार, माननीय मोहन खड्कासँग यो कुरा गरेको छ कि लिब्जु आफैंमा प्रकृतिले निर्माण गरेका हुन् । किरातले कुनै पनि ठाउँमा मन्दिर बनाएर मन्दिरभित्र पूजा गर्न गएको भेट्नु

हुन्न । टाढाको कुरा नगरौं । खोटाङको तुवाचुङ जायजुममा गएर हामीले हेर्न सक्छौं । त्यहाँ कुनचाहिं ठूलो मन्दिर छ र हामीले त्यहाँको तायामा र खियामाको पूजा गरेको हो र ? प्रकृति जस्तो छ, हामीले त्यसैमा पूजा गर्ने हो । हामी प्रकृतिपूजक त्यस कारणले हो । लिब्जु कसैले बनाएको होइन । न हामी वाम्बुलेको पुर्खाले न हिजोको हिन्दुले नै । लिब्जुको महत्व आफ्नै छ । त्यसमाथि मन्दिर बनाएर, त्यसमाथि भौतिक निर्माण गरेर हामीले विश्वास गर्ने होइन । किरातीले जस्तो ढुंगा छ, त्यस्तै पुज्ने हो । जस्तो माटो छ, त्यस्तै पुज्ने हो । त्यस कारणले उहाँले अगाडि बढाउनु भएको वडाबाट बजेट विनियोजन गरेर यसो गरें, त्यसो गरें भनेर भन्नु हुन्छ । त्यसबेला म लगायत प्रकृतिपूजक जनप्रतिनिधि, गैरजनप्रतिनिधिहरूले भनेका छौं- तपाईको राजनीति होला । हाम्रो धार्मिक आस्था हो । त्यस कारणले हाम्रो धार्मिक आस्था र प्रकृतिलाई जस्ताको तस्तै राख्न खोज्छौं । तपाईले विकासको नाममा हाम्रो प्रकृति विगार्न खोज्नु हुन्छ भने यो आपत्तिजनक छ । यो गर्नु हुन्न अध्यक्षज्यू भनेर बेलाबेलामा भनेको छु । अब मैले विगतमा जेजति गरें । आउने दिनहरूमा यो गर्नुभन्दा अगाडि वाम्बुले राई समाज र जसले लिब्जुसँग सम्बन्ध राख्दछ । आस्थासँग जोडिन्छ । त्यो समुदायसँग सल्लाह नगरेसम्म यस्तो भौतिक निर्माण गर्दिन भन्नु भएको छ ।

कार्यपालिकाको बैठकले पनि हामीले लिब्जु किरातहरूको आस्थासँग जोडिएको भएकोले त्यो प्रकृति हो । लिब्जु कसैले निर्माण गरेको होइन । त्यस कारणले त्यहाँ निर्माणको कुरा स्विकार्य हुनसक्दैन । बरू संरक्षणको कुरा गरौं । सकिन्छ भने अरू जग्गा किनेर तल लिब्जुको नाममा ठूलठूलो बिल्डिङ बनाऊँ । त्यहाँ किरातको संग्रहालय बनाऊँ । अरू धर्मावलम्बीहरूको संग्रहायल बनाऊँ । तर लिब्जु माथि चाहिं त्यस्तो भौतिक संरचना बनाउनु हुँदैन भन्ने विषयमा हाम्रो कुरा भएको छ ।

द्वाङकुमोको अवसरमा यसपटक पूजाकै दिन दुईवटा कार्यक्रम लगातार गर्दा नाक्सोहरूलाई हत्तपत्त पूजा गर्नु पर्ने परिस्थिति आयो । यसो गर्दाखेरी बाधा पऱ्यो भन्नेछ । आगामी दिनमा कसो गर्नु पर्ला ?

द्वाङकुमो भन्नेबित्तिकै किरातको, किरातभित्रको पनि वाम्बुलेको हो । अब हामी चाहिं प्रकृतिमा जस्तो चिज उम्रिन्छ त्यस्तै चिज खाने । जस्तो पायौं त्यस्तै खाने भएको हुनाले हामीले कुनै दिन मर्चा पनि खायौं । हिजो परम्परा, संस्कृतिमा जाँड, रक्सी जोडिन्छ नै । त्यो भन्दा टाढा रहनै सक्दैन । जाँड र रक्सीको महत्व छ । त्यो बेला नाक्सोले होस् चाहे सर्वसाधारणले जाँड, रक्सी खाने गर्दछौं । हामीले च्याँमाखा (धरती)लाई त्यही नै चढाउँछौं । त्यसो हुनाले हाम्रो समुदाय बढी जँड्याहा भएको हो कि ? अलि बढी खाएको हो कि भन्ने स्वभाविक प्रश्न समुदायमै उब्जिएको छ ।

त्यो दिन नाक्सोको जति महत्व कसैको हुँदैन । प्रधानमन्त्री पनि आउँदाखेरी नाक्सोलाई प्रमुख अतिथि बनायौं भने प्रधानमन्त्रीले पनि बोल्ने ठाउँ पाउँदैन । त्यसकारणले द्वाङकुमोको दिन नाक्सोको जति महत्व कसैको हुँदैन । जोसुकै मुख्य मान्छे आएपनि बाहिर भाषण गर्ला । ऊ माइकमा ठूलो होला । तर वाम्बुलेमा नाक्सोभन्दा ठूलो कोही पनि हुँदैन । केही हदसम्म नाक्सोलाई अप्ठ्यारो पर्न गएको हो । जुनबेला नाक्सोले केही पनि खाएको हुँदैन । खालि पेट बस्नु पर्छ । त्यो बेला नुन खानु हुँदैन । केही नखाएर पूजाको लागि बस्नु पर्ने हुन्छ । त्यो एकजनाको लागि होइन । सम्पूर्ण प्रकृतिको हावा, पानी, धरती सबैको पुजा गर्दाखेरी उत्तिकै चोखो रहनु पर्ने हुन्छ । उत्तिकै सजग रहनु पर्ने

हुन्छ । त्यसबेला अरुले जेसुकै गरुन् नाक्सोलाई मतलब हुँदैन । सांस्कृतिक या राजनीतिक कार्यक्रम होस् । नाक्सोको सम्बन्ध धरतीसँग हो । हावासँग, पानीसँग, आकाशसँग हो । तर पुजास्थलमै अरु कार्यक्रम गर्दैगर्दा असरचाहिं पर्दोरहेछ । असहज हुँदोरहेछ । छिटो गरिदिनु पऱ्यो नाक्सोज्यू, हतार गर्दिनु पऱ्यो । उता हाम्रो बितिसक्यो भन्छौं । तिमीहरूको राजनीतिक कार्यक्रम बितेको होला । मेरो प्राकृतिक कार्यक्रम बित्छ । को ठूलो हुन्छ आफैं विचार गर्नुहोला भन्नु हुन्छ । तर पनि अहिले त्यसरी गरेका छौं । त्यसलाई व्यवस्थित बनाउनको लागि नाक्सोहरूसँगै सल्लाह गरेर अघि बढ्नु पर्छ । नाक्सो भन्नेबित्तिकै संस्कार, संस्कृति र प्रकृतिसँग जोडिन्छ । एउटाको मात्रै पुज्ने कुरो पनि हुन्न । सब्बै घरबाट समयमा पूजाको सामग्रीहरू चार-पाँच सयवटा थुन्से आउँछ । त्यो थुन्सेको व्यवस्थापनको कुरो आउँछ । यो कमजोरी स्विकार्नुपर्छ ।

द्वाङकुमो अघि वा पछाडि गर्न पनि त सकिन्छ । मुख्य पूजाको दिन नजुधाउँदा हुन्न ?

खास तीन दिन प्रकृतिको पूजा गरिन्छ । द्वाङकुमोको अघिल्लो दिन प्रकृतिको पूजा सुरू हुन्छ । माले गोरूको प्रतीकको रूपमा राँगा काटेर पूजा गरिन्छ । जुनबेला नाक्सोले रगत छर्किनु हुन्छ । प्रकृतिको सबै बरदान हावा, पानी, धर्ती, आकाश सबैलाई पूजा गरिन्छ । त्यति गरिसकेपछि जमिनलाई खन्ने, असर गर्ने भएकोले केही पनि काम गर्दैनौं । गरिदैन । भोलिपल्ट मुख्य पूजाको दिन हो । हामीले तपाईलाई पूजा गऱ्यौं । अब भोलि तपाईलाई पानीले पखाल्छौं भनेर बाढा मान्ने चलन छ । अघिल्लो दिन भन्दा पनि द्वाङकुमको भोलिपल्ट सांस्कृतिक कार्यक्रम गर्दा सहज हुनसक्छ । किनभने प्रकृतिपूजा गरिसकेर कलाकार, राजनीतिक र धार्मिक नेताहरूलाई सम्मान गर्न सकिन्छ । प्रकृतिको पूजा गरिसकेपछि गर्ने हो भने अझ राम्रो हुन्छ ।

ख्यातिप्राप्त कलाकारले आफ्नो व्यस्त समय हामीलाई दिनुभयो । महान चाड द्वाङकुमोको अब कसरी प्रवर्द्धन गर्नुपर्ला ?

द्वाङकुमलाई प्रवर्द्धन विषय विश्वव्यापीकरणको जमानामा आकाशको फल जस्तो लाग्दैन । खाली समुदायको चेतना अभिवृद्धि गरे पुग्छ । भौतिक विकासले पनि यो हुँदैन । यो सांस्कृतिक महत्वबारे अरू समुदायलाई जानकारी दिने हो । सामाजिक संजालको माध्यमबाट जानकारी दिन सकिन्छ । यो पालि राजेश पायल राईको फेसबुक ग्रुपबाट लाइभ प्रसारण हेर्ने दुई लाख जनाको हाराहारीमा थियो । विल्सन विक्रम राईको हेरेको होला । नेता यज्ञराज सुनुवारको पेज हेरेको होला । भिजन एफएम र समावेशी एफएमले लाइभ प्रसारण गरेका थिए । त्यसैले यो वर्ष द्वाङकुमको बारेमा दुई चार लाखलाई देखाउन, सुनाउन सक्यौं । योजनाबद्ध रूपमा द्वाङकुमको बारेमा डकुमेन्ट्री, सर्ट मुभी बनाएर धार्मिक, सांस्कृतिक महत्वबारेमा फेसबुक, युट्युब, ट्वीटर, इन्स्टाग्राम, भाइवरमा सेयर गर्छौं भने अझ प्रवर्द्धन हुनेछ ।

मुख्य कुरा प्रवर्द्धनको नाममा देखाउने सुनाउनेमात्रै ठूलो कुरो चाहिंदैन । आन्तरिक पर्यटक, द्वाङकुमप्रति आस्था राख्नेलाई आकर्षित गर्न स्थानीय उत्पादनमार्फत् आयआर्जनसित जोड्न सक्नुपर्छ । नासपाती, काँक्रा लगायत फलफुलको सिजन भएकोले स्थानीय उत्पादनहरूलाई बेचेर आम्दानी गर्न हुन्छ । सबैको जागरण बढ्छ । यसपाली बाहिरबाट आएका पाहुना कम्तिमा पाँच हजार जना थियो । प्रत्येक जनाले कम्तिमा पाँचसय रूपैयाँ खर्च गर्न तयार थिए । तर हामीले दुई सय रूपैयाँको पनि बेच्न सकेनौं । स्वालेवा पार्क घुम्नेको हातमा नस्पाती भइदिएन । चुरोट खान चाहनेलाई खुवाउन सकेनौं ।

बच्चालाई चुइगम खुवाउन सकेनौं । यस्तै कुरालाई सुधार गऱ्यौं भने ढ्वाङकुमोको महत्व बढ्दै जान्छ । अर्को पल्ट आउनेलाई बासको व्यवस्था, लोक रक्सी, ढिंडो खानपानको व्यवस्था गर्न सक्यौं भने हाम्रै महत्व बढ्छ । गाउँपालिका र वडा कार्यालयले प्रवर्द्धन गर्न तयार छ । तर स्थानीय समुदाय नजागेसम्म हुन्न । ढ्वाङकुम जति टिपिकल छ, त्यत्तिकै त्यहाँको स्थानीय उत्पादन प्रवर्द्धन गर्न जरूरी छ । वाम्बुले टोपी, ढाकाको उत्पादन आदि हुनुसक्छ । राष्ट्रिय टेलिभिजनलगायत मिडियाहरूको आँखा पार्ने विषयहरू केलाउनु पर्छ ।

स्वालेवा स्तम्भ नयाँ सम्पदा हो । वाम्बुले राई आफूलाई चौरासे पनि भन्छौं । तपाईकै पुर्खाले निर्माण गरेको चौरासे घर छ । त्यो संग्रहालय बनाउन सकिन्छ । ब्ओकुला खेलमैदान निर्माण भइरहेको छ । फोकुल, काकड्यामको मनोराम ठाउँ छन् । ढ्वाङकुम प्याकेजको हिसाबले पाहुनाका निम्ति होमस्टे (घरबास)को विकास गर्न सकिएला नि ?

महत्वपूर्ण विषय उठाउनु भयो । उहिले ८४ वटा गाउँको प्रतिनिधित्व गर्ने चौरासे घर छ, हामीलाई गिज्याइरहेको छ । यसबारे भन्न पनि अप्ठारो भयो । यहाँ ऐतिहासिक महत्वका विषय र ठाउँ थुप्रै छन् । ढ्वाङकुमटामको कुरा गऱ्यौं । स्वालेवा पहिचान स्तम्भ यो नयाँ धरोहर हो भने चौरासघर यत्तिकै ऐतिहासिक छ । त्यसलाई जिर्णोद्धार गरेर प्रवर्द्धन गर्नसक्छौं । ब्ओकुला प्राकृतिक स्टेडियम हो । जहाँ अहिले आधुनिकीकरण गरेर फुटबल मैदान बन्दैछ । सबैखाले खेलकुदको हबका रूपमा विकास गरिदैछ । स्विमिङ पुलको विकास गर्न सकिन्छ । फोकुलमा पनि फुटबल मैदान छ । ऐतिहासिक महत्व राख्ने त्याम्लि दह छ । साम्फाऱ्याम डाँडा जहाँ पहिले पुर्खाले ढ्वाङकुमो मनाउन गरेको थलो पनि हो । देवी, देउराली, सिद्धाहरूको थान धेरै छन् । हाम्रै वाम्बुलेसँग जोडिएका कति रूखका बुटाहरू छन् । यसलाई प्याकेजका रूपमा लिएर जाने भन्ने छ । योजनामात्र बनेको तर बजेट बिनियोजना नभएकोले आश्वासनका रूपमा बाहिर आउनु राम्रो होइन । पाँच वर्षे योजनाभित्र जतिसम्म सक्छु, त्यसलाई बहुवर्षिय योजनाका रूपमा अघि बढाउने कोशिस गर्छं ।

अन्तमा, वाम्बुले समुदायलाई केही भन्नु हुन्छ कि ?

हाम्रो समुदाय निक्कै पछाडि छ । सोंचमा पछाडि छौं । शैक्षिक, आर्थिक विकास अझै माथि उठ्न सकेको छैन । अन्तर्राष्ट्रिय स्तरसँग तुलना गर्न मिल्दैमिल्दैन । नेपालकै समुदायको हिसाबले हेर्दा पनि आर्थिक रूपमा पछाडि छौं । संस्कारिक हिसाबले पछाडि छौं । राज्यको कुनै पनि तहमा हाम्रो पहुँच पुगेको छैन । यो स्तरको विकास गर्न भौतिक विकासभन्दा पनि चेतनाको विकास गर्न जरूरी छ । विश्वमा छरिएर रहेका वाम्बुले राई समुदायले आफ्नो भाषा, संस्कार, संस्कृतिलाई माथि उकास्न र स्तरोन्नति गर्नको निम्ति सबैले सबै ठाउँबाट सकारात्मक पहल गरौं । र म वडाध्यक्ष सिंगो समुदायको अभियनता बनेको छु । म हिन्दुको पनि अध्यक्ष । क्रिश्चियनको पनि अध्यक्ष । बुद्धिस्टको पनि अध्यक्ष । यदि कोही मुस्लिम भए उसको पनि अध्यक्ष भएकोले अहिले समग्रमा वडाध्यक्ष छु । समुदायको विकास गर्न एकजना वडाध्यक्षले मात्रै सम्भव छैन । सबै समुदाय, भाषी, जाति सबै मिल्नु पर्छ । त्यसो हुँदामात्रै सँगसँगै विकास गर्न सकिन्छ । तपाईहरू सँगसँगै म र म सँगसँगै तपाईहरू हुनोस् । एक दिन अवश्य हाम्रो समुदाय, जाति, भाषा, संस्कार, संस्कृतिको उत्थान गर्न सक्ने छौं । समय उपलब्ध गराउनु भएकोमा लिब्जुभुम्जु मिडियालाई विशेष धन्यवाद छ ।

गायक राजेश पायल राई

हास्य कलाकार विल्सन विक्रम राई

'मानेभन्ज्याङल्वा हिउँङा डागुर ज्याल्माख् भोल ल्वाम'

- कीर्तिलाल राई



वाम्बुले राई ज्येष्ठ नागरिक तथा भूपू ब्रिटिस आर्मी

उहाँको जन्म वि.सं.१९८३ जेठ महिनामा ओखलढुंगा जिल्ला उँबु गाउँ (हाल मानेभन्ज्याङ गाउँपालिका-३) दार्बुमा भएको हो । बुवा लहजित राई (वाम्बुले बोड्वाम) र आमा बडामाया राई (क्याम्पामे)को कोखबाट जेठा छोराका रूपमा भएको थियो । उहाँको बाजेको नाम भोप्चे थियो । उहाँको चार भाइ हुनुहुन्थ्यो, माइला सप्तलाल, साइला जाहानसिं, काइला मानसिं र कान्छा भोलाल राई । एक दिदी चतुरमायाको निधन भइसक्यो भने बहिनी रुद्रीमाया राई अझै हुनुहुन्छ । उहाँ कान्छो छोरा दक्षधन राई र बुहारी डबलसरी राईसँगै ललितपुर महानगरपालिका वडा नं.१३ कुसुन्तीमा बसोबास गर्दै आउनु भएको छ । उहाँसित २०७६ जेठ २५ गते शनिबार 'इक लिब्जु-भुम्जु' त्रैमासिकका सम्पादक गणेश राईसँग वाम्बुले भाषामा भएको कुराकानी अन्तर्वार्ता प्रस्तुत गरिएको छ :

थापु जिउ बाःम । उनी ड्रिअ आमा हौ ?

आः ड्रिअ किर्तिलाल राई तिम ।

उनु थाम थरिम तिनुइ ?

बोड्वाम तिङ्म ।

उन आस्याल ज्वाल्नुमेइ ?

उङ १९८३ साल जेठ बुधोरबार ज्वालुङमेइ तिम ।

उन त्यापिपि आक्वाल थोचे दुम्नुइ ?

उङ ९३ बर्खाप्याठ्ठो ब्लान्डुङ्म होकि ।

आक्वाल थोचेसम्बा ब्लेङ्म ह्वाला देसाख्वा ब्अिम्दुइ ?

इम डा खै आचुक चिक्तु । (हिक्बो र्‍यान्डा र्‍याम) सिचाम डा आचुइख्वा आचिक्ति । सामाख्वा लोभ काइसा पातुम । काल दबै पौमेइ हुन्छ । इमस्याम चैनि खै आक्वालसम मुइ ब्लेया । इमचै मुइ आचिक्तु ।

आम त्यापिबसम्बा ब्लेसाङ बानुमेइ, उनुक आब्अिम्थु ब्लेनुमेइ तिवाँ ?

अहँ ब्लेचाम डा ब्अिम्सिमे । सिचाम चै आब्अिम्सिके ।

उन थाम टामल्वा ज्वाल्नुमेइ ?

उङ आक वामद्याल कुडुल्वाम्से दार्बुल्वा ज्वालुङमेइ तिम ।

उनु दाजुभाइ आक्वालजन ?

दाजुभाइ आब्ल्याम पाँच भाइ । उङ ख्वाल्बो राइचि । पाँच भाइल्वाङ उङङा ब्लेसा बाङ्म ।

पापा-मामाङा ड्रिअ आमा ?

मामाङ ड्रिअ बडामाया । पापाङ ड्रिअ लोहाजित ।

उनु वाम्बुले राडुङा आमामजाङ् खासितिङ् पासि ज्वाक्डुइ ?

रितुमबाया डा आप्वाचे बाङ्म । चाकुख्वा पाम्मे । उङ मेलो आब्लाउ । बेवाल्वाङ्से पर्देसे इस्तिख् ।

उनु नुम्बो बेबा बानुम्वाल थामस्या थि ?

बेबा बाङल्वा डा ह्योक्का बालो मुइ चाम्दो पालदिब । इल्वाङ खालि आमाइ आबा । स्कुल आमाइ आबा । काम पाचाम उति हो ।

उन इः बेबाल्वाम योर त्यापिपि ब्अिम्दुम आब्अिम्दुइ ?

बेबाल्वाम योर दा ख्वाइ आब्अिम्बु । बेबाल्वाम योर थाथाल ब्लान्दिइ थाथाल ब्लान्दिइ ।

उनु द्यालल्वा हलो जुवा च्वाक्सि ज्वाक्डुम ?

हल जुवा च्वाउम । इः ख्वार्सि ज्वाउम । काम दा इम्याङ हो नि खेतिकिसान पाचाम । डोका, टुँक्रो जम्मा मुइ प्रोसुम । इमे त्याङचै मुइ बुढा दुम्मे । आम भाना भाना मुइ बालिदिम ।

पल्टनमा किर्तिलाल राई

उन बिनायो, बाँसुरि या च्वाक्डुम ?

बिनायो डा आच्वाउ । आट्वाबु । बाँसुरि च्वाउमे या ट्वाब्बे या । बाँसुरि चैने आःड्आङ् मास बनैपामे । किम चिच्चाम डा हो इल्वाङ ठेडि पास्साख ट्वाप्चाम । इमचै पाःम ।

नुम्बोम इ दावालि कावातिचो ब्अिम्दुम्मे ?

कावातिचो ? कावातिचो डा क्वालवाइ आबाम । जम्मा ल्वाम्मे । ब्अिम्बुम्मे । उठ्ठिउ जम्मा आबामि ।

नुम्बो इन पालाल्वा स्कुल बामेइ आबामेइ ?

आबामेइ । स्कुल डा नुम्बो आम दार्जालिंगे चिचिर रैसाना परै पाम्मेइ रै । आमस्यालाम डा पल्टनल्वाइ आबाम । नौठाङके बल्ला स्कुल ब्अ्वार्सिमाख् त्याँडा जम्मा ज्वाक्चो चिक्चो । नुम्बो डा इम लाटा समय । इमब्वाल आबामें ।

भर्ति ल्वाचाम चै थामपाराख् ब्अिम्दुइ उनु ?

उङ भर्ति थामपाराख् ल्वाउइ भने इमब्याल गल्ला थाल्वाइ आचुइ आबाम्मेइ । ह्योम

प्रधानचैने रिचुवाल्वाम गोर्खा मेरज अम्बरेख्वा ल्यामुम्मेइ तिम । उङ डा रामेछापल्वा २ नम्बरल्वाम मुयोख्वा भर्ति ल्याआँक्वेइ । आः भ्यानान् ल्वाँचुक्वेइ । आः भ्याना इतिख्वाल्चे । जयनगर ब्लान्डुङचुब । आः पैसाख् जाचाम । आङ्गु आब्वासि । आकुसँ । आङ्गु भर्ति ल्वाच्वास् द्याम । उनु आमाल्वाइ आडुम्नुसे वाउल्वाइ आत्ति । आङचै ल्वाचाम खर्चा माल्चाम । इल्वाङ आः खर्चाख्वा ल्वाँचुब । उन आमाल्वाइ फिट आडुम्नुक्याउ वाउम ।

इमबलौ उङ भर्ति प्वाचे रामेछापल्वाम मुयो ब्लामाख्वा भर्ति ल्वानुम आल्वानु हौ वाङ्तिम । ल्वाचाम गल्ला आतिरुङ्माख् वाउम् । द्यालल्वा ब्लाम । इम गल्ला रैछा । उङ डा आचिउमे । इल्वाङ 'आल पिता' देःम । पिंमाख्वा द्वाम्ङाक्वे । इमब्वाल ढ्वाक्टो, उचाइ न्वा ङ्वाप्तुम । त्यापिबमेसे आत्ति । इल्वाङ डा 'लु ल्यानिम' देःम । आः कावा भ्याना ल्वाचो आमाल्वाइ फिट आडुम्नु वाउल्वाइ आत्ति । इमब्वाल्वाइ आः कावाइ बाःम वाउम् । भ्याना प्लाकोउमाख् 'यो त हुँदैन । कही पनि फिट छैन । उचाइमा, जिउडालमा पनि छैन ।' वाटुम ।

वानिल आच्याम्नु वाउम् । उङचै त्याँना इमे ल्वाचाम वाआँबें बाःम । उङ त्याङ ल्वाङ्म वाउम् । त्याङ इः त्वाम ङ्अुम वाउम् । 'ङ्अुम' देमे । लु आम आः जर्सि ल्याडुक पास्ता । आम चाकुम चैने मामान् पापान् ग्वाक्बिकाचे । ल्वास्ता वाउमाख् बल्ला भ्याना गाम् । उङचैने योम्सेल ल्वाँमे । इमब्वाल उङ डा पचिस बर्खा ब्लान्डुङमेइ । जम्मा फिट डुङ्माख्वा । त्वामस्याम्मे आत्ति । इमेख्वा ल्याँतिम । भ्याना कुडु गाम । जयनगर हुटेलल्वा कोलपुम काइला न्वा माइला न्वा गल्लाख् च्वाम्चिम्मेंथि । आङनिब पैसा आचोचाम । उङचै आः पैसाख्वा जाचाम ।

इमनिब गाँचिम । आस्याँ गाँचिमें । उननिब पैसा नापर्ने । आन जुठाभाँडा पाचाम । चोसि नापर्ने वाउचिम । आङनिम उन दान गानुमे । उङ्गु चुरिखारि पान्चिब । इल्वाङ लिबुचिम्मे । उङ २५ बर्खा ब्लान्डिचो । १८ बर्खा र्याउमे । आक्वाल ब्लान्डिवाइ १८ र्याक्चाम । सात बर्खा आः उमेर ह्याठ्ठो पासाख्वा भर्ति डुँमे । इल्वाङ ल्वाँमे । लेहराल्वा भर्तिपाचाम च्वाप्तुमें थि ब्रिटिसख्वा । लेहराल्वा भर्ति दुम्कुमाख् इल्वाङ उङ डा सिंगापुर परैदुङ्मेइ रै । पितलङा बिल्ला बाइच्वा आक गुर्जि थि । आमाम पाङ्लि दिम्माख् उङचै सिंगापुर आल्याउम् । फेरि आमस्याल पुउम्मे । मलाया पट्टि ल्याउम्मे । इमपाराख् २५ बर्खाम उमेरल्वा १८ बर्खा च्याक्साख् बुढाभर्ति दुङमें थि ।

उन इ पल्टनल्वाम नम्बरचै आक्वाल ?

पल्टनल्वाम आः नम्बर २११३२२३३ तिम ।

उन लडाइल्वाइ दिनुम ?

ह्वाम बर्नेउल्वा लडइ दुम्मे । इल परै दुङ्म । इमब्वा आस्याल मलाया -त्यापिपिम मलेसिया) ल्वाम लाउरेतिचो बुसबुसे पासाख् इक नेपाल रासल्वाम पाराख्वा बुसबुसे लडै पाचामेसे ।

दुस्मनङा गोलिख्वा आतिर्नाति, उनुइ आवाब्दु ?

ह्वाम बर्नेउल्वा झन्नै हावाजास त्वाङमिम् । झन्नै टिर्किकमें । गोलि वाप्चाम डा आङ ठाउँसे आबा । बुसबुसे लडैसे । क्लिसाख् दाउ पासाख् ।

उन थाम थाम देस ल्वानुइ ?

भर्ति दुङमाख् उङ्गु होङकोङ, बर्नेउ, मलाया मुइ ब्लान्डिम ।

उन भर्ति दुम्चाम ङ्माम्बि डा नेपाल आर्मिल्वाइ जागिर जानुमेइ द्याम् ?

मानेभन्ज्याङल्वा जागि जामें थि । सिपाइ दुङमें थि । आमस्याम बाःम, कातिके पटक, माघे पटक । पाला पाला बाःम । इल्वा जागि जाचाल्वा ङ्आङ्मा साम्बल कुर्साख्वा, क्वाल हप्ताभोरिम साम्बल ल्यास्साख् मुइ पाइमुन्चो डेराल्वा ख्वाक्ति जाचाम । आर्मि चेइचाम । परेड पाचाम थि । इमब्याल मानेभन्ज्याङल्वा हिउँ य्वाम थि ।

हिउँ य्वामेइ आक्वाल सालल्वा ?

हिउँ य्वामेइ क्वाल सालल्वा । हिउँ य्वामाख्वा ह्याम भायाम टुँडिखेल, त्याँवाडा हटिया दुम्मे । इल परेड पाचाम । इम पटँगि ओब्बे । भाताम टुँडिखेलल्वा हाजिर दुम्चाम । इल्वाङ गल्लिइ गल्लि परेड पासै डोडिचाम थि ।

हिउँ य्वामें य्वामेंस्या । इल्वाङ आसपाचा । थामस्याल हाल्चामेइ लाम आबा । बेल्चाख् कुने पापाङ्किब । हिउँङा कुने डँगुर दुम्मे । राति छपक्कै कक्कै दुम्खो बाःम । भ्यानि ङ्अ् वामख्वा ख्लाल्तुमेंल्वाँ बिलै दुम्सि ज्याक्तुम । डुक्सो ङ्अ्वामङा भरेलिल डा भोलके ल्वाम । हिउँ ज्याल्माख् भोल ल्वाम । खोलाह्याठ्ठो बगे दुम्मे ।



श्रीमतीका साथमा किर्तिलाल राई

हिउँ य्वाम्वाल मानेभन्ज्याङ, ट्वाक्सेल, वामद्याल, लिब्जु भाता भाताङा य्वामके चाकुम ठाउँ या य्वामेइथि ?

इमब्याल पुस मैना थि । क्वाल हप्ता वार्सि य्वाम । क्वाल हप्ता जिब्ङ्वाम पौमे । इल्वाङ हिउँ य्याम । जम्मापट्टि य्वामें थि । पुस मैनाम खोखोल्वा क्वाल हप्ता जिमजिमे वार्सि जिब्ङ्वाम पौमेया हिउँ ग्लाडोमाख् । हिउँख्वा जम्मा फापु मासै पौम ।

मुयो आसिमि ?

मुयो डा आमाइ आङ्‌वा । रुखपात चै मासै दुम्मे । च्वाकच्वाङ्‌केइ मासै पौम । बोट बाक्चोचै नौठाङ लिम्तुम । हिउँ डोखो डोखो प्‍ल्यामप्‍ल्याम दुम्मे । जम्मै भुइल्वा ब्लेटाम्सिम । फाफु डा लिम्तुमे । च्वाकच्वाँके चै आलिम्तु । उसिप्तुमाख् घोचा क्‍वाँइमेइस्याँ मासै दुम्मे ।

इम हिउँ य्‍वामेइ साल बर्खामास आसपुसिइ ? फागनल्वाँडा मकै फुच्चाम बेला दुम्मे ?

हिउँ य्‍वामेइभोरिङा भाना, आम्ना द्‍याल हाल्चाम लामसे साम्मेइ थि । बिलै दुम्माख इम साल रान्चोस दुम्मे ।

इमब्वाल उन आक्वाल बर्खाम बानुमेइ ?

इमब्वाल्वा उङ्‌गु १७-१८ बर्खाम साल्चो बाङ्‌मेइ ।

१९५० सालल्वा ल्याक्कु ल्वामेइ, इमब्याल उन आक्वाल ह्यान्तिमेइ थि ?

नब्बे साल थोचल्वा ल्याक्कु गामें तिम । इमब्वाल उङ डा ८ बर्खा ८ मैनाम बाङ्‌मेइ । प्रस्ट चिउम । इमब्वाल राजाख्वा आमाइ खोजतलास आपौ । ल्याक्कु छक्काल दिनल्वा गामें तिम । माघसग्रातङा दिन । प्वास्सु बजार दिसाख्वा ब्याल्का गासिम । इमब्याल उङ सापकाकल्वा गोठाला पासाङ थि । ल्याक्कुख्वा साकाब्राका पौम । नाइचो या आत्ति, लिम्चोइ आत्ति । पच्छिमल्वाङ पुर्बो ल्वाचो थि । लिम्चोइ आत्ति, नाइचोइ आत्ति । खिमें खिमेंस्या । ल्वामें ल्वामेंसे ।

इमब्वाल खोरो आल्वा ?

खोरो ल्वामे । फुम्लु लाइसिमाख् जम्मा खोलाभोरि दुम्मे । फुर्कु वाल्माख् आमाइ कुर आहिम । फुर्कु खुनिमोखो क्वाड आमाइ आहिम । इम खुनिमो ल्वासि टुम्सुमाख् नौठाङ खोलाभोरि फुम्लुङ खामा ग्लोभ्राइसिमेइ हिम्मे । ल्याक्कुख्वा पाखारेखा जम्मा रिउमे । नास पौमे । इम ल्याक्कुल्वा आक मामकान्छिङ राइचि पुर्ने परैदुम्मे । कुडु रिमाख् चिम्तुमे ।

ल्याक्कु गामाख् कुडुवारा रिमे, उनतिङ् थाल बानिया ?

ल्याक्कुख् कुडु रिउमाख् आमाइ आबा । इल्वाङ भाना पाखाल्वा ठर्पु बनैपासाख् बाकुम । राति इल्वास ग्‍ल्वाम्कुम थि । आँ खिसि कैलै आङ्‌अु । लिबलिब खिम ना ल्वाम ।

मुन्ठोल २०७२ सालल्वा ल्वामेइलवावाइँ ख्वाल्बो थि ?

इमेल्वाङ ठेख्वाल्बो ल्याक्कु नुम्बो ल्यामेङ थि । ७२ सालल्वाम क्वासाख् ठेख्वाल्बो थि ।

पल्टन ल्वानुमाख् ङ्‌आम्बिम छुट्टि आक्वाल बर्खाल गानुइ ?

उङ्‌गु भर्ति दुङ्‌माख् ङ्‌आम्बिखेपा ४ बर्खा दुम्माख् छुट्टिल गाउँम थि ।

ङ्‌आम्बिखेपा गानुल उनु मामा, पापा आमा खातिग्वाक्डुचिम या ?

मामा सुन खातिग्वाउम थि । तोसेल स्याँमे सुन थि । आमाम जाङ् खाउइति ब्भिम्सि आचाबु ।

उन बिहे पाइसाख् के ङ्‌आम्बिस् बिहे पाइनुमेइ ?

उङ डा बिहे पाइसा । आः राइचि दुम्माखो नौठाङ भर्ति दुङ्‌मेइ ।

उनु बिहे फ्वाइतिरि के चुम्तिरिख्वा पाइनुमेइ ?

ए उङ्गमा फ्वाइतिरिख्वा पायुङ्मेइ । मामा-पापाख्वा बिहे पाउम्मेइ । सानो जुरेल्वाम च्वाकेमेबिल्वा ।

बिहे पाइचाम ङ्आम्बि उनु जाहान हिब्दुमेइ, च्वाम्दुमेइ थि ?

आहिब्बेइ । आसेइबेइ । थालो हो थाल्वा । मामा, पापाख्वा देम्मेइ । ना ब्अिच्वाख्वा उच्वा हिप्तु ना उच्वाख्वा ब्अिच्वा हिप्तु ।

पल्टनल्वा इः जाहान, राइचिनानि ल्याङुल बुढा दुम्चो मुयो रै आवानुम् ?

इमब्याल आक गुर्जि मोटो थि । गुर्जि या मोटो सिपाइ या मोटो वास्साख राकिम्मेइ थि ।

पल्टनल्वा राङु आक्वाल बानिमेइ थि ?

पल्टनल्वा राङु चिकाप इल्वाङ ठेख्वाल्सेचै पच्छिमल्वाम मगर, गुरुङ बाम्मेइ थि । पुर्बो पल्टन, पच्छिमे पल्टन बाक्चो थि ।

द्यालल्वा इ पल्टने कावातिचो आचुचु थि ?

भाषा, संस्कृतिको संरक्षण एक महत्वपूर्ण कार्य हो । बेलायतमा बस्ने र त्यही जन्मे हुर्केका बालबच्चालाई लक्षित गरी वाम्रास युकेले ढ्वाङकुमको अवसरमा मातृभाषा प्रशिक्षण संचालन गर्दै आएको छ । यो अति सराहनीय कार्य हो । यसको नेतृत्व गौता राईले गर्नं भएको छ । नानीहरूलाई मातृभाषामा बोल्न, लेख्न र पढ्न अभ्यास गराउनुका साथै एकापसमा साइनो तथा वाम्बुले शब्दबारे सामुहिक प्रशिक्षण दिने काम गरिंदै आएको छ । यो कार्यक्रमलाई अझ व्यापक बनाउनु पर्ने खाँचो रहेको छ । यसका लागि वाम्रास केन्द्रीय समिमिले चाँडोभन्दा चाँडो वर्णमाला (व्याकरण) उपलब्ध गराउनु पर्ने सुझाव आएको छ । वाम्रास संस्थापकहरू कर्णबहादुर राई (२४) र दिलकुमारी राई तथा ज्ञानबहादुर राई (०७) तथा रूपकुमारी राई र वाम्बुले संस्कारका जानकार बालाकाजी राईले सबै वाम्बुले समुदायको सहमतिमा यथाशक्य वर्णमाला तयार पारी वाम्बुले भाषाको आधारभूत ज्ञान दिलाउने अभ्यास गर्नंपर्ने खाँचो औल्याउनु भएको छ । वाम्रास संस्थाले यसको प्रमुख नेतृत्व गर्नंपर्ने सुझाव वहाँहरूको छ । युकेमा हुर्किएका बालबालिकाले प्राय भाषिक सामिप्यका कारण अंग्रेजी भाषा बोल्ने गरेको पाइन्छ । यो स्वभाविक भए पनि उनीहरूलाई मातृभाषातर्फ आकर्षित गर्नंपर्ने हुन्छ ।

समय र कामको महत्व

बेलायतमा समयलाई सबैभन्दा बढी प्रथमिकता दिने गरिन्छ । हरेक व्यक्तिको दैनिकी घडीको सुईसँगै फनफनी घुमी रहन्छ । चाहेर पनि ऊ त्यो समयसँग अलग्गिएर रहन

नसक्ने पद्धति राज्यले बनाएको रहेछ । समयसँग कर्तव्य निर्वाह गर्दा दिन-रात, परिवार, बालबच्चाको समेत पर्वाह गर्न कठिन हुने अनुभव छ। नेपालजस्तो सामुहिकतामा आधारित जीवनशैली नरहेकोले बेलायतमा समयलाई उच्च महत्व दिने गरिन्छ । नेपालीहरू यस पद्धतिप्रति आबद्ध हुन्छन् । त्यसैले सोचेजस्तो भेटघाट प्राय असम्भव हुन्छ ।

काम अथवा श्रमको उच्च सम्मान गरिन्छ । कामको सम्मान समान रूपमा हुने र कसैमाथि कुनै प्रकारको भेदभाव गर्न नपाइने कानूनी व्यवस्था छ । त्यसैले कसले कुन स्तरको काम गर्छ भन्ने हेक्का त्यहाँ हुँदैन । नेपालको सन्दर्भमा यो उदाहरणीय विषय हो । कामको साथै पारिश्रमिकमा भेदभाव हुँदैन । काम गर्ने मानिस ठूला हुन्छन् ।

पारिवारिक भेटघाट

बेलायत भ्रमणले पारिवारिक भेटघाट गर्ने मौका जुरायो । अति हितैषी कमल राईले घरमा बस्नेदेखि सबैतिर लैजाने ल्याउने काम गर्नँ भयो । कमलजीको यो अमूल्य गुनका लागि ऋणी छु । ज्योतिका आमा दिदी, ज्योतिका र अर्जंनले देखाउनु भएको सद्भावको उच्च सम्मान छ । साथै, भिमल, जिखा, प्रेम कावा, नविन (अशय), नविन भान्जा, टिका (डल्ले), मान, २४ दाजु, ज्ञान दाजु र सुनिल मामा लगायत सबै वाम्बुलेजनहरूको घरमा पुग्ने मौका पाएकोमा गर्व लागेको छ । अन्तमा अति छोटो तर स्वादिष्ट भ्रमण मानस्पटलमा सदा ताजा भई नाचिरहेछ ।

(लेखक गजुरधन राई नेपाल टेलिभिजनमा कार्यरत वरिष्ठ पत्रकार तथा वाम्रास केन्द्रीय कार्यसमितिको अध्यक्ष हुनुहुन्छ ।)

A week Experience in Bangkok

- Anuka Rai

As a part of curricular course of (8th semester, 4th Year) we the students of Kadambari Memorial College (Budhanagar, Kathmandu, Nepal. The College is affiliated Purbancha University), the school of Social Work organized Urban Study Lab in Bangkok. Our main objective of study tour is to experience being an exposure in urban environment and to understand the policies as well the macro level perspectives of social work and social development. We the group of 24 students and two supervisor from the college went Bangkok in 25th August-31st August.

My week experience in Bangkok, Thailand, was unexpectedly amazing. For me it was great platform for the self-empowerment and experience through the lived experiences. I got an opportunity to visit National Health Service Organization (NHSO), Bung Yitho Municipality, *Thammasat University and* Community Organization Development Institute (CODI).

National Health Service Organization (NHSO), working to provide the health services for the Thai people. The most amazing part was, with the 7% of Tax payment it has covered the 99% of Thai population. It was one of the best example of good governance. It was a kind of reflection for me being Nepali, how back and how good is our government. If we

also had health insurance as our right then we would not have suffered health conditions irrespective of our living standard.

The next was, Bung Yitho Municipality, working together with NHSO through active engagement and involvement of the community members and volunteers. The visit elderly and the health centre gave me a chance to see new ideas, knowledge and approaches on Social Work practice for the community development. T*he use of pebbles and natural resources on the walkway for the rehabilitation for people with the sensory loss was very impressive.*

The visit to Thammasat University was wonderful, that it was so big that was my first time to see such University which was bigger than our International Airport consisting Library, Disability Centre, Hospital, Music and program hall, sports centre, Swimming pool and many other departments. It was one of the best joyful experience and moments with the students of TU.

Another one was the visit to Community Organization Development Institute (CODI), started with the boating to a canal of slums area which is now being developed towards a beautiful community with the home building project of CODI. What I saw was, transformative work involving the community people to design their house themselves. Such a glad moment to know people centred service. I used to think slum areas are only in Nepal, when I saw there was also a river like our Bagmati and the smell made me to miss our Bagmati River.

Apart from the study, as well had lots of fun went to the tallest Temple Watt Arun, Pattaya Beach, and Night Market Life and near areas from our home stay. It was quite fun within a week, the way became used to that I was able to go all alone by self. Every dinner in the street market was cool enough to share with everyone around. Those Thai food, whatever I ate tasted like, eating different flavoured of chocolates full of sugar and tastes. Hospitality was pretty impressive than ours. '*A smile and respect can bring a positive vibes on person's day', a new experience and learning from me.* I miss and will miss Bangkok, it became a memory of once in a lifetime as a bachelor level student.



व्याकुल माइला गोल्डकप आठौं संस्करणमा

- शुभकर्ण राई, पूर्णसिं राई र क्षमाराज राई

परिचय

व्याकुल माइला गोल्डकपको आठौं संस्करण यस वर्ष यही मिति २०७६ असोज २६ गते (कोजाग्रत पूर्णिमा) देखि कात्तिक ४ गतेसम्म सञ्चालन हुने भएको छ । नेपाली राष्ट्रियगान रचनाकार व्याकुल माइलाको नाउँमा उनकै गाउँमा वि.सं. २०६८ सालदेखि बर्षेनी सञ्चालन हुँदैआएको एक फुटबल प्रतियोगिता हो । यो प्रतियोगिता ओखलढुङ्गा जिल्लाको मानेभञ्ज्याङ गाउँपालिका अन्तर्गत् वडा नं. ६ हिलेपानी गाउँको दुधकोशी किनार सोक्मटार (व्आलेमबगर) मा सप्ताहव्यापी रूपमा सञ्चालन गर्ने गरिएको छ । 'व्याकुल माइला रनिङ कप फुटबल प्रतियोगिता' को रूपमा श्री दुधकौशिका प्राथमिक विद्यालयबाट यस खेलकुद प्रतियोगिताको थालनी भएको हो । त्यसलाई पछि 'व्याकुल माइला गोल्डकप' बनाई व्याकुल माइला गोल्डकप मूल समारोह समिति, नयाँ नेपाल सरोकार समाज र हिलेपानी फुटबल क्लबले निरन्तरता दिँदैआएका छन् ।

यो गाउँ/ठाउँले देशको राष्ट्रियगान रचनाकारलाई जन्मायो तर देशले दुधकोशी किनारस्थित यो कुनाकन्दरालाई नचिनेको अवस्था देखियो । देशको राजनीतिक व्यवस्थामा जतिसुकै परिवर्तन आए पनि यस गाउँ-समाजको अवस्थामा कहिल्यै परिवर्तन देखिएन । यस ठाउँमा जन्मिएका व्याकुल माइलाले प्रसिद्धि कमाए पनि यो ठाउँ गुमनाम नै रह्यो । यस पृष्ठभूमिमा कमसेकम पनि व्याकुल माइलाको नामबाट कुनै कार्यक्रम गरिएमा यस ठाउँको विकासमा राज्यको ध्यानाकर्षण हुनेछ, यस ठाउँको पनि चिनारी हुनेछ भन्ने धारणाले यस फुटबल प्रतियोगिताको थालनी भएको हो ।

यसै क्रममा पुरुष खेलाडी (छोरा मान्छे)ले मात्र अवसर पाइरहेका र महिला (छोरी-चेली) अवसरबाट बञ्चित हुनुपरेको अनुभूति भएपछि यस गोल्डकपसँग अन्तर्सम्बन्धित बनाई वि.सं. २०७४ साल (सातौं संस्करण) देखि 'रूपा स्मृति महिला फुटबल कप' फुटबल प्रतियोगिताको पनि थालनी गरिएको थियो र त्यसलाई यस वर्षदेखि अलि मूर्तरूप दिने प्रयास थालिएको छ ।

पुरस्कार

प्रतियोगितामा प्रथम, द्वितीय र तृतीय स्थान प्राप्त विजयी खेलाडीहरूलाई शिल्ड, मेडल, नगद राशी र प्रमाणपत्र प्रदान गरिँदैआइएकोमा आठौं संस्करणबाट प्रथम र द्वितीयलाई मात्र शिल्ड, मेडल, नगद र प्रमाणपत्र दिने र तृतीय स्थान प्राप्त टिमलाई नगद र प्रमाणपत्रले प्रदान गरिने भएको छ। प्रथम र द्वितीय शिल्ड क्रमशः रु १ लाख ४२ हजार, रु १ लाख ३ हजार पर्ने चाँदीको रनिङ शिल्ड भएकोले स्थायी रूपले प्राप्त गर्नको लागि निरन्तर ३ पटक जित्नु पर्ने प्रावधान रहेको छ। नगद पुरस्कार राशी निम्न अनुरूप छन्-

- प्रथम - रु. १ लाख ५० हजार
- द्वितीय - रु. ८० हजार
- तृतीय - रु. १५ हजार
- दिलकर्ण बेस्ट टिम अवार्ड - रु. १० हजार
- उत्कृष्ट खेलाडी - रु. ५ हजार
- सर्वाधिक गोलकर्ता - रु. ५ हजार
- उत्कृष्ट गोल रक्षक - रु. ५ हजार
- उत्कृष्ट प्रतिरक्षक - रु. ५ हजार
- महिला फुटबल कपको लागि विजेता (प्रथम) - रु. २५ हजार
- महिला फुटबल कप उपविजेता (द्वितीय) - रु. १० हजार

उद्देश्य

'खेलकुदको माध्यमबाट विकासको अभियान' भन्ने आदर्शका साथ सञ्चालन हुँदैआएको यस अभियानमूलक कार्यक्रमको उद्देश्य निम्न रहेका छन् :

- सामाजिक परिवर्तन, रूपान्तरण र विकासमा मद्दत पुऱ्याउनु
- खेलकुद, कला आदि क्षेत्रका प्रतिभाको आवश्यक मञ्चको परिपूर्ति गर्नु
- नयाँ पुस्तालाई अवसर प्रदान गरी सवलीकरण एवं सशक्तिकरण गर्नु
- यस क्षेत्रको भौतिक पूर्वाधार विकास कार्यको पहल गर्नु
- स्थानीय भाषा, कला, संस्कृति (लोकभाका, लोकनाच, धार्मिकस्थल आदि) को संरक्षणमा योगदान पुऱ्याउनु
- राष्ट्रिय स्तरका खेलाडीहरूको निर्माण गर्नु ।

लक्ष्य

- खेलकुद मैदान लगायत विकासका पूर्वाधारहरूको विकास गर्नु

- फुटबल लगायत विविध क्षेत्रमा राष्ट्रिय स्तरका प्रतिभाहरू निर्माण गर्नु
- व्यवसायिक स्तरमा स्थानीय खेलकुदको विकास गर्नु
- यस गोल्डकप सञ्चालनको लागि अक्षय कोषको निर्माण गर्ने
- खेलकुदको माध्यमबाट सामाजिक परिवर्तन, रूपान्तरण र विकास कार्य गर्नु ।

हालसम्म सम्पन्न गोल्डकपको संक्षिप्त विविरण

सम्पन्न मिति	सहभागी टिम संख्या	विजेता (प्रथम)	उपविजेता (द्वितीय)	उपविजेता (तृतीय)
२०६८ असोज ११ गतेदेखि २० गतेसम्म	१६	नयाँ नेपाल सरोकार समाज, ओखलढुंगा	मानेभञ्ज्याङ युवा समूह, ओखलढुंगा	सुनकोही युवा समूह, उदयपुर
२०६९ कात्तिक १३ गतेदेखि २३ गतेसम्म	२२	सिर्जना युवा क्लब, कटारी, उदयपुर	नयाँ नेपाल सरोकार समाज, ओखलढुंगा	जनहित प्राथमिक विद्यालय, ओखलढुंगा
२०७० कात्तिक १ गतेदेखि ९ गतेसम्म	२४	सुनकोशी युवा समूह घुर्मी, उदयपुर	सिर्जना युवा क्लव, कटारी, उदयपुर	ज्नहित प्राथमिक विद्यालय, ओखलढुंगा
२०७१ असोज २१ गतेदेखि २९ गतेसम्म	१८	सुनकोशी युवा समूह, घुर्मी, उदयपुर	उँबु खेलकुद विकास समूह, ओखलढुंगा	सयपत्री समर्पण युवा समूह, ओखलढुंगा
२०७२ कात्तिक ९ गतेदेखि १७ गतेसम्म	२०	हिलेपानी फुटबल क्लब, ललितपुर	सयपत्री समर्पण युवा समूह, ओखलढुंगा	त्रिवेणी युवा समूह, सिन्धुली
२०७३ चैत्र २५ गतेदेखि २०७४ बैशाख १ गतेसम्म	१८	नयाँ नेपाल सरोकार समाज, ओखलढुंगा	मानेभञ्ज्याङ युवा समूह, ओखलढुंगा	हिलेपानी फुटबल क्लब, ललितपुर
२०६८ असोज १९ गतेदेखि २७ गतेसम्म	२६	सुनकोशी युवा समूह, घुर्मी, उदयपुर	रत्नगंगा युवा क्लब, सिन्धुली	जनज्योती युवा क्लव, ओखलढुंगा

मुख्य उपलब्धिहरू

- यस खेलकुद प्रतियोगिताको थालनी एवं सञ्चालनसँगै उठाइएका बाइसी-सोक्मटार दुधकोशी झोलुङ्गेपुल, सोक्मटार सिँचाई, थुम्का सिद्धधाम पर्यटकीय पूर्वाधार विकास, लिब्जुधाम पर्यटकीय पूर्वाधार विकास, यस खेल हुने खेलकुद मैदानको

विकास लगायतका विभिन्न पूर्वाधार विकास कार्यहरू गर्न नेपाल सरकारबाट सम्बोधन भएको छ ।

- गोल्डकप कार्यक्रमको विभिन्न समय बी.पी. स्वास्थ्य विज्ञान प्रतिष्ठान धरान, पाटन हस्पिटल ललितपुर, अल्का हस्पिटल ललितपुर र सामुदायिक स्वास्थ्य केन्द्र उदयपुरको सहयोगमा निःशुल्क स्वास्थ्य शिविर सञ्चालन गरिएको छ ।
- स्थानीय तथा समग्र लोकसांस्कृतिक नाच तथा भाकाहरूको संरक्षणको लागि तिनको खोजी र 'बृहत् लोकसांस्कृतिक नाच कार्यक्रम' (तेस्रो संस्करण सम्पन्न) को रूपमा प्रस्तुत गरियो । वर्षेनी आयोजना गरिएको छ ।
- उपेन्द्रमान सिंह, सुन्दर थापा, लगायतका पूर्वराष्ट्रिय खेलाडीहरूद्वारा हरेक वर्ष फुटबल प्रशिक्षण (चौथौं पटक) प्रदान गरिएको छ ।
- महिला फुटबल प्रशिक्षण र प्रतियोगिताको पनि थालनी गरिएको छ ।
- अखिल नेपाल फुटबल संघद्वारा सञ्चालित सि डिभिजन छनौट लिग प्रतियोगितामा स्थानीय खेलाडीहरू सहभागी हुन थालेको ।
- यो एक बिच फुटबल अर्थात् बालुवामा हुने फुटबल प्रतियोगिता हो ।

मुख्य समस्याहरू

- उपयुक्त खेल मैदान नहुनु एवं विकास गर्न नसक्नु ।
- प्रतियोगिता सञ्चालनको लागि नियमित आर्थिक स्रोत नहुनु ।
- कार्यक्रमको निरन्तरता एवं सवलीकरणको लागि प्रोत्साहित गर्ने निकाय नहुनु ।
- 'खेलकुदको माध्यमबाट विकासको अभियान' भन्दै यस खेलकुद कार्यक्रम सञ्चालन गर्ने गरिएको भए तापनि खेलकुद गतिविधिहरू स्थानीय सरकारको विकास परिभाषामा नअटेको ।
- नियमित, व्यवस्थित र प्रभावकारी रूपले निरन्तर कार्यक्रम सञ्चालन गर्न सक्ने किसिमको संस्थागत/सांगठनिक संयन्त्र विकास हुन बाँकी रहेको ।
- स्थानीय गाउँ/समाजमा खेलकुदको महत्व एवं मूल्यबोध हुन बाँकी रहेको र सरकारी तह एवं सम्बन्धित निकायहरूबाट पनि स्थानीय खेलाडीहरू लेखाजोखा, मूल्याङ्कन तथा सेवा-सुरक्षा र व्यवासायिक वृत्ति विकासबारे चासो नलिइएको ।
- यस गोल्डकप मैदान दुधकोशीको बाढी वा कटानबाट जोखिममा रहेको तर विकल्पको बारेमा कोही कतैबाट पनि नसोचिएको अवस्था छ ।

निष्कर्ष

'खेलकुदको माध्यमबाट विकासको अभियान' भन्ने नाराका साथ आयोजित यस गोल्डकप सञ्चालनको करिब एक दशक अन्तरालमा समाज विकासका थुप्रै सत्प्रयासहरू भएका छन्, जुन सह्रानीय पक्ष हुन् । राज्यको पुनर्संरचना पश्चात् स्थानीय सरकारको निर्वाचनसँगै देशको शासन प्रणालीले नयाँ मोड लिएको छ । हाम्रो गाउँजस्तो कुनाकन्दरालाई सिंहदरबारले देख्दैन भन्ने अवस्था अब छैन । अब गाउँ-घरको विकासका लागि सिंहदरबारको मुख ताक्नु पर्दैन । मात्र स्थानीय तहमा विकासप्रेमी इमान्दार र जिम्मेवार नेतृत्व भए पुग्छ । त्यसैले यस गोल्डकपले अब विकासको भार बोकिरहनु पर्दैन । खेलकुदको व्यवसायिक स्तरोन्नति र गोल्डकपको सुव्यवस्थित आयोजनामा केन्द्रित हुन जरुरी छ ।

आः पापा रानाजिउ

- गगनबहादुर राई

२०७५ थोच माघ १७ गते
६३ थोचेम् उमेरल्वा
रान्चो स्वान्ह्वाम् इल्वाङ सिलाखा ब्वाचो
बाँसुरि इल्वाङ मुरलि त्वाप्चो
बिनायो इल्वाङ मचङ्गा त्वाप्सि ज्वाक्चो
रान्चो सालाङ् इल्वाङ् सिलि प्वाचे
बाक्चोजङ मुयोतिङ् र्यान्डा या रेपाच्चो
स्वाम्दिखाङु ज्वाक्चो
पुर्खाङ् रितुमबाया इल्वाङ् धर्म डाक्चो
पुर्खाङ् धर्मसे ख्वाल्बो धर्म तिम् देन्चो
आमेस् इक पहिचान तिम देन्चो
आम् च्याँमाखाआङ् क्वाल डाच्चो
परलोक दुम्मे
इम मुयो चाकुनान् ब्ल्याम् आचुस् तिकान्
इम् डाः तिम्
आः पापा रानाजिउ ।

आङ् परलोक दुम्मेइ ङ्आम्बिम दिन
पाँमाखा खुचेखुचे जोसिमेइ थि
चिकाप सोलु इल्वाङ् वार्सि म्वाम्सिमेइ थि
ङ्अ्वाम खाम्मेइ थि
इल्वाङ् तुभिउ च्वाक्बो या खाम्मेइ थि
सिउसिउ फुडिम पौमेइ थि
उङ् परै चेइबुम्मेइ स्कुलआङ् डुब्लोल्वा
आः ङ्आम्बि ङ्आम्बि फिर्चिम्वा या पौमेइ थि
आः पापा सिसि तुम्सुमाख् नौठाङ् के चिउम्
पाँमाखा खुचेखुचे जोसिमेइ
आतिमाख् आः पापा खाचेखाचे लुमेइ रै
सोलु इल्वाङ् वार्सि म्वाम्सिमेइ
आतिमाख् आ पापाङ् पिताङ्के के जार्मेइ रै
ङ्अ्वाम न्वा तुभिउ खाँमाचिमेइ
आतिमाख् आः पापा खाम्मेइ रै
फुडिम् पौमेइ आतिमाख्
आः पापा क ओसिम पौमेइ रै
फिर्चिमो पौमेइ आतिमाख्
उङ्गुलाइ के ल्वाँम है वाँतिमेइ रै
उङ्गु इम आचिउ
आः मामाख्वा या आचिक्तु

आङ् निसजन् राइचि
इल्वाङ् च्वाइमेतिचोख्वा या आचिक्बि
आङ् कुपिल्वास इमुतिस रेसिमेइ तिमाख् ह्वाला
सिस्कोको उग्गार पाइसि आहिप्ठु परलोक दुम्मे
क्वाल छिनमे व्याथाख् च्याँमाखा ब्आर्स्वाकुमे ।

आम् उमेरल्वास् आः पापा
आस दुम्मे देन्साख् उङ्गु आब्अिम्बेइ
आङ् जोरिपारि इल्वाङ सत्तुरतिचोख्वा या आब्अिम्बिमेइ
झन् आः मामाख् डा
'उन् हिक्बो आयु ब्वानुम आसेल्वाइ आसिनु' वातुमेइ
'उनुल्वाङ ङ्आम्बिस् सिउँकान' वातुमेइ
आसपाचा सामरामल्वा आब्अिम्बुन्चो दुम्चो रै
ज्वाल्चाम्वाल जेठो कान्छो दुम्चो सिचाम्वाल् आदुम्चो रै
आः पापा साम्पचाम क्वाल निस् थोचे ङ्अ्आम्बिसम्बा
ग्ल्वाकु ब्रिङ्कुल्वाम भुराल्वाङ ल्यास्साख् ख्ल्याङ्गासम्बा माङ्किम्मे
थुम्का दुम्किल्वाम थोबेङ् टुपिल्वाम स्वावा भ्वावा या माङ्किम्मे
कुडु खिरिम तुल्सुमेइ स्वारेवाङ् खुदोआङ् चाका चाका माङ्किम्मे
धानकानल्वा क्लुम्सुमेइ प्लोजा इल्वाङ् ट्वाक्सि या माङ्किम्मे
कुडुल्वाम मुयोतिङ् आक्वाल ख्वाल माङ्किम्मे
इमेल्वाङ् बडेख्वाल आङ ङ्वाबेचिबेतिङ् मामुम्मे ।

आः पापाङ कुचु आम च्याँमाखाल्वाङ् ख्वाल्बो थि
बिरै या आप्वाचो इल्वाङ आचुइ आङिच्चोइ थि
बाक्चोजङ्लाइ माया पाच्चाम् आङ त्वाम थि
रातल्वाम मसानल्वाङ् ल्यास्साख् जंगलल्वाम गुप्सो या आङिच्चो
स्वावा भ्वावाल्वाङ् ल्यास्साख् बिच्छि ब्राफु या आङिच्चो
ज्याफाल इल्वाङ् रुख उडिसिल आचुख्वाइ आचाप्चो
मुयो तिम बुडिम् चिक्सि आफ्वाचो
मुयोतिङ् आमासुरो देपाच्चो

आः पापाआङ् मुठि या अगर फ्रोचो
आङ ङ्अिल्वाम वाल्खाल्वाङ ल्यास्साख् फाफुसम्बा गामुम्मेइ बाःम
हलो च्वाक्साख् इल्वाङ ङ्वाको प्रोसाख् गामुम्मेइ बाःम
आब्वासिमेइ थोक या माल्साख् गामुम्मेइ बाःम
बाँसुरि इल्वाङ् बिनायो या च्वाक्साख् द्वाइ पौमेइ बाःम
लिमा आति,
ब्वासिमेइ आगामुम्मेइ आमै आबा ह्वाला
सिचा देन्चोतिङ् सामराम गामुम्मेइ बाःम ।

ख्याताला देन्चाल हुरुक्कै दुम्चो
डासि रक्सि तुसाख् वाल्खा ख्वार्सि हिप्तुम्वाल फुरुक्कै दुम्चो
आख्वार्तुमेइ आबा ह्वाला द्यालभोरिम मुयोनान् वाल्खा

आब्अ्वाप्तुमेइ आबा ह्वाला आन कुडुङा छाना
त्वामल्वा आमै पाप आच्वाप्चे
बाक्चोजङ्नान् त्वाम ज्याच्चे
राम्दले, सरुमा, ख्याली, लौलौ
इल्वाङ सराद सालाङ प्वाचो
मुक्तुम ब्वाचे इल्वाङ ङ्अिवा ब्वाचो
चाकुनान् लागि ङ्आँमा भागसे प्ल्याचो
आज्जेङ्से ब्रोजिवा
अगर रान्जिवा
आचुइ ठोआपाट्ठु परलोक दुम्मे
आङ् दुखाआङ योर या आस्वाट्ठु ल्वामे
सिस्कोको आः पापा रानाजिउ ।

ल्वाचाम क्वाल निस् दिन ङ्आम्बि
आः मामा वातुमेइ द्याम
'नानीङ् मामा उङ् जासितुसि आज्वाउमेइ रै
उङ त्याङ आब्लेउँ रै..'
मामाख्वा या वातुमेइ द्याम
'भाग रुप्चेस पुनुम
आक्वालै ङासि रक्सिख् आख्वानु
त्याङ इम ङासि रक्सिख्वास ल्यान्तिम क्वालदिन..'
आम डा उङ्गुइ चिउमेइ
आक्वाल हो आक्वाल उङ्गुइ वाउमेइ
त्यासो मामा न्वा उङ्गुन् वान्चुमेइ ब्अ्वार्दिम ।

आमास् देकाने आः लागि
क्वाल किताब तिम आः पापा
क्वाल चेइजिवा तिम आः पापा
आङ्गुख् चेइयाँतिमेइ बाःम
विश्वविद्यालयख्वा आचेइयाँतिमेइ ङ्अिवा
आङ्गुख्वास् जोपाँतिमेइ बाःम
प्रोफेसरख्वा जोआपाउँम्मेइ योर
आङ्गुख्वास चेइयाँतिमेइ तिम
सालाङ इल्वाङ् कविता र्याक्सि
सुखा इल्वाङ् दुखाल्वा र्यान्डा र्यासि
आसपाचा,
उङगुख् रान्चोम पामेइ आहिप्ठु परलोक् दुम्मे
उङ्गुइ क्वाल चेइजिवा आदुम्थु भाना दुम्मे
आः पापा रानाजिउ
त्वामलोकल्वा ब्रोसाख् बाक्सि हिप्तुकान
क्वालनौ ज्वाल्सिवाल्वा उङ्गु आङ राइचिस दुमुँकान ।

थाच्चुमसें पाङ्तिम

- उदय जिज्ञासु राई

थाच्चुमसें पाँतिम
खाउमो खासिल कभेरि पानुमेइ
जाउमातिङ् न्वा ज्वाह्वारि सालाङल्वा ग्लानुमेइ
वाम्बुले वासिम पाइनुल थाकेसार राइनुमेइ
आक्वाल क्वाचाम उति उतिस राइनुमेइ
आज्ज्याँसे थाच्चुमसें पाँतिम !

कावातिच्वान ह्यालेले क्यालेले या आप्वाचो
थ्यापुसार राक्पा हाचो मुयो या आदाक्चो
चाकुम मुयोतिङ् क्याचेक क्याचेक आराक्चो
कुलि क्वाचा आसेल्वाया कुम्बिरख्वा आखाक्चो
ब्भिम्बे थाच्चुमसें पाँतिम !

इः सिलस्वाभाउ सुमाराँखा आचुया आव्वाइसि
आरान्चो पुच्चा इ योर आसेल्वाइ आठ्वाइसि
उनुङ योर आक्वाल स्वाइए आसेल्वाइ आख्वाइसि
उनु हिम्सिवा चाकु मुयो आसेल्वाइ आक्वाइसि
ब्भिम्बे उङ थाच्चुमसें पाँतिम !

सोल्याम किंसाख् योर स्वानुल
खिसिखिसि र्यान्डा र्यासेइ योर स्वानुल
ब्रोचो त्वामल्वा ग्रोचो सालाङ ब्वानुल
आमालति उनु फ्वासि आफ्वानुल
ब्भिम्सेइ ल्वाँम थाच्चुमसें पाँतिम !

ह्वाम्बा राक्चो फोःदम्कि भिम्जेपप्याङ्
आमह्वाम्बा गुस्ठेप सुमप्लया सामापाफुप्याङ्
ह्वाम्सेला ह्वाइमा ज्याफाल ग्वान्ठोप्याङ्
इल्वाङ ब्भाट्टोसिं चरेंसि रिफिमप्याङ्
थाथाच्चुमसें पाँतिम !

रामदले सालमाया चाकुम सालाङ पानुम थि
थ्वाचो मुयोतिच्वाँ त्वाम ताँताँसे प्रेपादुम थि
त्वामगोत्नाल्वाङसे थाम्से थाम्से लुपादुम थि
द्यालपाङ राइजुम पादुम त्वामज्वाम ब्रोपादुम थि
आक्वाल ब्भिम्बुए थाथाच्चुमसें पाँतिम !

उनु डा मल्याक्कैसे य्वाम साम्नुम
थाथामस्याला इःखाँमा द्याम हाम्नुम
इः ब्भिम्ताल इः ङ्आख्वाल कोकोब्रेम पाइसि
माल्चो मुयों त्वाम सिमसिम फाइसिम
उनु त्याँस क्वाल ब्भिम्ताङ दुम्नुम
ब्भिम्बे थाच्चुमसें पाँतिम !

आम त्वाम आब्रोचो

- तोसेल बोबो

ब्भिम्मुन्चो मुयोख् आब्भिम्बिल्वा
आदिम्बुम्चो मुयोख् दिम्बिल्वा
आम त्वाम आब्रोचो
आः त्वामन्वाम स्याङ्मे
उनु तिनुमेइ तिवाँ
उङ्गु ग्ल्वाकु स्याङ्मे
उनु ब्रिङ्कु तिनुमेइ तिवाँ
लिब्जु भुम्जुङ फ्याम्टोल्वा
आम सामराम (जिन्दकि) सर्गा थि
क्वायोङ सोल्याम थि
क्यायास सुरिम थि
आः त्वामल्वा उनुङ थि
थाल्वा ल्वाउइ आः ब्भिम्ताल्वा ब्लानुमेइ थि
ब्लवाँकाब्ल्वाँका आः ब्भिसिल्वा उनुङ थि
गदौरि न्वा खिक्तिरिम
दुब्लो ढिकल्वा ब्वाइम थि
खुम्चा थाल्वा गुन्द्रि थाल्वा
उनुङ ब्भिम्ताल्वा डप्परि
डुम्माल्वाय आमेलुङ थि
क्याम्खो आचिउ, काकुङ्आख्वा आसिउँ
याक्सि आस लुइ
खुर्सानि आस लुइ
उनु ब्भिम्निमाल्वा आः त्वाम जिजि लुम थि ।

आमस्याम ङाबु हिब्बेइ बाःम

- अञ्चल जाबा

खै आस्याङ टि ? इक वाम्बुले राडु टोट्ला
खाक्वाडिक्वा ङाबु हिब्लि डिँम ङ्याम
रुङग्याम फेटि ठाल्वाइ आजुप्ठु आख्राप्ठु
फ्लवास्वाम ढाग्वाक् आः ट्वाम गिप्लि डिँम ङ्याम
ह्वाना आस्याङ आस डुम्किमेइ टि ङ्यान्सेइ
सुब्लेइ डुम्चाम लामङा डिन खिप्लि डिँम ङ्याम ।

इम आः ङाबुल्वा खाक्चिलुपा न्वा रिनाखाख्वा
हुख्चामसम् हुउचिम बुर्चामसम् बुरउँचिम ङ्याम
उन वाम्बुले राडु आस्याङ आसपुनिमेइ ङ्यान्सेइ
आम्सि आम्सि पिटुप् पिटुप्ख्वाङ आठुरउँचि ङ्याम ।

हना आमा योर खासि ख्लिकुमाख्वा उङक्वा
आम्से सार्वा बुरइचिया वास्साख् चेलापाःम ङ्याम
आन्चुक रितुमबाया टुरिङ्यान्डि साम्चा रानिम
स्वाम्डिखाडु या फाटाप्चा रानिम वाउँचिम बाःम ङ्याम ।

उङ ब्लान्चुक्वेइ रसमल्वाम जामा युल्सा क्याल्साख्वा
मुइच्वा खाजाबुजा फुरिडुरि आजुनि वाउँचिम ङ्याम
बजारल्वा खै आमाम्जाटि क्यामिकलङा मुइबिमेइ
बियर रक्सि टुनिम वास्सेइ ज्याक्वा पाउँचिम ङ्याम ।

उनटिच्वा ङ्याल प्ल्यासाख् बानिम बिहे पाइनिम
नुनु ब्वानिम, स्कुलल्वा मैपुनिम ठिक्कास पुनिम
तर कुडुल्वाइ इक योर आचेइनि बाजि न्वा अंग्रेजि योरङा
सुनिम पुनिम, आमस्याङ पुनिङ मासेइ डुम्निम
वास्साख्वा हुउँचिम बुरउँचिम ङ्याम ।

रातभोरि
खै आस्याङ टि ? इक वाम्बुले राडु टोट्ला
खाक्वा डिक्वा ङाबु हिप्लि डिँम ङ्याम
इस्टिमाख्वा ट्याँ राडुमापाटिच्वा जुम्कान्या
बाक्चोजट् ओःब्अिन्या सप्पैस्या खुम्पुकान्या
इन पुर्खा सुम्डिसालाक पाम्मेइ सप्पै
रितुमबाया टुरिङ्यान्डि ज्याङकान्या
योर रितुमबायातिङ् ज्याङकान्या
स्वाम्डिखाडु ज्याङकान्या
आज्यान्नि आपार्निङ्वा सुरुवा डुम्निम
टुम्लुवा डुम्निम वास्सेइ
अर्ठि पाउँचिम बाःम ।

आः कावा-२

- सुमन जाबा

आः कावा
चाप्तुमेल्वाङ् आम्से
आङ उमेरख्वा ड्वाक्तुमेङ्भोरि भर्ति माल्सुम्
तिवाइँ थामेइ गल्लाख्वा आडाक्बि
साउरआँ स्वास्वा
जासि टुसिँ स्वास्वा
बैंसो ह्याल्मे
तर आः कावा भर्ति आडुम् ।

ब्ओकुलाल्वाम् पुर्ने जातुर
टोस्याल सर्घाल्वा वाख्वा आराइसि
टोस्याल छेउल्वा क्वालः सोरु
पिलपिल-पिलपिलपौ
इम रात आः कावाख्वा
फोकुलल्वाम् रिबे कान्छि प्र्वाक्तुम्
रिबे कान्छिन्वा टाःघ्लाम्पुचाल
आः कावाख्वा सप्पै आँ दुखा मातुम् ।

द्यालल्वाम दुखा इमेस्दा तिम्
घाँस रिक्चाम, हलो ख्वार्चाम्
पाखारेखा ब्अिर्चाम्
जाचाम् पाइचाम् रहर
र्वाक्सो ब्लाच्चाम ल्आम् ठाम्सेलाइ आवा
टोस्यालस्याङ ज्वाक्चो रिबेकान्छिङ कुलि
कुकस्यालख्वा सुम्सै ल्वाम्

भानाम देस ल्वाच्वातिच्वा कुडु ब्लाम्मे
लाहुरेतिच्वा छुट्टिल ब्लाम्मे
आन जासिवा टुसिवास क्वालनौ
आन स्वासिवा बाक्सिवास क्वालनौ
पुर्ने जातुर फेरि ब्लाइह्याम्
रिबे कान्छि जातुर डिसि आबिसि
कावाख्वा चेल पातुम्-
'उन जातुर आस्याङ आडिच्वा ?'
रिबे कान्छिख्वा वातुम्-
'कावाटिच्वाङ खाचिल्वा क्र्वाडिवा डुम्फु आडिउँ..'

चिकाब नौठाङ
आः कावाख्वा या द्याल प्ल्याचाम ब्अिम्ता पाइसिम्
फुरिस्याङ ज्वाक्चो डेबे प्ल्यासाख्वा
ट्वामाचिन्चि चिम्सै
पिताङ्खे आट्वाँचालाइ गुम्सो क्रास्सै
ब्अिसिख्वा तिर्सुम्सम्
द्यालपट्टि हिसै क्वासै
आः कावाख्वा डाँडा लाक्तुम् ।

ड्अिकुम

- झरना वाम्बुले राई

ड्अिकुम पाङाब त्याँसो
आः मामा पापाख्वा
ब्अिम्डुचिम्मे स्याम्दा ।
दसैल्वा बुब्ज्वाम टिका बाइसाख्वा
निख्खो आसिक टाक्चाम
कुरुमि मुक्तुमि कुर्साख्
क्वाच्वाङ कुडु या दिचाम ।

ड्अिकुम पाङाब त्याँसो
आः दिदि न्वा बैनिन्वा
ब्अिम्मुङचिम्मे स्याम्दा
मखमलि फुरि, साइपत्रि फुरि
कुपिभोरि बुब्ज्वाम, लामाचिम, वावामज्वा
रिताबेङ लाल्वाम भाइटिका बाइसाख्वा
निख्खो आसिक या ताक्चाम ।

ड्अिकुम पाङाब त्याँसो
आः ओः ब्अिनेतिङ्ख्वा ब्अिम्डुम्मे स्याम्दा
बाँसुरि, मादल ट्वाप्साख्वा
देउसिरे या वाच्चाम
राम्दले सालाङल्वा
जोहोरि या पाचाम ।

ड्अिकुम पाङाब त्याँसो
आः कुडुख्वा ब्अिम्डाब स्याम्दा
हालुँमें इम लामख्वा
ब्अिम्डाब स्याम्दा
चाम्दो पामुम्चो इम
डाडाँ, पाखा फलैचाख्वा या
निख्खो ब्अिम्डुम्मे स्याम्दा
उङ्गुख्वा या निख्खो
ब्अिम्बुम्में बाःम
आः ब्अिसि डेरिल्वा
च्वाप्ति च्वाब्बुम्में बाःम ।

'लिब्जु-भुम्जु पुरस्कार' कवि गगनलाई

काठमाडौं । वाम्बुले राई साहित्य प्रकाशनले २०७५ सालको 'लिब्जु-भुम्जु पुरस्कार' कवि गगनबहादुर राईलाई प्रदान गर्ने निर्णय गरेको छ । यो पुरस्कार वाम्बुले राई भाषाको 'लिब्जु-भुम्जु' (इक लिब्जु-भुम्जु) त्रैमासिक पत्रिकामा वर्षभरि छापिएका कवितामध्ये सर्वोत्कृष्ट एक रचनालाई प्रदान गरिदैआएको छ । कोशकार अविनाथ राईको संयोकत्वमा गठित पुरस्कार छनोट समितिले यो निर्णय गरेको हो ।

२०५० सालदेखि प्रकाशित त्रैमासिक पत्रिका 'लिब्जु-भुम्जु' त्रैमासिक (इक लिब्जु-भुम्जु) पूर्णाङ्क ७४, २०७५ साउन-असोज (किरात येले संवत् ३७९७/सन् २०१८) मा प्रकाशित 'साइला बाँसुरि त्वाप्ता' (साइला बाँसुरी बजाऊ) शीर्षक कविता छनोट भएको हो । यस कविताले किराती वाम्बुले राई सामाजिक लोक जनजीवन, परम्परागत मूल्यमान्यता, चालचलनमा तन्नेरी पुरुष र नारीबीचको माया प्रेमको चर्चा रहेको छ । महिलाले बजाउँने बिनायो बाजा, जुन बाजा प्रेमी पुरुषले चिनो दिएको हुन्छ । पुरुषले बजाउने बाँसुरी बाजा, प्रेमिका नारीले दिने गर्दछन् । प्रेमी र प्रेमिकाको प्रतीक बाँसुरी र बिनायो बाजालाई कलात्मक र आलंकारिक ढंगले जिन्दगीको सार बनाउँने कवितामा अभिव्यक्त गरिएको छ ।

ओखलढुंगाको मानेभन्ज्याङ गाउँपालिका वडा नं.६ हिलेपानी गाउँमा २०४६ वैशाख ३ गते जन्मिनु भएका कवि गगन राई '१८औं वाम्बुले राई भाषाको कविता गोष्ठी-२०७३' मा प्रथम पुरस्कारका विजेता कवि हुन् । एक सचेत वाम्बुले मातृभाषी स्रष्टा हुन् । उनी वाम्बुले मातृभाषा र खस-नेपाली भाषाका लेखक हुन् भने अंग्रेजी साहित्यमा स्नातकोत्तर हासिल गरेको हुनाले यसमा अंग्रेजी भाषामा समेत ज्ञान राख्छन् । कवि गगनले वाम्बुले मातृभाषा र नेपाली साहित्यमा रचना गरेका कविता, गजल संग्रह प्रकाशोन्मुख छन् ।

यो पुरस्कार मातृभाषा संरक्षण अभियानमा जुटेका स्रष्टाहरूका निम्ति नेपाल टेलिभिजनमा कार्यरत पत्रकार तथा गीतकार पुष्पहरि क्याम्पाराईले 'लिब्जु-भुम्जु' पत्रिकाको नाममा २०५५ सालमा स्थापना गर्नु भएको हो । क्याम्पाराईले आफ्नो सिर्जना गीत, साहित्यबाट हासिल गर्नु भएको पारिश्रमिक तथा पुरस्कारबाट 'लिब्जुभुम्जु पुरस्कार' प्रदान गरिदैआएको र हाल लिब्जुभुम्जु अक्षयकोष निर्माण गरिएको छ ।

पुरस्कारको राशि पाँच हजार रुपैयाँ र सम्मान प्रमाणपत्र रहेको छ । उक्त पुरस्कार २०७६ मंसिर २० गते हुने '२१औं वाम्बुले राई भाषाको कविता गोष्ठी' समारोहमा प्रदान गरिने छ ।

यो पुरस्कारबाट हालसम्म कविहरु विरही विमल, शुभचन्द्र राई 'सुवास', रजन सुबुकु, दुर्गा बैरागी राई, प्रमोद दीनदुःखी राई, प्रकाशहरि क्याम्पाराई, बिद्रोही साहिला, भुवन गुर्भा राई 'आँसु' र शुभराज राई (काजी), धिरेन्द्र रुम्दाली, बिर्जमान राई, कुम्भराज राई, रामकुमार राई (आङ्गुस), झरना वाम्बुले राई, अन्चल जाबा राई, अप्सन क्याम्पा र सुमन राई सम्मानित हुनु भएको छ ।

व्याकुल माइलासहित ३ जनालाई प्रदेश १ सरकारद्वारा सम्मान

संघीय नेपाल प्रदेश नं.१ सरकारले चौथो संविधान दिवस २०७६ को अवसरमा तीन व्यक्तित्व सम्मान गरेको छ। सम्मान पाउनेमा राष्ट्रिय गानका रचनाकार व्याकुल माइला (प्रदीपकुमार राई), २४ पटक सगरमाथा आरोहण गर्ने कामीरिता शेर्पा र म्याराथन धाविका मीरा राई हुनुहुन्छ। विराटनगरको शहीद रंगशालामा आयोजित समारोहमा प्रदेश १ प्रमुख प्रा.डा. गोविन्दबहादुर तुम्बाहाङले जनही ५ लाख रुपैयाँ नगदसहित सम्मानपत्र प्रदान गर्नुभएको हो।

त्यसअवसरमा मुख्य मन्त्री शेरधन राईले नेपालको संविधान (२०७२) राष्ट्र निर्माणको बलियो आधार भएको र सोही बमोजिम सहकार्य तथा सहअस्तित्वलाई अंगीकार गरी शासन सञ्चालन भइरहेको बताउनुभयो। समारोहअघि नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी, नेपाल स्काउट, सगरमाथा टिन्स क्लब, राष्ट्रसेवक कर्मचारी, विभिन्न संघसंस्थाका प्रतिनिधि, उद्योगी, व्यापारी, नागरिक समाज र सञ्चारकर्मी सम्मिलित ऱ्यालीले नगर परिक्रमा गरेको थियो। सभामा सूर्यदल गणका साथै विभिन्न जात जातिका झाँकी, लाखेनाच, परम्परागत वेषभूषा प्रदर्शन गरेका थिए।

वाम्रास उदयपुरमा नयाा कार्यसमिति

मनबहादुर राईको नेतृत्वमा वाम्बुले राई समाज (वाम्रास) उदयपुर जिल्ला कार्यसमिति उदयपुर नयाँ कार्यसमिति गठन भएको छ। २०७६ वैशाख १८ गते सम्पन्न तेस्रो जिल्ला अधिवेशनले उक्त कार्यसमिति चयन गरेको हो। निवर्तमान अध्यक्ष शुभराज राई (काजी)को अध्यक्षता रहेको सम्मेलनमा संस्थापक अध्यक्ष रामबहादुर राईलाई सम्मान गरिएको थियो। वाम्रास केन्द्रीय सचिव रामकुमार राईको प्रमुख आतिथ्यमा कार्यक्रम सम्पन्न भएको थियो।

वाम्बुले पहिरन लिब्जु कलेक्सन

ललितपुर । किरात वाम्बुले राईहरुको सांस्कृतिक पहिचानलाई लिएर 'लिब्जु कलेक्सन'को यही २०७६ असार १२ गतेबाट शुभारम्भ भएको छ । ललितपुरको महालक्ष्मी नगरपालिका वडा नं.१ इमाडोल कृष्णमन्दिरसँगै उक्त कलेक्सन केन्द्र रहेको छ ।

किरात वाम्बुले राईहरुको उत्पत्ति थलो ओखलढुंगा जिल्ला दक्षिण मानेभन्ज्याङ गाउँपालिका वडा नं.२ र ३ को शिरमा रहेको पहाडको नाम लिब्जु हो । लिब्जु वाम्बुले राईको कुलदेवता हुन् । जसलाई लिब्जु उपो भन्दछन् । यही देवस्थलको नामबाट वाम्बुले सांस्कृतिक पहिरन बजारिकरण गर्ने उद्देश्यले 'लिब्जु कलेक्सन' स्थापना गरिएको प्रबन्धक मोतीलाल राईले जनाउनु भएको छ । 'अबदेखि वाम्बुले राईहरुको परम्परागत पहिरनहरु एकै ठाउँमा पाउने स्थलका रुपमा लिब्जु कलेक्सन सुरु गरेका हौं,' संचालक सदस्य देश राईले भन्नुहुन्छ, 'ओखलढुंगाको उँबु, वाक्सा, रिनुवाल, हिलेपान, उदयपुरलगायत गाउँमा परम्परागत तानसाँचोमा बुनेको खाँडीको कपडा संकलन गर्दैछौं ।

विशेष गरी वाम्बुले टोपीलाई अनुरोध गरेरै बुन्न लगाएका छौं । मफलर, झोला, गुन्यु, चोली सबै सबै वाम्बुले दिदीबहिनी, आमाहरुले बुन्नु हुन्छ । यसको बजारिकरण थालेका हौं ।' यहाँ जन्मदेखि मृत्यु पर्यन्तसम्म प्रयोग हुने सांस्कृतिक सामग्रीहरु राखिएका छन् । 'वाम्बुले समुदाय र अन्य किरात जातिले प्रयोग गर्ने सांस्कृतिक पोशाक, गरगहनाहरु, हातहतियारहरु छन्,' संचालक सीताकुमारी राईले भन्नुभयो, 'अबदेखि देश, विदेशमा जो जसलाई मनपर्छ अर्डरअनुसार उपलब्ध गराउने छौं ।' चाँदीका चारानी, आठानी हारी, कम्पनी माला, काँडेचुरा, सुनलगायत गरगहना रहेका छन् ।

'इक लिब्जु-भुम्जु' ३ सार्वजनिक

लिब्जु कलेक्सन उद्घाटन समारोहमा 'इक लिब्जु-भुम्जु' त्रैमासिक पत्रिका वर्ष ५, अंक ३, २०७५ समेत सार्वजनिक गरिएको छ । प्रतिनिधि सभाका सांसद यज्ञराज सुनुवार, वरिष्ठ पत्रकार गजुरधन राई, मोडेल चाँदनी राई, सिंगापुर पुलिस फोर्सका पूर्व इनस्पेक्टर भुवनसिंह राई, अर्जुन राई र मोलीलाल राईले सो पत्रिका सार्वजनिक गर्नुभएको हो । वाम्बुले राई भाषा र संस्कृति विशेष यो पत्रिका २०५० सालदेखि प्रकाशित 'लिब्जु-भुम्जु' पत्रिकाको निरन्तर ७५औं संस्करण हो । यो पत्रिकाले वाम्बुले राई भाषा, साहित्य, किरात लिपि, संस्कृति, इतिहासलगायत किरात जातिको संस्कृतिको प्रवर्द्धन तथा दस्तावेजीकरण गर्न महत्वपूर्ण भूमिका निर्वाह गरेको छ ।

लिब्जु-भुम्जु पत्रिका अक्षयकोषको विवरण

वाम्बुले राई साहित्य प्रकाशनमार्फत् वि.सं. २०५० सालमा 'लिब्जु-भुम्जु' त्रिभाषीय त्रैमासिक पत्रिका प्रकाशन हुँदैआएको सबैलाई स्मरण गराउन चाहन्छौं । २०७५ साल वैशाख-असारसम्म २५ वर्षमा 'लिब्जु-भुम्जु' जम्मा ७३ र त्यसैको निरन्तरता 'इक लिब्जु-भुम्जु' त्रैमासिक पाँचौं अंक (२०७६ वैशाख-असोज संयुक्त) तपाईको हातमा छ । पत्रिकालाई निरन्तर दीर्घकालसम्म प्रकाशन हुनुपर्छ भन्ने अग्रज बुद्धिजीवि, शुभचिन्तक महानुभावहरुबाट सल्लाह, सुझावअनुसार 'लिब्जु-भुम्जु पत्रिका अक्षयकोष व्यवस्थापन समिति' गठन गरी सहयोग लिने काम भइरहेको छ । न्यूनतम रु.५०००/- सहयोग गर्नु हुने दाताको नामावली रकमसहित निरन्तर रुपमा दोहोऱ्याएर पत्रिकामा प्रकाशन गरिदै आएको छ । हालसम्म निम्न महानुभावहरुबाट आर्थिक सहयोग प्राप्त भएको व्यहोरा सबैलाई जानकारी गराउन चाहन्छौं ।

लिब्जु-भुम्जु पत्रिका अक्षयकोष दाताको नामावली

सि.नं.	नाम र ठेगाना	रकम (रु.)	कैफियत
१.	श्री जीवन हाताचो राई मानेभन्ज्याङ-३, ओखलढुंगा	१५,०००/-	चुक्ता
२.	श्री प्रताप राई कटारी-४, उदयपुर	२५,०००/-	चुक्ता
३.	श्री शुभराज राई (काजी) मानेभन्ज्याङ-५, ओखलढुंगा	५,०००/-	चुक्ता
४.	श्री हिलेपानी सेवा समाज दक्षिण कोरिया (पचुराम राईमार्फत्)	१८,०००/	चुक्ता
५.	श्री पुष्पहरि क्याम्पाराई (लिब्जु-भुम्जु पुरस्कार संस्थापक)	२०,०००/	चुक्ता
६.	श्री मन्जुल याक्थुम्बा/श्रीमती बिमला निङलेखु, ललितपुर-१४, तिखेदेवल	१०,०००/-	चुक्ता
७.	प्रा.डा. नोवलकिशोर राई, धोबिघाट, ललितपुर	१०,००५/-	चुक्ता
८.	श्री भिमल राई मानेभन्ज्याङ-३, ओखलढुंगा हाल-युके	१०,०००/-	चुक्ता
९.	डा. नेत्रमणि दुमिराई-सरिता कोयु राई माक्पा-६ खोटाङ, हाल- काठमाडौं	५,५५५/-	चुक्ता
१०.	श्री कर्मराज राई, उँबु-१, ओखलढुंगा हाल- युक	२०,०००/-	चुक्ता
११.	श्री श्यामकुमार राई, छिनामखु, भोजपुर हाल-अमेरिका	१०,०००/-	चुक्ता
१२.	श्री नरदेवी रुपाबुङ-तिर्थराज मुकारुङ राई, दिल्पाभामला, माझकिरात, भोजपुर	६,०००/-	चुक्ता

१३.	श्री अप्सन क्याम्पा, मानेभन्ज्याङ-३ फोकुल, ओखलढुंगा हाल- इण्डिया	५,००५/-	चुक्ता
१४.	श्री दिपकर राई उँबु-४ क्लेटापुम, ओखलढुंगा - हाल- धरान-१९, सुनसरी	२५,०५१/-	चुक्ता
१५.	श्री सीताकुमारी राई, उँबु, तार्कोम, हाल- ल.पु.-१४ ताल्चिखेल	५,५००/-	चुक्ता
१६.	श्री जितेन राई-शान्तिदेवी राई, हाल- ललितपुर १४, कुसुन्ती	१०,०२०/-	चुक्ता
१७.	श्री रेवती थापामगर मानेभन्ज्याङ-४, ओखलढुंगा हाल- सिंगापुर	५,०००/-	चुक्ता
१८.	श्री मनकुमार राई केतुके, ओखलढुंगा हाल- युके	५०,१००/-	चुक्ता
१९.	श्री भुवनसिंह राईउँबु, ओखलढुंगा, महालक्ष्मी नपा-१, ललितपुर	५,१२५/-	चुक्ता
२०.	श्री पदम राई-सुजाता चाम्लिङ हतुवागढी गापा-२, भोजपुर हाल-लपु	५,००६/-	चुक्ता
२१	श्री लबु राई उँबु, ओलढुंगा हाल- न्युजिल्याण्ड	१०,०००/-	चुक्ता
२२.	श्री नरेश राई कटारी, उदयपुर, हाल- युके	२६,६५६/-	चुक्ता
२३.	श्री रेवन राई उँबु सिम्काकु, ओखलढुंगा हाल- युके	५६,४०८/-	चुक्ता
२४.	श्री विकास सौगात र गणेश राई मानेभन्ज्याङ, ओखलढुंगा	१३,५००/-	चुक्ता
२५.	श्री गणेश राई (साहित्यकार) हाल- बेलायत	५०,५५०/-	चुक्ता
२६.	श्री हिराकाजी राई मानेभन्ज्याङ-३, ओखलढुंगा हाल- युके	११,०००/-	चुक्ता
२७.	श्री संग्राम-शोभाकुमारी राई मानेभन्ज्याङ-६, ओखलढुंगा	१०,०००/-	चुक्ता
२८.	श्री शुभचन्द्र राई मानेभन्ज्याङ-६, ओखलढुंगा	११,१११/-	चुक्ता
	जम्मा	**४५४,५९२/-**	

यो ऐतिहासिक कार्यमा तपाई र तपाईको परिवारको तर्फबाट अक्षयकोष निर्माणमा सहयोग गरिदिनु हुन हार्दिक अनुरोध गर्दछौं । लिब्जु-भुम्जु पत्रिका अक्षयकोष निर्माण समिति